सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ वैशाख २०८३, बुधबार (15 Apr 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कांग्रेसको 'जरा अभियान' देउवा समूहले गऱ्यो बहिष्कार



(विस्तृत पृष्ठ ३)

इरान युद्धले सिकाएको पाठ



युद्धमा विजय अब गति वा प्रारम्भिक प्रभुत्वबाट नभई सहनशीलता, अनुकूलनशीलता र जटिल वातावरणभित्र सञ्चालन गर्ने क्षमताले परिभाषित हुनेछ

(विस्तृत पृष्ठ ५)

■ इन्धनको मूल्यवृद्धि र अभावको असर

पूर्वाधार निर्माण सुस्त, लागत वृद्धि



जेन-जी आन्दोलन, असोजको बाढी, बजेट कटौती र चुनावले प्रभावित निर्माणकार्य अब भने द्रुत गतिमा अघि बढ्ने अपेक्षा थियो, तर इन्धन, बिटुमिन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धि र त्यसको अभावले परियोजनाको निर्माण प्रभावित

(विस्तृत पृष्ठ ६)

विपक्षीका एजेन्डा पनि सरकारको नीतिमा

संसद्मा प्रतिनिधित्व गर्ने ६ दलका चुनावी घोषणापत्रलाई समेत समेटेर सरकारले तयार पारेको 'राष्ट्रिय प्रतिबद्धता'को मस्यौदामा नेपाललाई पाँच वर्षभित्र मध्यम आय भएको मुलुक बनाउने लक्ष्य

● **देवराज चालिसे**, प्रवक्ता, कांग्रेस



हामीकहाँ समस्या भनेकै कार्यान्वयनको हो। घोषणा कार्यान्वयनमा पक्षपात, निर्दलीय अभ्यास, कानुनको अपव्याख्या गरी पूर्वाग्रह र प्रतिशोध राखिए सरकारमाथि गम्भीर प्रश्न उठ्छ।

● **गुरु बराल**, एमाले नेता



प्रधानमन्त्रीले संसद्मै प्रतिबद्धता राखेर राष्ट्रिय सहमतिका लागि अपिल गर्नुपर्थ्यो। तर, संसद् स्थगित भएपछि सस्तो लोकप्रियताका लागि स्टन्ट गर्न ब्याकडोरबाट ल्याउनु उचित भएन।

● **आरेन राई**, महासचिव, श्रम संस्कृति



सरकारले गर्ने राम्रो काममा हाम्रो पार्टीको सधैँ साथ रहन्छ। गलत काम गऱ्यो भने हाम्रो साथ रहँदैन। सरकारको योजना लागू हुन्छ कि हुँदैन भन्ने प्रश्न जनताको छ। हामी जनतासँगै छौं।

● **मोहन श्रेष्ठ**, प्रवक्ता, राप्रपा



निषेधको राजनीति सदाका लागि अन्त्य गर्न सबै पक्ष अटाउने शासकीय स्वरूप स्थापना गर्न राप्रपाले अघि सारेको नवीन समझदारीको प्रस्तावलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्थ्यो।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

सरकारले १८ बुँदे 'राष्ट्रिय प्रतिबद्धता' सार्वजनिक गर्दै राष्ट्रिय दलहरूसँग सुझाव मागेको छ। सय दिनमा गर्ने सय वाचासहितका प्रतिबद्धतापछि सरकारले राष्ट्रिय दलका चुनावी घोषणापत्रका

» पृष्ठ २ मा क्रमशः

■ राष्ट्रिय प्रतिबद्धतामा सुधारका लागि प्रस्तावित १८ क्षेत्र

१ सुशासन तथा भ्रष्टाचार नियन्त्रण

- ०४६ पछि सार्वजनिक पदमा बसेका व्यक्तिको सम्पत्ति छानबिन
- मन्त्रिपरिषद्ले गर्ने नीतिगत निर्णयको स्पष्ट परिभाषा
- भ्रष्टाचारसम्बन्धी सूचना दिनेलाई कानुन बनाएरै संरक्षण
- राजनीतिक र प्रशासनिक नेतृत्वको कार्यक्षेत्र र अधिकार स्पष्ट गर्ने
- सार्वजनिक सेवा राजनीतिक दबाबबाट मुक्त र निष्पक्ष
- कर्मचारीको दलीय आबद्धता अन्त्य गर्न नीतिगत र कानुनी प्रबन्ध
- सरकारी सेवाभित्रका दलीय ट्रेड युनियन खारेज
- सार्वजनिक सेवा प्रवाहमा सबै प्रकारका भ्रष्टाचार नियन्त्रण
- राष्ट्रिय सतर्कता केन्द्र अधिकारसम्पन्न

२ आर्थिक क्षेत्रमा स्थायित्व र सुधार

- उदार अर्थनीति, सार्वजनिक शिक्षा, स्वास्थ्य, यातायात तथा सामाजिक सुरक्षामार्फत राष्ट्रिय आयको समतामूलक पुनर्वितरणको सन्तुलनसहित समग्र विकासको आधार तयार
- समावेशी आर्थिक वृद्धिका लागि उत्पादनमुखी क्षेत्रको विस्तार गरी श्रमको न्यूनतम जीवनयोग्य मूल्य सुनिश्चित
- आर्थिक विकासमा बाधक रहेका तथा असान्दर्भिक कानुन संशोधन तथा नयाँ कानुन निर्माण गरी व्यावसायिक वातावरणमा सुधार
- पाँच वर्षभित्र औसत आर्थिक वृद्धिदर ७ प्रतिशत, प्रतिव्यक्ति आय तीन हजार डलर र कुल गार्हस्थ्य उत्पादन सय अर्बनजिक
- उद्योग दर्तादेखि नवीकरणसम्ममा सबै डिजिटल प्रणाली
- पाँच वर्षमा बहुआयामिक गरिबीको दर १० प्रतिशतमा झार्ने
- श्रम र श्रमदानको व्यावहारिक अध्ययन गरी जनसंख्यालाई जनशक्तिका रूपमा रूपान्तरण गर्ने
- वैदेशिक लगानीकर्ताका लागि लगानीमैत्री कानुनको निर्माण
- नेपाललाई ग्रे लिस्टबाट मुक्त गर्न वित्तीय पारदर्शिता र कानुनको प्रभावकारी कार्यान्वयन
- पुँजीबजार पारदर्शी, सुरक्षित र लगानीमैत्री बनाउन नियामक सुधार, प्रविधिमैत्री कारोबार तथा लगानीकर्ता संयन्त्र सुदृढ गर्ने, साना स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताको आकर्षण बढाउने

३ कृषि पेसाको सम्मान र आत्मनिर्भरता

- कृषि उपजमा आत्मनिर्भर हुन नीतिगत, कानुनी र भन्सार सुधार
- कृषि उद्यम तथा उद्योगलाई प्राथमिकतासहित कर छुट, भन्सार सहुलियत र लगानी प्रोत्साहनका उपाय अवलम्बन
- कृषि पेसालाई सम्मानजनक र सुरक्षित बनाउन किसान क्रेडिट कार्ड, बिमा र सहुलियत ऋण, साना किसानलाई कृषि उपजमा अनुदान
- रासायनिक मल आवश्यकताको तथ्यांक अद्यावधिक गरी क्यालेन्डर बनाएर खरिद, बिक्री र वितरण गरी अव्यवस्थामा सुधार
- हरेक स्थानीय तहमा सामुदायिक बिउ बैंक स्थापना
- हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्गआसपास व्यावसायिक कृषि-खाद्य प्रशोधन करिडोर बनाएर फलफूल र बिरुवा रोप्ने अभियान
- पाँच वर्षभित्र थप तीन लाख हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्न आयोजना समयमै सम्पन्न गर्ने

४ शिक्षा तथा स्वास्थ्य

- आधारभूत तहसम्म स्थानीय मातृभाषामा शिक्षा तथा विद्यालयमा नैतिक शिक्षासम्बन्धी पठनपाठनको व्यवस्था
- सरकारी र सामुदायिक विद्यालयमा आवश्यक लगानी
- शिक्षकको कार्यसम्पादन विद्यार्थीको सिकाइसँग जोडिने
- सरकारी विद्यालयको गुणस्तर सुधार गर्न हरेक प्रदेशमा एक अत्याधुनिक नमुना समावेशी विद्यालय, जीवनोपयोगी शिक्षा पद्धति
- हप्तामा चार दिन उत्पादन, निर्माण, आविष्कार, खेलकुद, संगीत, कला र साहित्य विषयमा व्यक्तिगत उन्नयन र देश विकासका लागि व्यावहारिक श्रमशिक्षा र क्रियाकलापमा लगानी
- उच्च शिक्षा प्रतिस्पर्धी, अनुसन्धानमुखी तथा रोजगारउन्मुख बनाउन विश्वविद्यालयहरूको पुनर्संरचना
- शिक्षक तथा प्राध्यापकहरूको राजनीतिक आबद्धता पूर्ण निषेध, साथै विश्वविद्यालय र विद्यालय दलीय राजनीतिक गतिविधिबाट मुक्त
- जलनपीडितलाई निःशुल्क र गुणस्तरीय उपचार तथा स्वास्थ्य सेवा
- ज्येष्ठ नागरिक तथा अशक्त नागरिकको घरदैलोमा स्वास्थ्य सेवा

» पृष्ठ २ मा क्रमशः

सम्पत्ति छानबिन समिति गठनमा अलमलियो सरकार

१५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने भनेको थियो, १८ दिन नाघिसक्दा पनि बनेन

सुवास भट्ट/नयाँ पत्रिका

सरकार गठनको पहिलो दिनमै बसेको मन्त्रिपरिषद् बैठकले १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने निर्णय गरेको थियो। तर, १८औँ दिन बितिसक्दा पनि समिति गठन गर्न सकेको छैन।

मन्त्रिपरिषद्बाट १३ चैतमा स्वीकृत भएको शासकीय सुधारसम्बन्धी सय कार्यसूचीमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणसम्बन्धी ४३औँ बुँदामा यस्तो समिति गठन गर्ने उल्लेख थियो। बुँदामा भनिएको थियो, 'देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहने गरी १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने।'

खासगरी राज्यको लाभका पदमा बसेका उच्च राजनीतिक र प्रशासनिक पदाधिकारीको आर्थिक पारदर्शितामाथि लामो समयदेखि प्रश्न उठ्दै आएको छ। उच्चपदस्थहरूले पदको दुरुपयोग गरी गैरकानुनी गतिविधिमार्फत अकुत सम्पत्ति आर्जन गरेको भन्दै छानबिनका लागि आयोग गठन गर्नुपर्ने माग पटक-पटक उठ्दै आएको थियो। त्यसैले, लाभका पदमा बसेका व्यक्तिको सम्पत्ति छानबिनका लागि समिति गठन गर्ने निर्णय गरिएको सरकारले जनाएको थियो। तर, सरकार अलमलिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक सहसचिवका अनुसार सम्पत्ति छानबिन समिति

» पृष्ठ २ मा क्रमशः

मन्त्रीहरूका लागि भाडाको घर खोज्दै सहरी विकास मन्त्रालय

६ मन्त्री मात्रै सरकारी क्वार्टरमा, अन्यलाई अपुग



जेन-जी आन्दोलनमा आगजनी भएपछि क्षतिग्रस्त भैंसीपाटीस्थित मन्त्री क्वार्टर, जहाँ एउटा भवन मात्रै जोगिएको छ।

● हाल भैंसेपाटीस्थित क्वार्टरमा भौतिक पूर्वाधार, यातायात तथा सहरी विकासमन्त्री सुनील लम्साल छन्। त्यस्तै, पुल्चोकस्थित ६ वटा क्वार्टरमा गृहमन्त्री सुधन गुरुङ, शिक्षामन्त्री सस्मित पोखरेल, कानुनमन्त्री सोविता गौतम, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ र स्वास्थ्यमन्त्री निशा मेहता बसेका छन्। त्यस्तै, पर्यटनमन्त्री खडकराज पौडेललाई पनि पुल्चोकमा सार्ने तयारी गरिएको छ। हाल त्यहाँ सर्वोच्चका १३ जना न्यायाधीश बस्छन्। तर, यहाँ अन्य मन्त्रीका लागि ठाउँ खाली छैन।

शिवहरि घिमिरे/नयाँ पत्रिका

नयाँ मन्त्रीहरूका लागि सरकारी क्वार्टर अपुग भएपछि सहरी विकास मन्त्रालयले भाडाका घर खोज्न थालेको छ। क्वार्टर अपुग भएपछि सात मन्त्री आफ्नै तरिकाले बसेका छन्। उनीहरूका लागि मन्त्रालयले भाडाका घर खोज्न थालेको हो।

भैंसेपाटीको क्वार्टर पुनर्निर्माण नहुँदासम्म मन्त्रालयले सरकारी भवन तथा निजी भवनमा क्वार्टरको व्यवस्था गर्नेछ।

अर्थमन्त्री स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, सञ्चारमन्त्री विक्रम तिमिल्सिना, सामान्य प्रशासनमन्त्री प्रतिभा रावल, महिला तथा बालबालिकामन्त्री सीता बादी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादव, कृषिमन्त्री गीता चौधरी र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादव आ-आफ्नै तरिकाले बसेका छन्। उनीहरूका लागि मन्त्रालयले क्वार्टर खोज्न थालेको हो।

निवासको आफैं व्यवस्थापन गरेका मन्त्रीहरूले क्वार्टर व्यवस्थापन गरिदिन अनुरोध गरेपछि मन्त्रालयले भाडाकै घरमा भए पनि राख्ने तयारी गरेको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका प्रमुख चक्रवर्ती कण्ठले बताए। 'अहिले ६ जना मन्त्रीज्यू मात्रै सरकारी क्वार्टरमा हुनुहुन्छ, एकजना सर्ने तयारीमा हुनुहुन्छ। अन्य मन्त्रीज्यूहरू आ-आफ्नै तरिकाले बस्नुभएको छ, उहाँहरूलाई भाडाको घर खोजिरहेका छौं,'

» पृष्ठ २ मा क्रमशः

दक्षिणी सीमामा थप २२ सय सशस्त्र प्रहरी परिचालन

सीमामा यसअघि ६ हजार पाँच सय सशस्त्र प्रहरी खटिएकामा अब आठ हजार सात सय पुगे



काठमाडौं/ सीमा सुरक्षा र सीमावर्ती अपराध नियन्त्रणका लागि भारतसँगको सीमानाकामा थप दुई हजार २०० सशस्त्र प्रहरी खटाइएको छ। गृह मन्त्रालयको

» पृष्ठ २ मा क्रमशः

'सम्धी'लाई तालिममा पठाउने निर्देशक रिजालको चलखेल असफल

'सम्धी' रोशन कोइरालाको बुधबार क्वालालम्पुर उड्ने तालिका रद्द, उनको ठाउँमा पालो पर्खिरहेका पाइलट प्रचण्ड श्रेष्ठ जाने



क्याप्टेन सुवास रिजाल

नयाँ पत्रिका

नेपाल वायुसेवा निगमका अपरेसन विभागका निर्देशक क्याप्टेन सुवास रिजालको आफ्ना सम्धी रोशन कोइरालालाई चलखेल गरी तालिममा विदेश पठाउने प्रयास असफल भएको छ। उनको ठाउँमा स्वाभाविक रूपमा पालो पर्खिरहेका प्रचण्ड श्रेष्ठ जाने

» पृष्ठ २ मा क्रमशः

ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
Tokha-5, Basundhara, KTM, Tel: 01-4954537
Website: www.ishanhospital.com.np
ISO 9001:2015



१. आकस्मिक सेवा : २४से घण्टा विशेषज्ञहरुबाट नवजात तथा बालरोग, नवजात तथा बालशल्य, स्त्री तथा प्रसुति, हाड जोर्नी तथा अन्य सेवाहरु।

२. ओ.पि.डी. : वर्षभरी हप्ताको सातै दिन बरिष्ठ विशेषज्ञरुद्वारा बिहान ७:०० बजेदेखि बेलुका ८:०० बजेसम्म सञ्चालनमा रहेको।

३. खोप सेवा : हरेक दिन शनिबार सहित सबै प्रकारका निजी र सरकारी (सोमबार र बिहीबार) खोप लगाईन्छ।

विस्तृत जानकारीका लागि : ०१-४९५९६०/९८४६९९१६६९ मा सम्पर्क गर्नुहोला

हाम्रा सेवाहरू

२४ घण्टे सेवाहरू :
- पेडियाट्रिसियनहरूद्वारा आकस्मिक सेवा
- नवजात, बाल तथा किशोर शल्यक्रिया
- सघन उपचार कक्ष (एन.आई.सि.यु/पि.आई.सि.यु/एच.डि.यू)
- नवजात शिशु तथा किशोर उपचार
- स्त्रीरोग तथा गर्भवती सम्बन्धी सम्पूर्ण सेवाहरू
- बाल हाडजोर्नी जाँच तथा शल्यक्रिया
- प्याथोलोजी
- रेडियोलोजी
- एम्बुलेन्स
- फार्मेसी
- क्यूफेटेरिया

रेगुलर सेवाहरू :
- खोप सेवा
- इन्डोस्कोपी
- जेनरल बाल जाँच
- बाल ल्यापरोस्कोपिक शल्यक्रिया
- नवजात शिशु तथा किशोर शल्यक्रिया
- बच्चाको पोलेको उपचार ईकाई
- ग्यास्ट्रो तथा गाईनो ल्यापरोस्कोपिक शल्यक्रिया
- नवजात शिशु तथा किशोर उपचार
- होम भिजिट

ओ.पी.डी (हरेक दिन बिहान ७ देखि बेलुका ८ बजे सम्म)
- बाल हेमाटोलोजी र क्यान्सर उपचार
- बाल बोनम्यारो प्रत्यारोपण एकाइ
- बाल ग्यास्ट्रो इन्टेरोलोजी तथा इन्डोस्कोपी
- बाल कार्डियोलोजी
- बाल नेफ्रोलोजी
- बाल प्लमोनोलोजी
- शिशु तथा बाल मानसिक रोग
- बाल न्यूरोलोजी
- बाल न्यूरो डेवलपमेंट
- बाल आँखा उपचार तथा शल्यक्रिया
- बाल नाक, कान, घाँटी उपचार तथा शल्यक्रिया
- स्त्रीरोग तथा गर्भवती सम्पूर्ण उपचार
- निसन्तान क्लिनिक
- परिवार नियोजन
- ब्लड बैंक
- रेडियोलोजी
- आधुनिक सि.टी स्क्यान
- 4D भिडियो एक्सरे/TVS , कलर डप्लर, ई.सी.जी., ई.ई.जी., ईकोकार्डियोग्राफी
- प्याथोलोजी
- फिजियोथेरापी
- आँखा जाँच
- पोषण क्लिनिक
- परामर्श क्लिनिक
- स्तनपान कक्ष
- खेलकुद कक्ष
- गिफ्ट सप

सबै उमेरका लागि सेवाहरू :
- इन्डोस्कोपी
- जेनरल चेकअप
- दन्त जाँच तथा शल्यक्रिया
- हाडजोर्नी जाँच तथा शल्यक्रिया
- जेनरल, ग्यास्ट्रो तथा ल्यापरोस्कोपिक शल्यक्रिया
- युरोलोजी शल्यक्रिया
- आँखा उपचार तथा शल्यक्रिया
- नाक, कान, घाँटी उपचार तथा शल्यक्रिया
- छाला तथा यौन रोग उपचार
- जेनरल मेडिसिन र चेष्ट मेडिसिन
- फिजियोथेरापी र पुनर्स्थापना केन्द्र
- मानसिक रोग तथा परामर्श सेवा

हार्दिक बधाई तथा शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा देश तथा विदेशमा रहनुभएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामनाका साथै नयाँपत्रिका राष्ट्रिय दैनिक १९ वर्ष पूरा गरी २०औँ वर्ष प्रवेश गरेको अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



सेन्ट्रल फाईनान्स लिमिटेड २९ वर्ष पूरा गरी
३० औं वर्षमा प्रवेश गरेको
सु-अवसरमा यस संस्थाको प्रगतिमा उल्लेख्य योगदान पुऱ्याउनु हुने नियामक निकायहरू, शेयरधनी महानुभावहरू, ग्राहक वर्गहरू तथा शुभेच्छुक महानुभावहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।
आगामी वर्षहरूमा पनि अझ उत्कृष्ट सेवाको प्रण गर्दै
नव वर्ष २०८३ को
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

कर्पोरेट कार्यालय:
कुपण्डोल, ललितपुर, फोन: ०१-५९७०००५, E-mail: info@centralfinance.com.np, URL: www.centralfinance.com.np

शाखा कार्यालयहरू:
कुपण्डोल: फोन: ०१-५९७०००५, चावहिल: फोन: ४४६०६२४, नारायणगढ: फोन: ०५६-५७०९४५, बुटवल: फोन: ०७१-५३०३५१, भक्तपुर: फोन: ०१-६६१८४७१, बर्दिबास: फोन: ०४४-५५०७३४, बर्दघाट: फोन: ०७८-५८०८१०, सिमरा: फोन: ०५३-५२००९५, मिमान: फोन: ०४७-४९००४२, गोंगबु: फोन: ०१-४३८२९३०, सल्लाघारी एक्सटेन्सन: फोन: ०१-६६१९६७२, लालबन्दी: फोन: ०४६-५०१७६३, ढकाहा: मोवाइल: ९८१७८३३७१३, जनकपुर: फोन: ०४१-५९०४३६, इटहरी: फोन: ०२५-५९०१९६, बिर्तामोड: फोन: ०२३-५९०९५८, भैरहवा: फोन: ०७१-५९०१९१, विराटनगर: फोन: ०२१-५९०८१६, चन्द्रपुर: फोन: ०५५-५९०००५

www.centralfinance.com.np

राष्ट्रिय प्रतिबद्धतामा...

पृष्ठ १ बाट क्रमशः

- ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विशेष प्राथमिकताका साथ विस्तार
- प्राथमिक स्वास्थ्य केन्द्रमा एक एमडिजिपी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा
- गरिब, मजदुर, किसान, अपांगता भएकाका लागि बिमा या निःशुल्क उपचार
- अनिवार्य श्रम गर्नेलाई निःशुल्क स्वास्थ्य सेवा
- ०८८ सम्म स्वास्थ्य क्षेत्रको बजेट ८ प्रतिशत
- स्वास्थ्य बिमा कार्यक्रम प्रत्येक नागरिकको पहुँचमा
- एक नागरिक एक डिजिटल स्वास्थ्यको फाइल लागू
- 'म स्वस्थ, मेरो परिवार स्वस्थ' अभियान सञ्चालन

५ रोजगारी

- नेपालमै बसेर विदेशी कम्पनीमा काम गर्ने गरी रिमोट वर्क, डिजिटल रोजगारी तथा सीमापार सेवा निर्यातलाई बढावा
- रोजगारी बढाउन बृहत् अभियान सञ्चालन
- पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना
- परम्परागत सिपको आधुनिकीकरण र ब्रान्डिङ गरी आधुनिक प्रविधि र ठुला उद्योगसँग जोड्ने
- सबैलाई श्रम संस्कृतिसँग जोडेर अनिवार्य श्रम गराउने
- श्रम बजारलाई ठगी र ज्याला बक्यौता र श्रम शोषण अन्त्य गर्न श्रम बजार सुधार कार्यक्रम लागू
- विद्यालय तहदेखि नै कोडिङ, डेटा, कृत्रिम बुद्धिमत्ता तथा साइबर सुरक्षाजस्ता सिपहरू पाठ्यक्रममा समावेश
- कामका लागि सिप अनिवार्य गर्न राष्ट्रिय सिप विकास अभियान सञ्चालन
- वैदेशिक रोजगार शैक्षिक बनाई उनीहरूको आप्रवासी श्रमिकको अधिकार र सुरक्षाको प्रत्याभूति
- वैदेशिक रोजगारीबाट फर्किएकाको सिप र पुँजी स्वदेशको विकासमा जोड्ने कार्यक्रम
- रेमिट्यान्सलाई सुरक्षित लगानीमा रूपान्तरण गर्न इन्जिनियरिङ परामर्श र प्राविधिक सहयोग

६ पर्यटन तथा नागरिक उड्डयन

- गुणस्तरीय पर्यटनको आधार तयार गरी पाँच वर्षभित्र प्रतिव्यक्ति खर्च दोब्बर, पर्यटनमा नयाँ 'इकोसिस्टम' तयार
- सन् २०२७ राष्ट्रिय आरोग्य वर्ष बनाई पर्यटन विकास
- नयाँ हिमाल खुला गरेर आरोहण प्रवर्द्धन
- पोखरा र भैरहवा विमानस्थल पूर्ण क्षमतामा सञ्चालन

७ खानी तथा खनिज

- खानी तथा खनिज प्राधिकरण स्थापना, वातावरण विनाश नहुने गरी ढुंगा, गिट्टी र बालुवाको उत्खनन गरी आन्तरिक उपयोग र निर्यात

८ ऊर्जा विकास तथा उपयोग

- आगामी दशकमा ३० हजार मेगावाट विद्युत्जडित क्षमताको लक्ष्य हासिल, बुढीगण्डकी र दुधकोशीजस्ता आयोजनाको निर्माण
- भारत र बंगलादेशसँग ऊर्जा व्यापार, हरित ऊर्जा प्रयोग र निर्यात गर्ने मुलुकका रूपमा विकास

९ पूर्वाधार विकास

- आयोजनाको वर्गीकरण र कार्यान्वयनमा अन्तरनिकाय समन्वय
- आयोजना सम्पन्न नभएसम्म आयोजना प्रमुख र कर्मचारीको सरुवा नगर्ने
- राष्ट्रिय विकास लक्ष्यसँग मेल खाने आयोजना मात्र कार्यान्वयन
- राजमार्ग, जलमार्ग र विमानस्थललाई आबद्ध गरी एकीकृत मल्टिमोडल ट्रान्सपोर्ट सिस्टमको विकास
- अन्तर्राष्ट्रिय व्यापारमा जलमार्गको पहुँच स्थापित
- यातायात मर्यादित तथा दुर्घटनारहित बनाउन स्रोतसाधन, प्रविधि र तालिममा ध्यान

१० वन, वातावरण तथा जलवायु परिवर्तन

- वन क्षेत्रको दिगो व्यवस्थापनका लागि आधुनिक प्रविधि तथा डिजिटल प्रणालीको प्रयोग
- वातावरण संरक्षण गर्न हरित अर्थतन्त्रको प्रवर्द्धन
- डढेलो उच्च सतर्कता केन्द्र स्थापना गरी ड्रोन र स्याटेलाइट प्रविधिमार्फत रियल टाइम निगरानी
- वनजन्य काठको सहज उपभोग र बिक्रीमार्फत विदेशबाट हुने काठको आयात घटाउने
- सबै नागरिकलाई पिउने पानीको सुनिश्चितता
- वायु प्रदूषणलाई विश्व स्वास्थ्य संस्थाको मापदण्डभित्र ल्याउन बहुपक्षीय योजना लागू
- पूर्वाधार निर्माणसम्बन्धी झन्झटिला प्रक्रिया, कानुन र कार्यविधिहरू सरलीकृत
- विश्वव्यापी जलवायु कोषबाट नेपालले पाउनुपर्ने क्षतिपूर्ति र अनुदान प्राप्त गर्न उच्चस्तरीय कूटनीति पैरवी

११ विपत् व्यवस्थापन

- नेपाल विपत् जोखिमको बहुआयामिक अवस्थामा रहेको हुँदा पूर्वतयारीमुखी सुरक्षा नीति अवलम्बन
- विपत् जोखिम न्यून गर्ने प्रभावकारी, समावेशी र उत्तरदायी विपत् व्यवस्थापन प्रणाली निर्माण
- विकास आयोजना निर्माण गर्दा विपत्जन्य जोखिम र त्यसका व्यवस्थापनमा ध्यान
- प्राकृतिक विपत्बाट हुने जनधनको नोक्सानी कम गर्न एआइको प्रयोग, डिजिटल पूर्वसूचना प्रणाली

१२ प्रशासनिक सुधार तथा सेवा प्रवाह

- संघीय मन्त्रालयको संख्या १७ कायम
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अन्तरमन्त्रालय समन्वय, जलवायु परिवर्तन, ठुलो आयोजनाको प्रत्यक्ष अनुगमन गर्ने नतिजा केन्द्रमा रूपान्तरण
- राष्ट्रिय योजना आयोगलाई तथ्यांक र अनुगमनमा केन्द्रित थिंकट्यांक ढाँचामा लैजाने र नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचना गर्ने
- प्रतिस्पर्धामा आधारित सार्वजनिक प्रशासनको पुनर्संरचना गर्न उच्चस्तरीय प्रशासन संरचना पुनरवलोकन आयोग गठन
- पाँच वर्षभित्र सरकारी सेवामा २५ प्रतिशत नयाँ र सक्षम जनशक्ति
- कार्यसम्पादन सूचकांक, मूल्यांकन, पदोन्नति र वृत्तिविकासको व्यवस्थासहित निजामती सेवासम्बन्धी कानुन जारी
- भत्तालगायत असंगत अतिरिक्त सुविधाको सट्टा आधारभूत वेतनको उचित, नियमित र समयसापेक्ष परिमार्जन
- सेवा लिन कार्यालय धाउनुपर्ने, मध्यस्थ र कर्मचारीसँग प्रत्यक्ष भेट गर्नुपर्ने तथा अनावश्यक हैरानी अन्त्य
- सार्वजनिक सेवाप्रवाहमा टाइमकार्ड लागू

१३ विद्युतीय सुशासन तथा प्रविधि

- सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीति उद्योगका रूपमा घोषणा र आइटी प्रवर्द्धन बोर्ड गठन
- सरकारी र सार्वजनिक प्रयोजनका लागि आवश्यक सफ्टवेयर र एप्लिकेसन नेपालमै विकास गर्ने नीतिगत सुधार
- पाँच वर्षभित्र कृत्रिम बौद्धिकता र कम्प्युटेसन शक्ति निर्यात गर्ने देशका रूपमा नेपाललाई रूपान्तरण
- नेपाली आइटी कम्पनीहरूलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन 'फ्रम नेपाल टु दी वर्ल्ड' अभियानमुखी कार्यक्रम
- सूचना प्रविधि कम्पनीलाई कर सहुलियत
- आविष्कार केन्द्र खोल्ने र आविष्कारहरूको बजारीकरण गर्ने कार्यलाई प्राथमिकता

१४ सामाजिक न्याय तथा समावेशीकरण

- संरचनागत विभेदको अन्त्यका लागि अझ ठोस कानुनी नीतिगत र संस्थागत सुधार
- सरकारी र सार्वजनिक निकायहरूमा समावेशी सहभागिताको प्रभावकारिता जाँच्न समावेशी अडिट
- दलित समुदायलाई समानुपातिक समावेशीकरणका अतिरिक्त विशेष सुविधा उपलब्ध
- अपांगता भएका नागरिकको सर्वांगिण विकास र हकहितका लागि विशिष्टीकृत राष्ट्रिय निकाय गठन
- अपांगता भएका, अशक्त, असहाय, उत्पीडित, सीमान्तकृत समुदाय र टुहुरा बालबालिकालाई शिक्षा, स्वास्थ्य र हेरचाहको व्यवस्था गर्न स्याहार केन्द्र स्थापना

१५ अन्तर्राष्ट्रिय कूटनीति र परराष्ट्र सम्बन्ध

- बदलिँदो वैश्विक भू-राजनीति र छिमेकीहरूको उदयलाई नेपालको
- 'सन्तुलित र गतिशील कूटनीति' अवलम्बन
- नेपालका कूटनीतिक नियोगहरूका काम, सक्रियता र नतिजा मापन गर्न परफर्मेन्स अडिट प्रणाली
- नेपाललाई 'बफर स्टेट'बाट 'भाइब्रेन्ट ब्रिज'का रूपमा रूपान्तरण गरी विश्वमञ्चमा स्थापित गर्ने
- सम्पूर्ण कूटनीतिको केन्द्रमा 'नेपाल प्रथम, नेपाली प्रथम'को अवधारणा आत्मसात्
- वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारको हकहित, सुरक्षा र सामाजिक सुरक्षाका लागि अन्तर्राष्ट्रिय समुदायसँग समन्वय

१६ सहकारी तथा लघुवित्त

- सहकारी तथा लघुवित्तको अनियन्त्रित र फितलो नियमन विस्थापित गरी राष्ट्र बैंकको प्रत्यक्ष र शक्तिशाली सुपरिवेक्षण प्रणालीभित्र ल्याउने
- सहकारी र लघुवित्तलाई कर्जा सूचना केन्द्रसँग आबद्ध गरी वास्तविक क्षमताका आधारमा मात्र कर्जा प्रवाह
- सहकारी बचतकर्ताको कमाइ सुरक्षित गर्न एकीकृत बचत सुरक्षा कोष स्थापना गरी संकटग्रस्त संस्थाका बचतकर्तालाई प्राथमिकताका आधारमा भुक्तानी दिने
- मिटरब्याज र अनुचित लेनदेन आर्थिक अपराधका रूपमा परिभाषित गरी विगतका सबै तमसुक र कपाली तमसुकहरूको न्यायिक छानबिन
- मिटरब्याज र लघुवित्तका कारण मानसिक र शारीरिक यातना भोगेका पीडितका लागि स्थानीय तहमा निःशुल्क कानुनी सहायता र मनोसामाजिक परामर्श

१७ खेलकुद

- खेलकुदलाई राष्ट्रिय एकता, मानव विकास, राष्ट्रिय गौरव र आर्थिक समृद्धिको मेरुदण्डका रूपमा विकास
- सातै प्रदेशमा अत्याधुनिक र पूर्ण पहुँचयुक्त पूर्वाधारहरूको निर्माण
- खेल प्रशासनमा राजनीतिक नियुक्ति पूर्ण खारेज गरी पेसागत नेतृत्व र पारदर्शी बजेट व्यवस्था
- त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार अपग्रेड
- क्रिकेट कूटनीतिमार्फत अन्तर्राष्ट्रिय छवि सुधार र कूटनीतिक सम्बन्ध विस्तार
- नेपाललाई दक्षिण एसियाको खेलकुद हबमा स्थापित
- खेलाडी खेलबाट पलायन हुनुपर्ने अवस्थाको अन्त्य गर्न नियमित लिग, उचित पारिश्रमिक र पुरस्कार राशि समयमै पाउने व्यवस्था

१८ नेपाली डायस्पोराको ज्ञान, सिप र पुँजीको उपयोग

- संवैधानिक र कानुनी व्यवस्था गरी गैरआवासीय नेपालीको नागरिकताको निरन्तरता, पैतृक सम्पत्ति र मतदानको अधिकार सुनिश्चित
- विदेशमा रहेका नेपालीको ज्ञान, सिप र अनुभवलाई ब्रेन गेनका रूपमा प्रयोग
- पूर्वाधार विकास र निर्यातमूलक उद्योगमा लगानी गर्न वार्षिक एक खर्बको डायस्पोरा बन्ड जारी
- ठुलो बसोबास भएका नेपालीसँग दोहोरो कर प्रणाली अन्त्य गर्न द्विपक्षीय सम्झौता
- पहिलो पुस्ताका डायस्पोराका लागि सेवा निवृत्तपछि मातृभूमि फर्कौं भन्ने प्याकेज

सम्पत्ति छानबिन...

पृष्ठ १ बाट क्रमशः

गठन गर्ने विषयमा केही छलफल भए पनि टुंगोमा पुगिएको छैन। समितिमा रहने व्यक्तिहरूका बारेमा आन्तरिक छलफल भएको उनको भनाइ छ। 'समितिमा ल्याउने व्यक्तिहरूको पहिचानको काम भइरहेको छ। छानबिनको मोडालिटीमा पनि गृहकार्य भइरहेको छ,' उनले भने।

अधिकारसम्पन्न सम्पत्ति छानबिन समितिले पहिलो चरणमा ०६२/६३ देखि चालू आर्थिक वर्ष ०८२/८३ सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण तथा छानबिन गर्नेछ। त्यस्तै, दोस्रो चरणमा ०४८ देखि ०६१/६२ सम्म सार्वजनिक पद धारण गरेका सोही प्रकृतिका पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने सरकारको कार्यसूचीमा उल्लेख छ। छानबिन प्रक्रियालाई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा सञ्चालन गर्ने तथा समितिले पेस गरेको प्रतिवेदन तथा सिफारिसहरू सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने पनि कार्यसूचीमा छ।

गठन गर्ने भनिएको समितिमा कानुन, अर्थ, राजस्व तथा अनुसन्धान क्षेत्रका विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधिहरू समावेश गर्ने कार्यसूचीले नै स्पष्ट पारेको छ। समितिका लागि आवश्यक कानुनी तथा प्राविधिक संयन्त्र विकास गरी सम्पूर्ण प्रक्रिया पारदर्शी र नतिजामुखी हुने सुनिश्चित गर्ने कार्यसूचीमा छ। समितिलाई आवश्यक कागजात, विवरण तथा अभिलेख संकलन, विश्लेषण तथा सिफारिस गर्नेलगायतका अधिकार प्रदान गर्ने भनिएको छ।

प्रमुख ६ राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धताअनुसार तयार गरेर मंगलबार सरकारले सार्वजनिक गरेको 'राष्ट्रिय प्रतिबद्धता'मा पनि सम्पत्ति छानबिन समिति बनाउनेबारे उल्लेख छ। त्यसको बुँदा नं. १० मा सुशासन तथा भ्रष्टाचार नियन्त्रणबारे प्रतिबद्धता छ। भनिएको छ, '०४६ पछि सार्वजनिक पदमा आसीन व्यक्तिको सम्पत्ति पारदर्शी र कानुनी प्रक्रियाअनुसार छानबिन गरिनेछ।'

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : चौराहा धनगढी, कैलाली
फोन नं.: ०९१-४१७३०१/०७

को

शाखा कार्यालय चौराहा धनगढी, कैलालीको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०१/०२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय चौराहा धनगढी, कैलालीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा साझेदारी ऐन, २०२० बमोजिम मितिः २०७३/१२/२५ मा दर्ता नं. १८९/७३/०७४ कायम भई दर्ता भएको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ४ स्थित बसन्त क्लासिक अटोमोवाइल्स

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. धर्मानन्द भट्टको नाति, देवी दत्त भट्टको छोरा, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको भुवनचन्द्र भट्ट (ना.प्र.प.नं. ५७८००८७८, कञ्चनपुर)
२. गुमानन्द भट्टको नाति, उमापति भट्टको छोरा, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको दुर्गा दत्त भट्ट (ना.प्र.प.नं. ५७८००४०९, कञ्चनपुर)
३. उमापति भट्टको बुहारी, दुर्गा दत्त भट्टको पत्नि, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको बिना भट्ट (ना.प्र.प.नं. ७५-०१-७७-०१७०६, कञ्चनपुर)
४. धर्मानन्द भट्टको बुहारी, देवी दत्त भट्टको पत्नि, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको मानमती भट्ट (ना.प्र.प.नं. ६७१०२०/२०९९, कैलाली)
५. देवी दत्त भट्टको बुहारी, भुवन चन्द्र भट्टको पत्नि, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको पार्वती कुमारी भट्ट (ना.प्र.प.नं. ७५१००१/९७२३, कञ्चनपुर)
६. गुमानन्द भट्टको नाति, धर्मानन्द भट्टको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर गा.वि.स./उ.म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको देबी दत्त भट्ट (ना.प्र.प.नं.५७७८६२८६, कञ्चनपुर)

धितोमा रहेको सम्पतिको विवरण

१. मानमती भट्टको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ४ स्थित कित्ता नं. ७ को क्षेत्रफल १७०.०० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. देवी दत्त भट्टको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ४ स्थित कित्ता नं. २२ को क्षेत्रफल १९१.०० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. पार्वती कुमारी भट्टको नाममा मालपोत कार्यालय बेलौरी, कन्चनपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको कन्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. १०७८ को जम्मा क्षेत्रफल ५०७९.४५ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८३/०१/०२ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय चौराहा धनगढी, कैलालीबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८३/०१/०८ गते मंगलबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय चौराहा धनगढी, कैलालीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाधि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८३/०१/०९ गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय चौराहा धनगढी, कैलालीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय चौराहा धनगढी, कैलालीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय चौराहा धनगढी, कैलालीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

सरकारको नीतिमा...

पृष्ठ १ बाट क्रमशः

विषयसमेत समेटेर १८ बुँदे प्रतिबद्धता सार्वजनिक गरेको हो। सरकारले कामको प्राथमिकता र मार्गचित्र प्रस्तुत गरिएको प्रतिबद्धतामाथि १० वैशाखभित्र सुझाव दिन संसद्मा प्रतिनिधित्व गर्ने ६ राष्ट्रिय दललाई अनुरोधसमेत गरेको छ। तर, सरकारले संसदीय अभ्यास र मान्यतालाई नै चुनौती दिने गरी संवैधानिक र संसदीय प्रक्रिया मिचेर कार्यक्रम ल्याएको भन्दै कतिपय प्रतिपक्षी दलले आपत्ति जनाएका छन्।

'राष्ट्रिय प्रतिबद्धता'को मस्यौदामा आगामी पाँच वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने लक्ष्य राखिएको छ। यसका लागि औसत सात प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने, प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर पुर्‍याउने र कुल गार्हस्थ उत्पादनलाई करिब एक सय अर्ब डलरनजिक लैजाने योजना अघि सारिएको छ। त्यस्तै, कर प्रणाली सुधार गर्दै १० वर्षसम्म करदर स्थिर राख्ने र डिजिटल अर्थतन्त्रलाई प्राथमिकता दिनेजस्ता विषय समेटिएका छन्।

भ्रष्टाचार नियन्त्रणका लागि शून्य सहनशीलताको नीति अवलम्बन गर्दै ०४६ पछि सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने तथा सूचना दिने व्यक्तिलाई संरक्षण गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। त्यस्तै, सरकारी सेवाभित्र दलीय ट्रेड युनियन खारेज गर्ने, निजामती सेवामा दलीय प्रभाव अन्त्य गर्ने र नियुक्तिमा योग्यता प्रणाली लागू गर्ने प्रतिबद्धता पनि समेटिएको छ।

माध्यमिक तहसम्मको शिक्षालाई सर्वसुलभ र निःशुल्क बनाउँदै लैजाने, कृषि क्षेत्रमा किसान क्रेडिट कार्ड, योगदानमा आधारित किसान पेन्सन र बाँझो जमिन चक्लाबन्दी गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ। पर्यटन क्षेत्र सुधार गर्दै पाँच वर्षभित्र पर्यटकको औसत खर्च दोब्बर बनाउने तथा सन् २०२७ लाई 'राष्ट्रिय आरोग्य वर्ष'का रूपमा मनाउनेजस्ता विषय कार्यक्रममा समेटिएका छन्। ऊर्जा क्षेत्रमा आगामी दशकमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित बुढीगण्डकी र दुधकोशीजस्ता जलाशययुक्त ठुला आयोजनालाई प्राथमिकता दिने कार्यक्रमले समेटेको छ।

सरकारको 'राष्ट्रिय प्रतिबद्धता'प्रति प्रतिपक्षी दलहरूले विभिन्न प्रतिक्रिया दिएका छन्। कांग्रेस प्रवक्ता देवराज चालिसे प्रतिबद्धताभन्दा प्रक्रिया र कार्यान्वयन महत्त्वपूर्ण भएको बताउँछन्।

'राष्ट्रिय हित, सुशासन, भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाहजस्ता एजेन्डा त सबै दलको साझा एजेन्डा नै हो। जुनसुकै दल सरकारमा आए पनि यी काम गर्ने प्रतिबद्धता जनाएरै घोषणा गर्ने गर्छन्। उनीहरूले स्रोतसाधनको अधिकतम परिचालन गरेर देश र जनताको समृद्धिकै लक्ष्य राखेका हुन्छन्,' उनले भने, 'तर, हामीकहाँ अहिलेसम्मको समस्या भनेकै कार्यान्वयनको हो। जनताले पनि घोषणा र प्रतिबद्धता कार्यान्वयनको अपेक्षा गरिरहेका हुन्छन्। तर, घोषणा जे गरे पनि कार्यान्वयनमा पक्षपात, संवैधानिक प्रक्रिया नमानी निर्दलीय अभ्यास, कानुनको अपव्याख्या गरी पूर्वाग्रह र प्रतिशोध राखियो भने सरकारमाथि गम्भीर प्रश्न उठ्छ, आलोचना र असन्तुष्टि पनि बढ्छ।'

अर्को प्रतिपक्षी एमालेले सरकारको प्रतिबद्धता संवैधानिक र संसदीय पद्धति मिचेर स्टन्टका लागि ल्याइएको आरोप लगाएको छ। 'राज्य सञ्चालन संवैधानिक र विधिसम्मत प्रक्रियाबाट हुन्छ। प्रधानमन्त्रीले संसद्बाट जनतासामु राष्ट्रिय प्रतिबद्धता व्यक्त गर्ने हाम्रो संसदीय पद्धति हो। प्रधानमन्त्रीले संसद्मै प्रतिबद्धता राखेर राष्ट्रिय सहमतिका लागि अपिल गर्नुपर्थ्यो। तर, संसद् स्थगित भएपछि ब्याकडोर (पर्दा पछाडि)बाट ल्याउनु उचित भएन,' एमाले नेता गुरु बरालले भने, 'संवैधानिक प्रक्रिया, विधिसम्मत रूपमा गरिने काम, संवादमा मात्र हाम्रो साथ रहन्छ। सस्तो लोकप्रियताका लागि स्टन्टबाज गर्नकै लागि ल्याइएको हो भने त हाम्रो भन्नु केही छैन।'

नेकपा नेता देव गुरुङले सरकारले सर्वजनिक गरेको 'राष्ट्रिय प्रतिबद्धता'बारे अनभिज्ञता जनाए। 'हामीलाई केही पनि थाहा छैन, उहाँहरूले के ल्याउनुभयो, किन सुझाव माग्नुभयो,' उनले भने, 'उहाँहरूले जानकारी दिनुभयो भने थाहा होला र सुझाव दिने कि नदिने पनि पछि नै कुरा गर्न सकिन्छ।'

अर्को प्रतिपक्षी श्रम संस्कृति पार्टीले सरकारको राम्रो कामलाई साथ र गलत कामलाई आलोचना गर्ने जनाएको छ। महासचिव आरेन राईले सरकारको प्रतिबद्धताबारे भने, 'सरकारले गर्ने राम्रो काममा हाम्रो पार्टीको सधैं साथ रहन्छ। गलत काम गर्‍यो भने हाम्रो साथ रहँदैन। हामी त देशका लागि पद त्याग्न पनि तयार छौं। श्रमको सम्मान गर्ने गरी ल्याउने कार्यक्रममा हाम्रो समर्थन रहन्छ। रोजगारी सिर्जना गर्ने, शिक्षा, स्वास्थ्य निःशुल्क गर्ने कुरामा हाम्रो समर्थन रहन्छ। अहिले पनि मुख्य कुरा कार्यान्वयनको हो। सरकारका योजना, कार्यक्रम लागू हुन्छ कि हुँदैन भन्ने प्रश्न जनताको छ। हामी जनतासँगै छौं। हामी अध्ययन गरेर यो विषयमा पार्टीको धारणा बाहिर ल्याउँछौं।'

राप्रपाले आफ्नो चुनावी घोषणापत्रमा समेटेका विषयलाई सरकारले राष्ट्रिय प्रतिबद्धतामा राखेकाले त्यसको स्वागत गरेको छ। 'शासकीय सुधार र आर्थिक रूपान्तरणका लागि १८ बुँदे राष्ट्रिय प्रतिबद्धतामा राप्रपाले चुनावी घोषणापत्रमार्फत अघि सारेको नेपाल प्रथम, नेपाली प्रथमको अवधारणालाई कूटनीतिको केन्द्रमा राख्ने, गैरआवासीय नेपालीलाई मतदानको अधिकार र सम्पत्तिको अधिकार सुनिश्चित गर्ने, आगामी दशकमा ३० हजार मेघावाट विद्युत उत्पादनको लक्ष्य राख्दै बुढीगण्डकी र दुधकोशीजस्ता ठुला आयोजनालाई प्राथमिकता दिनेलगायतका आर्थिक सामाजिक रूपान्तरणका अधिकांश विषय समावेश गरिनु स्वागतयोग्य छ,' प्रवक्ता मोहन श्रेष्ठले भने, 'निषेधको राजनीतिलाई सदाका लागि अन्त्य गर्न सबै पक्ष र शक्ति अटाउने शासकीय स्वरूप स्थापना गर्न राप्रपाले अघि सारेको नवीन समझदारीको प्रस्तावलाई स्थिर र बलियो मानिने सरकारले राष्ट्रिय प्राथमिकतामा राखेर राष्ट्रिय बहसको विषय बनाउनुपर्थ्यो। संविधान संशोधन वा पुनर्लेखनको प्रतिबद्धता नआउँदा सरकारको राष्ट्रिय प्रतिबद्धता प्रथम दृष्टिमा अपूर्ण छ। राप्रपाले विस्तृत धारणा छलफलपछि ल्याउनेछ।'

मन्त्रीहरूका...

पृष्ठ १ बाट क्रमशः

कण्ठले भने। हाल भैंसेपाटीस्थित क्वार्टरमा भौतिक पूर्वाधार, यातायात तथा सहरी विकासमन्त्री सुनील लम्साल छन्। त्यस्तै, पुल्चोकस्थित ६ वटा क्वार्टरमा गृहमन्त्री सुधन गुरुङ, शिक्षामन्त्री सस्मित पोखरेल, कानुनीमन्त्री सोविता गौतम, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ र स्वास्थ्यमन्त्री निशा मेहता बसेका छन्। त्यस्तै, पर्यटनमन्त्री खडकराज पौडेललाई पनि पुल्चोकमा सार्ने तयारी गरिएको छ। हाल त्यहाँ सर्वोच्चका १३ जना न्यायाधीश बस्छन्। तर, यहाँ अन्य मन्त्रीका लागि ठाउँ खाली छैन।

जेन-जी आन्दोलनका क्रममा भैंसेपाटीस्थित २७ वटा ब्लक भएको सुविधासम्पन्न मन्त्री क्वार्टर तोडफोड भएको थियो। क्षतिग्रस्त नभएको रक्षामन्त्री बसेको भैंसेपाटीस्थित क्वार्टरमा भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री छन्। तर, अन्य मन्त्री राख्ने क्षतिग्रस्त संरचनाको पुनर्निर्माण बाँकी छ।

मन्त्रालयले क्षति पुगेका २६ वटा ब्लकमध्ये ११ वटाको पुनर्निर्माण थालेको छ। अन्य बाँकी रहेका १५ वटाको पुनर्निर्माण गर्न बाँकी छ। यी सबै ब्लक पुनर्निर्माण तथा मर्मत गर्नका लागि ६५ करोडभन्दा बढी खर्च हुने सहरी विकास मन्त्रालयको अनुमान छ। पुनर्निर्माण गर्न बाँकी रहेका ब्लकको पुनर्निर्माणका लागि बोलपत्र आह्वान गर्ने तयारी गरिएको छ। भैंसेपाटीस्थित क्षतिग्रस्त मन्त्री क्वार्टर आउँदो असारसम्म पुनर्निर्माण गरिसक्ने सहरी विकास मन्त्रालयको योजना छ। त्यहाँ सबै ब्लक तयार भएपछि सबै मन्त्रीलाई त्यहीं बसोबासको व्यवस्था मिलाइनेछ।

दक्षिणी सीमामा...

पृष्ठ १ बाट क्रमशः

निर्देशनमा सशस्त्र प्रहरीले पहाडी जिल्लामा कार्यरत प्रहरीलाई सीमामा खटाएको हो। नयाँ सरकार बनेलगत्तै सीमामा केन्द्रित हुन सशस्त्र प्रहरीलाई निर्देशन दिइएको थियो। सोहीअनुसार अस्थायी रूपमा सीमामा परिचालन बढाइएको सशस्त्र प्रहरीले जनाएको छ। तीन हजार जनशक्ति सीमानाकामा थप्ने योजना रहेको र हालसम्म दुई हजार २०० लाई परिचालन गरिसकिएको सशस्त्रका प्रवक्ता डिआइजी विष्णुप्रसाद भट्टले बताए। पहाडी जिल्लाका गण र गुल्ममा कार्यरत सशस्त्र प्रहरीलाई सीमा क्षेत्रमा पट्रोलिङमा खटाइएको छ। सीमा सुरक्षाका साथै तस्करी नियन्त्रण तथा सीमा अपराध रोकथामको उद्देश्यले नाकामा सशस्त्र प्रहरी बढाइएको प्रवक्ता भट्टले बताए। यसअघि सीमामा ६ हजार पाँच सय सशस्त्र प्रहरी खटिएकोमा अब ८ हजार सात सय पुगेको छ।

'सम्धी'लाई तालिममा...

पृष्ठ १ बाट क्रमशः

भएका छन्। साथै, कोपाइलटका रूपमा रविन केसी जानेछन्।

कोइरालालाई एयरबस ३२० तालिमका लागि बुधबार पठाउने तयारी थियो। रिजालले पालो कुरिरहेका १९ पाइलटलाई 'होल्ड' गरेर आफ्ना सम्धी कोइरालालाई वैदेशिक तालिममा पठाउन चलखेल गरेको खुलेपछि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चासो देखाएको थियो। सोही आधारमा निगमका कार्यकारी निर्देशक अमृतमान श्रेष्ठले रिजालसँग सोधपुछ गरेका थिए। उनको तालिम विवादमा पर्ने देखिएपछि रोक्ने निर्णयमा निगम पुगेको एक अधिकारीले जानकारी दिए।

करारका जागिरे कोइरालालाई ५८ वर्षको उमेरहद पार गरिसकेपछि निर्देशक रिजालकै भाइ अपरेसन विभागकै तत्कालीन निर्देशक क्याप्टेन श्रवण रिजालले नियुक्ति दिएका थिए। तर, नियुक्तिपछि ५० लाख धरौटी बुझाउनुपर्ने अवस्थामा सम्पर्कमा नआई विदेश गएका थिए। पछि उनी फर्किएर पुनः प्रक्रिया अघि बढाइएको थियो। अहिले आफैं उक्त विभागमा निर्देशकको भूमिकामा रहेका रिजालले 'क्रु ट्रेनिङ' डिभिजनलाई इमेल पठाएर ए-३२० 'इनिसियल एर'का उम्मेदवारहरूको लिखित परीक्षा सञ्चालन गर्न निर्देशन दिएका थिए। उक्त परीक्षा गत १७ फेब्रुअरीको दिउँसो दुई बजे निगमको केन्द्रीय कार्यालयमा राखिएको थियो। तर, प्रश्नपत्र भने अपरेसन डाइरेक्टरको कार्यालयबाटै उपलब्ध गराइने इमेलमा उल्लेख थियो।

कांग्रेसको 'जरा अभियान' देउवा समूहले गऱ्यो बहिष्कार

● **प्रदीप पौडेल**, महामन्त्री, कांग्रेस



यो सदस्यता अद्यावधिकसहितको नवीकरण हो, खारेजी होइन, व्यवस्थित ढंगबाट अद्यावधिक गर्ने गरी नवीकरण हो । अतः पार्टीका सबै तह, तप्का र शुभेच्छुकलाई सक्रिय सहभागिताका लागि म हार्दिक अनुरोध गर्दछु ।

● **विमलेन्द्र निधि**, नेता, कांग्रेस



१५औँ महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण गरिसकेको अवस्थामा फेरि नवीकरण नगरेर खारेज हुन्छ भन्ने अभिव्यक्ति आपत्तिजनक छ । त्यो कांग्रेसको विधानविपरीत छ । कांग्रेसका कार्यकर्तालाई त्यो मान्य हुँदैन ।

प्रेम गौतम/नयाँ पत्रिका

काग्रेस निवर्तमान सभापति शेरबहादुर देउवा समूहले पार्टीको 'जरा अभियान' बहिष्कार गरेको छ । मंगलबारबाट सुरु भएको यो अभियान वैशाख महिनाभर जारी रहनेछ । कांग्रेस सभापति गगन थापाले काठमाडौं महानगरपालिका-३० बाट आफ्नो क्रियाशील सदस्यता अद्यावधिक गरेसँगै अभियान सुरु भएको हो ।

१४औँ महाधिवेशन पक्षधर नेता विमलेन्द्र निधिले पुनः सदस्यता नवीकरण गर्नुपर्ने र सदस्यता नवीकरण नगरेर खारेज गर्ने विषय आपत्तिजनक रहेको बताए । '१५औँ महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण गरिसकेको अवस्थामा फेरि नवीकरण नगरेर खारेज हुन्छ भन्ने अभिव्यक्ति आपत्तिजनक छ । त्यो कांग्रेसको विधानविपरीत छ । कांग्रेसका कार्यकर्तालाई त्यो मान्य हुँदैन । आफू महामन्त्री भएकै वेला गरिएको नवीकरण अहिले आएर खारेज हुन्छ भन्नु आपत्तिजनक छ,' निधिले भने, 'एउटै महाधिवेशनका लागि कतिपटक सदस्यता नवीकरण गर्ने ?'

कांग्रेस महामन्त्री प्रदीप पौडेलले पार्टी मजबुत बनाउने दिशामा अभियान कोसेढुंगा साबित हुने विश्वास लिएको बताए । 'यो सदस्यता अद्यावधिकसहितको नवीकरण हो, खारेजी होइन, व्यवस्थित ढंगबाट अद्यावधिक गर्ने गरी नवीकरण हो । अतः पार्टीका सबै तह, तप्का र शुभेच्छुकलाई सक्रिय सहभागिताका लागि म हार्दिक अनुरोध गर्दछु,' उनले भने । 'रुख'को 'जरा' गोडमेल गर्न र पार्टीमा ताजगी अभिवृद्धि गर्न यो अभियानले मद्दत पुऱ्याउने विश्वास लिइएको प्रवक्ता देवराज चालिसेले बताए । 'अभियानको क्रममा एकतर्फ राष्ट्रिय सन्दर्भमा पार्टीको सोच र सन्देश प्रवाह हुनेछ भने अर्कातर्फ स्थानीय तहसम्म पार्टी जागरण र रूपान्तरण क्रममा क्रियाशील सदस्यता अद्यावधिक गर्ने कार्य हुनेछ,' चालिसेले भने । अभियानमार्फत सात उद्देश्य राखिएको कांग्रेसले जनाएको छ । जसमा राष्ट्रियताको जरा सबल बनाउन, लोकतन्त्रको जरा सबल बनाउन, संघीयताको जरा सबल बनाउन, नागरिक विश्वासको जरा सबल बनाउन, सामाजिक एकताको जरा सबल बनाउन, पार्टीको जरा सबल बनाउन र आगामी महाधिवेशनको तयारीबारे रहेका छन् ।



■ अभियानका सात उद्देश्य

राष्ट्रियताको 'जरा' सबल बनाउन

● संसद्मा रहेका दलहरूबिच राष्ट्रिय हित, राष्ट्रिय स्वार्थ र समग्रमा राष्ट्रियताको प्रश्नमा साझा दृष्टि र सहकार्य ।

● देशबाहिर रहेका नेपालीको सुरक्षा र अधिकारका सन्दर्भमा पार्टीको प्रतिज्ञा पत्रबमोजिम देशभित्रको भावनात्मक जरा बलियो बनाउन आवश्यक नीतिगत, कानुनी र संरचनागत विषयमा पहल, संवाद र सहकार्य ।

लोकतन्त्रको 'जरा' सबल बनाउन

● संसद्मा कांग्रेसको सहयोगी एवं खबरदारीपूर्ण भूमिका ।

● संविधान संशोधनको प्रश्नमा लोकतन्त्रको सारभूत मूल्य मान्यतामा सम्झौता नगरी समयोचित दृष्टि, इमानदार अवधारणाको खोजी एवं परिणाममुखी सहकार्य ।

संघीयताको 'जरा' सबल बनाउन

● संविधानको मर्मबमोजिम संघीयताको सबलीकरण गर्न आवश्यक कानुन निर्माणमा सहकार्य ।

● कांग्रेस सहभागी रहेका प्रदेश सरकारहरूको गतिविधि समीक्षा, आवश्यक हेरफेर र समयानुकूल परिमार्जन गर्दै प्रदेश सरकार प्रभावकारी बनाउन यो अवधिमा उपयुक्त रणनीति अवलम्बन गर्ने ।

● स्थानीय सरकार सञ्चालन प्रभावकारी बनाउन यही अभियान क्रममा सकारात्मक सन्देश प्रवाह गर्ने ।

नागरिक विश्वासको 'जरा' सबल बनाउन

● समुन्नतिको प्रश्नमा दलगत आग्रहभन्दा पर समन्यायिक विकास दृष्टि ।

● प्रदेश र स्थानीय तहमा रहेका पार्टीका साथीहरूको प्रभावकारिता वृद्धि ।

● नवयुवाहरूसँग अनेक तहमा संवाद, तिनको सोच र सपनाअनुरूप रूपान्तरण र गति । राज्य, दलहरू र निजी क्षेत्रबिच बृहत्तर सहकार्यको खोजीका साथ निजी क्षेत्रको मनोबल अभिवृद्धि र थप दायरा विस्तारमा प्रोत्साहन ।

सामाजिक एकताको 'जरा' सबल बनाउन

● जातीय, वर्गीय, धार्मिक, सामाजिक र सांस्कृतिक समूहहरूबिच सद्भाव अभिवृद्धिमा भूमिका ।

● जातीय विभेद र सबै खाले विसंगति नियन्त्रणमा सहकार्य ।

पार्टीको 'जरा' सबल बनाउन

● विमतिका विषयहरू न्यूनीकरण गर्दै पार्टीभित्र खुला संवाद र सहकार्य ।

● विभिन्न समयमा विविध कारणले पार्टीबाट टाढा भएका साथीहरूलाई 'घर-आँगन फर्क' आह्वान ।

● केन्द्रबाट प्रदेश हुँदै स्थानीय तहसम्मका समितिहरूबिच विषयगत तादात्म्यता र सांगठनिक कार्यमा गति वृद्धि ।

● भ्रातृ र शुभेच्छुक संस्थाहरूको कार्य समीक्षा, आवश्यक निर्णय र 'जरा' तहसम्म सम्बन्धित संस्थाहरूको प्रभावकारिता खोजी ।

आगामी महाधिवेशनको तयारी

● विशेष महाधिवेशनले पारित गरेका दृष्टि, निर्माण गरेको नेतृत्व र अवलम्बन गरेका नीतिको परिवर्तित सन्देश प्रवाह गर्दै क्रियाशील सदस्यता व्यवस्थित रूपले अद्यावधिक गर्दै, आगामी असोजमा हुने पार्टीको १५औँ महाधिवेशन तयारी उत्साह र नवीन विश्वाससाथ अघि बढाउने ।

खड्काको गतिविधिप्रति गगन असन्तुष्ट

अनधिकृत गतिविधिको सीमा नाघे नसहने, अनुशासन समिति बैठक आज

कांग्रेसमा संस्थापन र इतर पक्षबिच विवाद चुलिएका वेला सभापति गगन थापाले १४औँ महाधिवेशन पक्षधर कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई कारबाहीको संकेत गरेका छन् । उनले अनधिकृत गतिविधिको सीमा नाघे नसहने चेतावनी दिएका छन् । 'सभापतिको हैसियतले भन्दै छु- मलाई सहयोग गर्नुहोला । सहयोग गर्न नसक्नेले डिस्टर्ब नगर्नुहोला । पार्टी कार्यालयबाहिरबाट हुने अनधिकृत गतिविधिको सीमा नाघ्ने हो भने सहने कुरा हुँदैन,' कांग्रेसको जरा अभियानअन्तर्गत काठमाडौं महानगरपालिका- ३० मा मंगलबार आयोजित कार्यक्रममा उनले भने । सदस्यतासम्बन्धी भ्रम र अफवाह नफैलाउन आग्रह गर्दै थापाले सदस्यता प्रणालीलाई पूर्ण रूपमा डिजिटाइज गरिएको बताए । स्वयं फाराम भरेपछि प्रणालीमा इन्ट्री हुने र ओटिपीमार्फत प्रक्रिया पूरा हुने उनले स्पष्ट पारे । कुनै जिज्ञासा भए पार्टीको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न पनि उनले आग्रह गरे ।

थापाले प्रतिपक्षको जिम्मेवारी निर्वाह गर्न सक्ने पार्टी बनाउनुपर्ने भन्दै सहयोगको आग्रहसमेत गरेका छन् । 'नयाँ निर्वाचनका लागि पार्टीलाई तयार गर्नुपर्नेछ । प्रतिपक्षको जिम्मेवारी निर्वाह गर्न सक्ने पार्टी बनाउनुपर्नेछ । यसमा मलाई सबैको सहयोग चाहिएको छ । कृपया सक्नेले मलाई सहयोग गर्नुहोला, नसक्नेले डिस्टर्ब नगर्दिनुहोला,' थापाले भने, 'सबैलाई मिलाएर लिएर जान्छु, सबैसँग संवाद गर्छु, तर सबैलाई मिलाएर जाने मेरो प्रयासलाई कसैले कमजोरी नठान्नका लागि आग्रह गर्छु ।'

कांग्रेस अनुशासन समिति बैठकको अघिल्लो दिन थापाको अभिव्यक्तिलाई अर्थपूर्ण रूपमा हेरिएको छ । बुधबार बिहान ११ बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्ने समितिको बैठकले खड्कालाई अनुशासनको कारबाही गर्ने तयारी रहेको एक नेताले बताए । 'उहाँले पटक-पटक हुँदै नभएको कार्यवाहक सभापतिका नाममा विज्ञप्ति जारी गर्नुभयो । देशभरका कार्यकर्तालाई निराश पार्ने काम गर्नुभएको छ । नयाँ वर्षको शुभकामना पनि कार्यवाहक सभापतिकै हैसियतमा दिनुभयो । सचेत गराउँदा पनि नभएपछि कारबाहीको विकल्प हुन्छ त ?' थापानिकट एक नेताले प्रतिप्रश्न गरे । अनुशासन समितिका सभापति तारामान गुरुङले भने प्राप्त उजुरीमाथि अध्ययन गरेर निर्णय गर्ने बताए ।

■ लुटेराविरुद्ध प्रहरीको गोली प्रहार नीति

उपत्यकामा चोरी र लुटपाटका घटनामा कमी

टेकराज थामी/नयाँ पत्रिका

पछिल्लो केही समययता काठमाडौं उपत्यकामा चोरी र लुटपाटका घटनामा कमी आएको छ । प्रहरी चोर र लुटेराविरुद्ध कडा रूपमा प्रस्तुत हुन थालेपछि उपत्यकाभित्र हुने चोरी तथा लुटपाटका घटना स्वाट्टै घटेको छ । प्रहरी चोर र लुटेराविरुद्ध गोली प्रहारमै उत्रिएपछि शृंखलाबद्ध रूपमा हुने यस्ता घटना निकै कम भएको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार विगतमा महिनामा प्रत्येक दिन सरदर चोरी तथा लुटपाटका दुईभन्दा धेरै घटना हुन्थे । अहिले सातामा एक-दुई घटना मात्रै हुने गरेको प्रहरीको दाबी छ । त्यसमा पनि शृंखलाबद्ध हुने चोरी तथा लुटपाटका घटना शून्यमै झरेको प्रहरीले जनाएको छ । यस्ता घटनामा संगठित गिरोहसमेत संलग्न हुने गर्दथ्यो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी रमेश थापाले उपत्यकाभित्र चोरी तथा लुटपाटका घटनामा निकै कमी आएको बताए । 'उपत्यकाभित्र हुने चोरी तथा लुटपाटका घटना विगतमा भन्दा धेरै घटेका छन् । प्रत्येक दिन कहीं न कहीं चोरी तथा लुटपाटका घटना हुन्थे । तर, अहिले सातामा एक-दुईवटा मात्रै हुने गरेका छन् । त्यसमा पनि संगठित तवरले हुने चोरी तथा लुटपाटका घटना शून्यमै झरेका छन् । प्रहरीले अपनाएको कडा रणनीतिको कारण यस्तो भएको हो,' उनले भने ।

● एसएसपी **रमेश थापा**, प्रमुख जिल्ला प्रहरी परिसर काठमाडौं



काठमाडौंमा शृंखलाबद्ध चोरी तथा लुटपाटका घटना हुन थालेपछि प्रहरीले गत १४ माघमा काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका-३ का २३ वर्षीय विनय तामाङको समूहलाई गोली प्रहार गरी पक्राउ गरेको थियो । सो समूहले २४ भदौयता मात्रै उपत्यकाभित्र २७ ठाउँमा लुटपाट गरेका थिए ।

जसमध्ये भक्तपुरको ठिमीमा १३, स्वयम्भू क्षेत्रमा सात, गौशाला क्षेत्रमा तीन, बौद्ध क्षेत्रमा तीन र चाबहिल क्षेत्रमा एक गरी २७ जनालाई लुटेका थिए । घटनाका मुख्य परिचालक विनय थिए । प्रहरीलाई उनलाई गोठाटार क्षेत्रमा गोली प्रहार गरी पक्राउ गरेको थियो ।

शृंखलाबद्ध चोरीमा संलग्न बाँकेको नेपालगन्ज उपमहानगरपालिका- ३ का ४१ वर्षीय प्रेम थारूलाई पनि प्रहरले गत २२ माघको मध्यराति नागार्जुन नगरपालिका- ६ पुरीगाउँबाट गोली प्रहार गरी पक्राउ गरेको थियो । पक्राउपछि उनको साथबाट प्रहरीले ८८ तोला सुन, ९९ तोला चाँदी, दुई तोला हिरा, विभिन्न देशका मुद्रालगायतसहित तीन करोड ६ लाख १४ हजार दुई सय रुपैयाँबराबरको धनमाल बरामद गरेको थियो । चोरी तथा लुटपाटमा संलग्न छुट्टाछुट्टै दुई समूहलाई गोली हानी पक्राउ गरेपछि चोरी तथा लुटपाटका घटना निकै घटेको प्रहरीको भनाइ छ ।

'शृंखलाबद्ध रूपमा चोरी तथा लुटपाट गर्ने समूहमाथि प्रहरीले गोली प्रहार गऱ्यो । छुट्टाछुट्टै दुई समूहलाई पक्राउ गऱ्यो । जसले चोरीलाई नै पनि पेसा बनाएका थिए । त्यसपछि यस्ता घटनामा कमी आएका छन् । खासमा आपराधिक समूहमा संलग्नविरुद्ध सन्देश प्रवाह गर्ने उद्देश्यले गोली प्रहार गरिएका थिए, त्यसमा सफल भयौं । यो अभियान जारी रहनेछ,' एसएसपी थापाले भने ।

प्रहरीका अनुसार चोरी तथा लुटपाटमा संलग्न काभ्रेली समूहका नाइके २३ वर्षीय विनय गत २४ भदौको जेन-जी आन्दोलनका क्रममा प्रहरी वृत्त महाराजगन्जको हिरासतबाट भागेका थिए । त्यसलगत्तै उनले लुटपाट गर्ने योजना बनाएका थिए । समूहमा आबद्ध अन्य नौ युवा उनले नै भेला गरेका थिए । जसमा सिन्धुलीको मरिन गाउँपालिका- ५ का २४ वर्षीय आयन माझी, मोरङको पथरी शनिश्चरे नगरपालिका- ३ का २३ वर्षीय मनीष रसाइली, सिन्धुलीको मरिन गाउँपालिका- ७ का ३२ वर्षीय सविन माझी, काभ्रेको चौंरीदेउराली गाउँपालिका- १ का २९ वर्षीय पेमा तामाङ र २० वर्षीय सलोन तामाङ थिए । त्यस्तै, काभ्रेको भुम्लु गाउँपालिका- ३ का १८ वर्षीय राजीव भण्डारी, रामेछापको दोरम्बा गाउँपालिका- ८ का २२ वर्षीय विशाल तामाङ, खोटाङको दिपरुङचुइचुम्मा गाउँपालिका- ३ का २८ वर्षीय विदुर विश्वकर्मा, सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका- ३ का २९ वर्षीय फुर्वा तामाङ पनि विनय तामाङ समूहमै संलग्न थिए । जसको पृष्ठभूमि आपराधिक देखिन्छ ।

प्रहरीका अनुसार उनीहरू प्रत्येक दिनको बेलुका ९ बजे सँगै भेला हुन्थे । लुटपाट गर्ने क्षेत्रको ब्रिफिङ विनयले सुनाउँथे । दिउँसो निजी कारमा गएर उक्त क्षेत्रको रेकी गर्थे । प्रहरी चौकी, सर्वसाधारणको मुभमेन्ट, भाग्ने ठाउँबारे यकिन गर्ने ठाउँ फिक्स भएपछि उनीहरू दुईवटा मोटरसाइकलमा तीन-तीनजना चढेर गई सर्वसाधारण लुट्थे । र, फरार हुन्थे । दिउँसो भने उनीहरू ट्याक्सी चलाउँथे ।

विनय यसअघि ०७९ र ०८२ मा डाँकाचोरी अभियोगमा पक्राउ परेका थिए । २४ वर्षीय आयनविरुद्ध २६ पुस ०७९ मा भक्तपुर जिल्ला प्रहरी परिसरमा डाँकाचोरी मुद्दा दर्ता भएको पाइएको छ । सविन यसअघि ०७९ र ०८० मा भएको डाँकाचोरी घटनामा संलग्न थिए । पेमा ०७८ र ०७९ मा भएको चोरी घटनामा संलग्न थिए । राजीव ०८२ मा मोटरसाइकल चोरी र डाँका मुद्दामा संलग्न थिए ।

जसले चोरी गरेरै दुईवटा घर बनाए

बाँकेको नेपालगन्ज उपमहानगरपालिका- ३ का ४१ वर्षीय प्रेमले त चोरी गरेरै दुईवटा घर बनाएका थिए । उनी आफैं गाडी चढेर हिँड्थे, तर उनी कुनै समूहमा थिएनन् । चोरीका लागि एक्लै योजना बनाउँथे । र, चोरी गर्थे । चोरीकै मुद्दामा जेल बसेका उनी गत भदौमा मात्रै ६० प्रतिशत कैद सजाय भुक्तान गरी प्यारोलमा छुटेका थिए । प्रहरीका अनुसार उनी २९ मंसिर ०७९ मा छुट्टाछुट्टै दुईवटा चोरीको घटनामा संलग्न रहेको अभियोगमा पक्राउ परेका थिए । प्रहरी वृत्त बौद्धबाट पक्राउ परेका उनलाई जिल्ला अदालत काठमाडौंले तीन वर्ष कैद सजाय ठहर गरेको थियो । ६० प्रतिशत कैद सजाय भुक्तान गरेपछि उनी गत २५ जेठबाट प्यारोलमा बसेका थिए ।

संक्षेप

सिर्जनाको हत्या आरोपमा ज्वाइँ र अर्का भान्जा पक्राउ

कास्की/ पोखराकी सिर्जना पौडेल केसीको हत्या प्रकरणमा थप दुईजना पक्राउ परेका छन् । गत २५ चैतमा उनको बजार क्षेत्रमा धारिलो हतियार प्रहार गरी हत्या गरिएको थियो । सिर्जनाका आफ्नै भान्जा वसन्त केसी र सौतातर्फकी छोरीज्वाइँ नवराज पौडेल क्षेत्रीलाई पक्राउ गरिएको कास्की प्रहरी प्रवक्ता हरिबहादुर बस्नेतले जानकारी दिए । यसअघि प्रहरीले सिर्जनाको हत्या आरोपमा २७ वर्षीय सन्तोष भन्ने शिशिर केसी र ३२ वर्षीय कुशल परियारलाई पक्राउ गरेको थियो । मंगलबार पक्राउ परेका वसन्त केसी शिशिरका आफ्नै भाइ हुन् । सिर्जना पोखराको पृथ्वी चोकमा जुत्तापसल सञ्चालन गर्थिन् । पसल बन्द गरी हिँड्दै पोखरा-५, मालेपाटनतर्फ जाँदै गर्दा शिवालय चोक जाने गल्लीको कुनामा पछाडिबाट धारिलो हतियार प्रहार गरी उनको हत्या गरिएको थियो । सिर्जनालाई हतियार प्रहार गर्नेहरू स्कुटर चढेर भागेका थिए । गण्डकी मेडिकल कलेजमा उपचारका लागि लगिएकोमा उनको सोही दिन राति मृत्यु भएको थियो । कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीका अनुसार माइजू सिर्जनालाई धारिलो हतियार खुँडा प्रहार गरी फरार भएका शिशिरलाई प्रहरीले रुपन्देहीको बुटवल उपमहानगरपालिका-२, मनकामना टोलबाट पक्राउ गरी पोखरा ल्याएको थियो । पक्राउ परेका चारजनामध्ये हत्या गर्नेमा शिशिर मुख्य र अन्य तीनजना मतियार हुन् । शिशिरले खुँडा प्रहार गरेपछि कुशलले चलाएको स्कुटरमा भागेका थिए ।

शैक्षिक सत्रअगावै कर्णालीमा पाठ्यपुस्तक

जुम्ला/ जुम्लामा यस वर्ष नयाँ शैक्षिक सत्रअगावै पाठ्यपुस्तक आइपुगेका छन् । शैक्षिक सत्र सुरु हुनुअगावै जुम्ला सदरमुकाम खलंगाबजारस्थित सन्ध्या स्टेसनरी, जिपी स्टेसनरीलगायत पुस्तक पसलमा पाठ्यपुस्तक आइपुगेको हो । कक्षा १ देखि १० सम्मको पाँच-पाँच सय सेट पाठ्यपुस्तक आइपुगेको छ । सामुदायिक विद्यालयलाई चाहिने आवश्यक सबै पाठ्यपुस्तक उपलब्ध गराउन सकिने अवस्था छ । विद्यालयको मागअनुसार बाँकी पाठ्यपुस्तक पनि जिल्लामा ल्याउन सकिने स्टेसनरी व्यवसायीहरूको भनाइ छ । जुम्लामा १४५ सामुदायिक विद्यालय रहेको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ । जुम्लामा वैशाख पहिलो साताबाट भर्ना अभियान सुरु हुने भगवती आधारभूत विद्यालयका प्रधानाध्यापक भीमबहादुर थापाले बताए । उनका अनुसार विगतमा शैक्षिक सत्र सुरु भइसक्दासमेत विद्यार्थीको हातमा पुस्तक हुँदैनथ्यो । यसपटक विद्यालय सञ्चालन हुनुअघि नै पाठ्यपुस्तक आइपुगेको छ । पाठ्यपुस्तक समयमै आइपुगेकाले पठनपाठनमा सहज हुने थापाको भनाइ छ । हिमाली जिल्लामा फागुनदेखि नयाँ शैक्षिक सत्र सुरु हुँदा सरकारले समयमै पाठ्यपुस्तक पुऱ्याउन सकेको थिएन ।

उत्कृष्ट नतिजा ल्याएका धनगढीका २५ विद्यालयलाई सम्मान

धनगढी/ धनगढी उपमहानगरपालिकाले कक्षा ८ को आधारभूत तहको परीक्षामा उत्कृष्ट नतिजा ल्याएका नगरभित्रका २५ वटा विद्यालयलाई सम्मान गरेको छ । सम्मान पाउनेमा १० सामुदायिक र १५ वटा संस्थागत विद्यालय छन् । सामुदायिक विद्यालयतर्फ उत्कृष्ट नतिजा हासिल गरेका बेहडाबाबा माबि, शारदा माबि, सिद्धार्थ माबि, सर्वोदय माबि, इन्द्रोदय माबि, पञ्चोदय माबि र देवरियास्थित शारदा माबि, जनप्रिय माबि, ठेकराज माबि र चन्द्रोदय माबिलाई सम्मान गरिएको हो । त्यस्तै, संस्थागत विद्यालयतर्फ उत्कृष्ट नतिजा ल्याएका सिद्धार्थ विद्या मन्दिर, मयूर इंग्लिस बोर्डिङ स्कुल, गुरुकुल इंग्लिस बोर्डिङ स्कुल, जेसिज एभरेस्ट स्कुल, ग्लोबल मोडर्न पब्लिक स्कुल, पञ्चकोटी विद्या निकेतन, नन्दिनाज एकेडेमी तथा अपि विद्या निकेतनले सम्मान पाएका छन् । संस्थागततर्फ नै गोल्डेन ज्योति स्कुल, केदारनाथ विद्या निकेतन, सिद्धार्थ इन्टरनेसनल, दरबार इंग्लिस बोर्डिङ स्कुल, ग्यालेक्सी माबि र डिलाइट इंग्लिस बोर्डिङ स्कुललाई उत्कृष्ट नतिजा ल्याएबापत उपमहानगरले सम्मान गरेको छ । उपमहानगरले आइतबार बाजागाजासहित औपचारिक कार्यक्रम गर्दै विद्यालयहरूलाई सम्मान गरेको हो ।

■ एकै दिन चार हजारले गरे पाथीभरा दर्शन



ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

नयाँ वर्ष ०८३ को पहिलो दिन मंगलबार पाथीभरा देवी मन्दिरमा दर्शनार्थीको भिड । पहिलो दिनमै पाथीभरा मन्दिरमा तीन हजार ८२१ जनाले दर्शन गरेका छन् । पाथीभरा क्षेत्र विकास समितिका निर्देशक प्रजिन हाम्बाङले एकै दिनमा ठुलो संख्यामा भक्तजन उपस्थित भई पूजा-आराधना गरेको जानकारी दिए । पछिल्लो समय मौसम अनुकूल बन्दै जाँदा तथा धार्मिक आस्थाका कारण भक्तजनको संख्या बढ्दै गएको उनको भनाइ छ । विशेषगरी देशका विभिन्न जिल्लासहित भारतका सीमावर्ती क्षेत्रबाट समेत भक्तजनहरू पाथीभरा दर्शनका लागि आउने गरेका छन् । समितिले भक्तजनको सहजताका लागि आवश्यक व्यवस्थापन र सेवा-सुविधा थप सुदृढ बनाइएको जनाएको छ । देशका विभिन्न स्थानबाट आएका हजारौँ भक्तजनले मन्दिर क्षेत्रमा चहलपहल बढाएको हो ।

लाइट जडान नै नगरी करिब आठ लाख भुक्तानी

स्थानीयले गुहारे अख्तियार र प्रशासन

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको कल्याणपुर नगरपालिकामा कर्मचारी, जनप्रतिनिधि र व्यवसायीको मिलेमतोमा काम नहुँदै भुक्तानी गरी सरकारी रकम अपचलन गरेको आरोप लगाउँदै स्थानीयले छानबिनका लागि अख्तियार दुरुपयोग आयोग र स्थानीय प्रशासनलाई गुहारेका छन् । नगरपालिका केन्द्रसमेत रहेको कल्याणपुर- ११ को मुख्य बजारस्थित दुर्गा मन्दिरमा लाइट जडान कार्य सम्पन्न नै नगरी अमित सप्लायर्सलाई सात लाख ९१ हजार ३७४ रुपैयाँ भुक्तानी दिइएको भन्दै स्थानीयले गत २७ चैतमा छानबिनका लागि स्थानीय प्रशासनमा उजुरी गरेका छन् । त्यसअघि नै स्थानीयले अख्तियारमा समेत उजुरी गरेका छन् ।

उजुरीमा नगरको आर्थिक वर्ष ०८२/८३ को नगरसभाबाट स्वीकृत दुर्गा मन्दिरमा लाइट जडानका लागि १० लाख रुपैयाँ बजेट योजना नै सञ्चालन नगरी कागजी प्रक्रिया पुऱ्याएर कार्यवाहक प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र जिन्सी शाखा प्रमुखले रकम अपचलन गरेको सम्बन्धमा तत्काल छानबिन गरी आवश्यक कारबाहीको माग गरिएको छ । उक्त योजना सञ्चालनका लागि गत २९ असोजमा दिइएको सम्झौता कार्यादेश, १२ कात्तिकको खरिद आदेश र २५ चैतमा प्राप्त भुक्तानीको प्रमाणसहित स्थानीयले दिएको उजुरीमा जिल्ला प्रशासन कार्यालयले नगरको प्रशासन र लेखाका कर्मचारी झिकाएर यथार्थ बुझी विस्तृत प्रतिवेदन बुझाउन भनेको छ ।

■ सम्झौता भएको १५ दिनमै भुक्तानी



सप्लायर्सले मन्दिर र परिसर क्षेत्रमा लाइट जडानसँगै फ्लड लाइट, एलइडी बल्ब, एडप्टर, प्रोजेक्टर बत्ती, बिजुलीको तारसहित अन्य नेटवर्किङ सामग्रीलगायत विद्युतीय सामग्री उपलब्ध तथा जडान गराउने जिम्मा लिए पनि सामान मात्र खरिद गरी त्यसको भुक्तानी लिएर अन्य काम नगरेको स्थानीयको आरोप छ । स्थानीय विजयकुमार साह भन्छन्, 'काम नै नगरी रकम भुक्तानी दिनु भ्रष्टाचार हो, त्यसमा संलग्न जोसुकै भए पनि कारबाहीको दायरामा ल्याइनुपर्छ ।' कार्यादेशअनुसारको काम नै सम्पन्न नगरी सम्झौता भएको १५ दिनमै भुक्तानी दिनुले पनि कमिसनको खेल भएको पुष्टि हुने उनको दाबी छ ।

नगरपालिकाले मन्दिरमा लाइट जडानसम्बन्धी योजना बजेटको र कामको विषयमा सूचनाको हकसम्बन्धी अधिकार प्रयोग गरी कागजात माग गरेपछि आफूहरूले काम नै नगरी भुक्तानी दिएको जानकारी पाएको स्थानीय शीतल साहले बताए । 'कामै नगरी भुक्तानी गरिएको सूचना पाएपछि पुष्टिका लागि अर्को सूचना माग गर्यौं,' उनले भने, 'त्यसपछि मात्र कार्य सम्पन्न नगरी रकम भुक्तानी गरिएको यकिन भएको हो ।' सरकारी रकम अपचलनमा संलग्न सबैमाथि कारबाही हुनुपर्ने उनको माग छ ।

कल्याणपुर नगरपालिका- ११ का अध्यक्ष परमेश्वर साहले नगरस्तरीय योजना भएकाले वडाबाट कार्य सम्पन्नताको सिफारिस आवश्यकता नभएको र भुक्तानी प्रक्रियाको विषयमा आफूलाई थाहा नभएको बताए । 'सप्लायर्सले खरिद गरेको सामान स्टोरमा दाखिला भएको र मन्दिर व्यवस्थापन समितिले गरिरहेको कामको कारणले लाइट जडान नभएको भन्ने सुनेको छु,' उनले भने, 'त्यसबाहेक के-के भयो भन्न सक्दिनँ ।' यो विषयमा नगरका प्रमुख प्रशासकीय अधिकृत सुजितकुमार यादव पटक-पटक फोन, म्यासेज गर्दासमेत सम्पर्कमा आउन चाहेनन् ।

योजनाको सम्झौता, कार्यादेश खरिद भुक्तानीमा जोडिएका तत्कालीन प्रशासकीय अधिकृत श्रीदेव यादवले आफ्नै कार्यकालमा कोटेसेनमार्फत काम भएको बताए । सम्झौतापछि कार्यादेशबमोजिम काम गर्न ठेकेदार गएको, तर मन्दिर निर्माण भएपछि मात्र लाइट जडान गर्न अनुरोध गरेपछि काम रोकिएको उनले बताए । योजना सम्पन्न नगरी भुक्तानी दिन मिल्छ भन्ने प्रश्नमा उनले सामग्री खरिदको बिलबापतको मात्र भुक्तानी दिइएको अन्य भुक्तानी नदिइएको बताए ।

भौतिक पूर्वाधार विकास शाखाका प्रमुख इन्जिनियर सुधीरकुमार यादवले फाइल हेरेपछि मात्र के भएको रहेछ भन्ने सक्ने बताए । नगरका जिन्सी शाखा प्रमुख परशुराम कार्कीले भने प्रशासकीय अधिकृत सरुवा भएर अन्यत्र जाने भएकाले हतारमा भुक्तानी गरिएको बताए ।

अमित सप्लायर्सका प्रतिनिधि हेरेराम साहले भने आफूले जिम्मा लिएको सबै काम सम्पन्न गरिसकेको दाबी गरे । 'हामीले काम गरे-नगरेको विषयमा मन्दिरमै गएर हेर्नुस्,' उनले भने, 'स्थानीयको अवरोधका कारणले नोक्सानी व्यहोरेर पनि सम्झौताबमोजिमको काम सम्पन्न गरेका छौं ।'

इरान संकट समाधानको सम्भावित मार्ग

दीर्घकालीन शान्तिका लागि इजरायलले आफ्ना सबै छिमेकी राष्ट्रसँग कानुनी रूपमा बाध्यकारी सीमा सम्झौता गर्नु जरुरी छ



● डा. अम्वरिश पोखेल

अग्रलेख



मध्यपूर्वको राजनीतिक आकाश दशकौंदेखि तनावको बादलले ढाकिएको छ। इरान, इजरायल, प्यालेस्टाइन तथा अन्य खाडी राष्ट्रबिचको द्वन्द्व केवल क्षेत्रीय समस्या मात्र होइन, यो एक विश्वव्यापी चिन्ताको विषयसमेत हो। अमेरिकाको हस्तक्षेप, आणविक हतियारको खतरा र धार्मिक तथा जातीय पहिचानको राजनीतिले यस संकटलाई झनै जटिल बनाएको छ।

मध्यपूर्वको समस्याभित्र धर्म, इतिहास, तेल, महाशक्तिको प्रतिस्पर्धा र राष्ट्रिय अस्मिताका धागा यस्तरी गाँसिएका छन् कि एउटा धागो तान्दा अर्को अल्झिन्छ। तर, असम्भव भनेर हात बाँधेर बस्नु समाधान होइन। इतिहासले देखाएको छ, दक्षिण अफ्रिकामा रंगभेद अन्त्य भयो, उत्तर आयरल्यान्डमा शान्ति स्थापना भयो, दुई जर्मनी एक भए। यी सबै असम्भव लागेका परिवर्तन थिए, तर भए। मध्यपूर्वमा पनि शान्ति सम्भव छ यदि साहस, दूरदर्शिता र मानवताप्रतिको प्रतिबद्धता भयो भने। यस संकटको सम्भावित समाधानका विकल्प जुन ऐतिहासिक चेतनाबाट सिर्जित व्यावहारिक, कूटनीति र केही कठिन तर सम्भव उपायलाई दीर्घकालीन विश्वशान्तिको दृष्टिकोणबाट हेर्ने प्रयास गरौं।

मध्यपूर्वको समस्या समाधानका लागि सबैभन्दा पहिले ग्रेटर इजरायलको सपना छोड्न र सीमा सम्झौता गर्न दबाब बढाउँदै लानुपर्छ। इजरायलको केही कट्टरपन्थी राजनीतिक धारले ग्रेटर इजरायलको अवधारणा अघि सार्दै आएका छन्, जसमा लेबनान, सिरिया, जोर्डन र इजिप्टका केही भूभागसमेत स्वतः समावेश हुन्छन्। यस अवधारणाले छिमेकी राष्ट्रमा गहिरो असुरक्षाको भावना उत्पन्न गरेको छ। दीर्घकालीन शान्तिका लागि इजरायलले आफ्ना सबै छिमेकी राष्ट्रसँग कानुनी रूपमा बाध्यकारी सीमा सम्झौता गर्नु आवश्यक छ। यदि सम्भव भए सन् १९६७ अघिकै सीमारेखामा फर्किने प्रतिबद्धता गर्नु मध्यपूर्वमा विश्वास पुनर्निर्माणको पहिलो र सबैभन्दा महत्त्वपूर्ण कदम हुनेछ। संयुक्त राष्ट्र संघको प्रस्ताव २४२ (सन् १९६७) र ३३८ (सन् १९७३) ले पनि यही भावना व्यक्त गरेका छन्, तर तिनको कार्यान्वयन आजसम्म अधुरो रहँदै आएको छ।

प्यालेस्टाइन समस्या मध्यपूर्वको सबैभन्दा पुरानो र पीडादायी घाउ हो। सन् १९४८ देखि विस्थापनको इतिहास, गाजा र पश्चिम किनाराका लाखौं शरणार्थी र दिनहुँको हिंसाको चक्रले यस क्षेत्रमा स्थायी अस्थिरता कायम राखेको छ। इजरायलले प्यालेस्टाइनलाई एक स्वतन्त्र र सार्वभौम राष्ट्रका रूपमा मान्यता दिन सक्नुपर्छ। पूर्व जेरुसेलमतर्फ प्यालेस्टाइनको राजधानी बनाउने, शरणार्थी फिर्ताको व्यवस्था गर्ने र दुई-राज्य समाधानलाई कूटनीतिक प्रक्रियाबाट कार्यान्वयन गर्ने। यी कदमले दीर्घकालीन शान्तिको जग बसाल्न सक्छ। यसका लागि सत्य र मेलमिलाप आयोग गठन गर्न सकिन्छ, ताकि मानसिक पीडा कम गर्न सकियोस्। विद्यालयस्तरदेखि नै साझा इतिहास, साझा पीडा र साझा मानवताको पाठ्यक्रम निर्माण गर्नुपर्छ। इजरायली र प्यालेस्टाइनी युवाका लागि साझा सांस्कृतिक तथा शैक्षिक आदानप्रदान कार्यक्रम सञ्चालन गरिनुपर्छ, जसले दुवै पक्षका पीडालाई आधिकारिक रूपमा स्वीकार गरोस् र क्षमायाचनाको संस्कृति विकास गरोस्। झट्ट सुन्दा तपसिलका विषयजस्ता लागे पनि यी अत्यन्तै संवेदनशील आधार हुन्।

खाडी राष्ट्रबिच क्षेत्रीय अनाक्रमण सन्धि गर्नुपर्छ। साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन, ओमान तथा अन्य सम्बन्धित देशसहित इरानबिचको सम्बन्ध ऐतिहासिक रूपमा प्रतिस्पर्धात्मक र कहिलेकाहीं शत्रुतापूर्ण रहेको छ। सुन्नी सिया धार्मिक विभाजन, तेल सम्पदाको प्रतिस्पर्धा र बाह्य शक्तिको हस्तक्षेपले यस क्षेत्रलाई सदैव अस्थिर बनाएको बुझाइ धेरैमा छ। यी राष्ट्रले एक साझा मञ्चमा आएर अनाक्रमण सन्धि गर्न सक्छन् भने त्यो मध्यपूर्वको इतिहासमा एक ऐतिहासिक उपलब्धि हुनेछ। युरोपका कुनै वेला एक-अर्काका शत्रु रहेका राष्ट्र आज युरोपेली संघको साझा बजार र नीतिमा एकजुट छन्। त्यस्तै, एक खाडी शान्ति संगठन स्थापना गर्नु अहिलेको अर्को ठुलो माग हो।

इरानको आणविक कार्यक्रमको दीर्घकालीन स्थगन अर्को विकल्प हुन सक्छ। इरानको आणविक कार्यक्रम विश्वको सबैभन्दा संवेदनशील भूराजनीतिक मुद्दामध्ये एक हो। सन् २०१५ मा भएको 'जेसिपिओए' सम्झौताले केही आशाको किरण देखाएको थियो, तर सन् २०१८ मा अमेरिकाले एकतर्फी रूपमा त्यसबाट हात झिकेपछि अवस्था पुनः बिग्रियो। यसको सटिक र सजिलो समाधानका लागि इरानले आणविक हतियार निर्माण कार्यक्रम कम्तीमा २० देखि ५० वर्षका लागि स्थगित गरोस्। अन्तर्राष्ट्रिय परमाणु ऊर्जा एजेन्सी 'आइएइए'को कडा निगरानीमा यसको अनुगमन गर्न सकिन्छ। त्यसका लागि इरान पनि तयार नै देखिन्छ। बदलामा अन्तर्राष्ट्रिय समुदायले इरानको शान्तिपूर्ण आणविक ऊर्जा कार्यक्रमलाई सहयोग गरोस् र विश्व आर्थिक प्रतिबन्ध हटाओस्। यो विश्वासको बदलामा विश्वासको नीति हो।

> मध्यपूर्वको समस्याभित्र धर्म, इतिहास, तेल, महाशक्तिको प्रतिस्पर्धा र राष्ट्रिय अस्मिताका धागा यस्तरी गाँसिएका छन् कि एउटा धागो तान्दा अर्को अल्झिन्छ

चार दशकदेखिको इरानमाथिको नाकाबन्दी हटाउने र उसलाई लोकतन्त्रको बाटोमा लैजाने प्रयास अर्को विकल्प हुन सक्छ। सन् १९७९ को इस्लामिक क्रान्तिपछि अमेरिकाले इरानमाथि लगाएका आर्थिक प्रतिबन्धले इरानी जनताको जीवनलाई अत्यन्त कठिन बनाएको छ। औषधि, खाद्यान्न र आधारभूत सामग्रीको आपूर्तिसमेत प्रभावित भएका छन्। यी प्रतिबन्धले इरान सरकारलाई कमजोर पार्नुभन्दा पनि सामान्य जनतालाई बढी पीडा दिएका छन्। साँच्चै शान्तिको लक्ष्य राखिएको हो भने अन्तर्राष्ट्रिय समुदायले इरानमाथिका सम्पूर्ण नाकाबन्दी र आर्थिक प्रतिबन्ध चरणबद्ध रूपमा हटाउनुपर्छ। यसले इरानी जनताको जीवनस्तर सुधार्नेछ र मध्यम वर्गको विकासलाई लोकतान्त्रिक प्रवृत्ति स्वतः बलिया बन्नेछन्। साथै इरान पनि बिस्तारै प्रचलित लोकतन्त्रमा आउने कुरामा बल पुग्नेछ।

अमेरिकी सैन्य उपस्थितिको पनि पुनर्संरचना गर्नुपर्छ। मध्यपूर्वमा अमेरिकाका दर्जनौं सैनिक अड्डा छन्, जस्तै- कतार, बहराइन, कुवेत, इराक, सिरिया र अन्य ठाउँमा। यो उपस्थितिलाई धेरै मध्यपूर्वी मुस्लिम जनताले 'साम्राज्यवादी कब्जा'का रूपमा बुझ्छन्, जसले चरमपन्थको भर्ती र क्षेत्रीय अस्थिरतालाई मलजल गर्छ। अब ती सैन्य अड्डा हटाएर त्यसको सट्टा एउटा बहुपक्षीय साझा सुरक्षा संस्था स्थापना गरिनु उपयुक्त हुन्छ। जसमा क्षेत्रीय शक्ति र संयुक्त राष्ट्र संघको भूमिका होस्। यस संस्थाले अमेरिकी व्यापारिक र कूटनीतिक हितको सुरक्षा गर्ने, तर सैनिक एकाधिकार नहुने व्यवस्था गर्नु उपयुक्त हुन्छ।

इरानको पुनर्निर्माणमा आर्थिक सहयोग पनि गर्नुपर्छ। दशकौंको प्रतिबन्ध र आर्थिक अलगावले इरानको पूर्वाधार, स्वास्थ्य सेवा, शिक्षा र औद्योगिक क्षेत्रमा गम्भीर क्षति पुऱ्याएको छ। इरान एउटा प्राचीन सभ्यता र विशाल मानव तथा प्राकृतिक स्रोत सम्पन्न राष्ट्र हो, जसको पूर्ण क्षमता अहिलेसम्म महसुस हुन सकेको छैन। संयुक्त राष्ट्र संघको नेतृत्वमा खाडी राष्ट्र र अन्तर्राष्ट्रिय वित्तीय संस्थाले इरानको पुनर्निर्माणका लागि अनुदान वा सहुलियत ऋणको व्यवस्था गर्नुपर्छ। यसले न केवल इरानी जनताको जीवनमा सुधार ल्याउनेछ, बरु क्षेत्रीय आर्थिक एकीकरण र पारस्परिक निर्भरता बढाएर मध्यपूर्वमा युद्धको सम्भावना पनि घटाउनेछ। हर्मुज जलमार्गलाई अन्तर्राष्ट्रिय साझा मार्ग घोषणा गर्नु अर्को विकल्प हुन सक्छ। हर्मुज जलसन्धि विश्वको सबैभन्दा महत्त्वपूर्ण तेल ढुवानी मार्गमध्ये एक हो, विश्वको कुल तेल व्यापारको करिब २० प्रतिशत यसै जलमार्गबाट हुन्छ। यसमाथिको नियन्त्रण वा अवरोधले विश्व अर्थतन्त्रमा तत्काल र गम्भीर असर पर्छ। अहिले पनि असर परिसकेको छ।

हर्मुज जलमार्गलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत एक 'साझा र तटस्थ अन्तर्राष्ट्रिय मार्ग' घोषणा गर्नुपर्छ। कुनै एकल राष्ट्रले यसलाई अवरुद्ध गर्न नपाउने र उल्लंघन भएमा संयुक्त राष्ट्र सुरक्षा परिषद्ले तत्काल कारबाही गर्न पाउने व्यवस्था हुनुपर्छ। अन्तिम विकल्पका रूपमा इजरायलको पुनर्स्थापना अमेरिकाको कुनै खाली स्थानमा गर्नु ठिक हुन्छ। अहिलेको इजरायलको भूमिलाई यहुदीहरूको पवित्र धार्मिक स्थल घोषणा गर्न सकिन्छ।

शान्ति केवल कागजमा हस्ताक्षर गर्नुले आउँदैन। त्यो मानिसका मनमा जन्मनुपर्छ। त्यो जन्माउने कोसिस निरन्तर हुनुपर्छ। अमेरिकामा विशाल (अपार) खाली भूमि छ। त्यसको एउटा सानो अंशमा नयाँ इजरायल राष्ट्रको स्थापना गराउन सकिन्छ। त्यसका लागि अमेरिकी सरकार वा संसद् आफैंले यो कार्य अगाडि बढाउन सक्छ। तर, खाडी राष्ट्र अर्थात् मध्यपूर्वका देशले स्थानान्तरका निम्ति आर्थिक सहयोग गर्नुपर्ने सम्झौता गर्न सकिन्छ।

इजरायलको स्थानान्तरण काल्पनिक तर निकै सम्भव विकल्प हो। के इजरायलको स्थापना सन् १९४८ मा मध्यपूर्वमा नभई अन्यत्र भएको भए आजको संकट हुन्थ्यो त ? नहुन सक्ने सम्भावना बढी छ। त्यसो भए आज ७०/७५ वर्षपछि पनि किन कोसिस नगर्ने ? अहिलेको समयमा इजरायली जनताको त्यहाँको जमिनसँग गहिरो सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्व र आत्मीयता छ, यसमा कुनै विवाद रहेन। तथापि, यो विचार प्रयोगले, विश्वलाई सोच्न बाध्य पार्नेछ कि शान्तिको मूल्य कति ठुलो हुन सक्छ भनेर। कम्तीमा पनि यो कुरा हालका पीडित इजरायली र प्यालेस्टाइनी जनताले मात्र महसुस गर्न सक्छन् वा गरिरहेका छन्, विगतका दशकौं दशकदेखि।

आणविक युद्धको खतरा यथावत् छ। शान्ति प्रयास कार्यान्वयन हुन सकेनन् भने इतिहासको गति कहाँ जाला ? इरानले आणविक हतियार सायद निर्माण गर्नेछ छिट्टै। यो लगभग निश्चित पनि छ, किनकि उसले आफ्नो अस्तित्वरक्षाका लागि यसलाई अनिवार्य ठान्छ। इजरायलसँग पहिल्यै अघोषित आणविक हतियार छन्। दुई आणविक शक्तिबिचको प्रत्यक्ष संघर्षले न केवल मध्यपूर्वलाई, बरु सम्पूर्ण विश्वलाई विनाशको दिशामा धकेल्नेछ। हिरोसिमा र नागासाकीको त्रासदीभन्दा पनि भविष्यको आणविक युद्धले त्यसभन्दा अनेक गुणा बढी विनाश ल्याउनेछ। सिंगो विश्व समुदायले समेत यो समस्या बुझ्न र गम्भीरतापूर्वक काम गर्न सबैले दबाब दिन जरुरी छ।

३ प्रश्न

राजनीतिक विश्लेषक **गेजा शर्मा वाग्ले**लाई



कांग्रेसभित्रको समानान्तर गतिविधिले पार्टीलाई कता पुऱ्याउला ?

पछिल्लो निर्वाचनमा पराजयपछि कांग्रेसका केन्द्रीय नेतादेखि स्थानीय कार्यकर्ता पंक्तिसम्ममा गम्भीर राजनीतिक तथा मनोवैज्ञानिक आघात परेको देखिन्छ। एकातिर, शेरबहादुर देउवा-शेखर कोइराला समूह विशेष महाधिवेशनविरुद्ध सर्वोच्च अदालत गएपछि कांग्रेसमा गम्भीर संकट सिर्जना भएको थियो। अर्कातिर, निर्वाचनमा लज्जास्पद पराजयपछि पनि समानान्तर बैठक र अस्वाभाविक गतिविधिलाई निरन्तरता दिएपछि यस्तो संकट थप गहिरिँदै गएको देखिन्छ। विवाद, विभाजन र एकता वंशाणुगत विशेषता भएको कांग्रेसमा यस्ता विवादित गतिविधिले एकता र अस्तित्वका दुवै दृष्टिमा संशयपूर्ण प्रश्न खडा भएको छ। यस्तो प्रवृत्ति आत्मघाती छ, यसले कांग्रेसलाई थप कमजोर बनाउनेछ र नेता-कार्यकर्ताको मनोबल थप खस्किनेछ।

निर्वाचनबाट थला पर्दा पनि किन नचेतेका होलान् कांग्रेस नेताले ?

कांग्रेसका लागि यो आरोप-प्रत्यारोप, अन्तरकलह र आत्मनिन्दा गर्ने समय होइन, सम्पूर्ण कांग्रेसजनले आत्मसमीक्षा, आत्मचिन्तन र आत्मालोचना गरी आत्मविश्वास जगाउने समय हो। यो नयाँ कांग्रेस बनाउन संकल्प गर्ने घडी हो। जसले जनताको भावना बुझ्छन् र समयको पदचाप चिन्छन्, ती पार्टी वा नेता सान्दर्भिक हुन्छन्। होइन भने इतिहासको पानामा सीमित हुन्छन्। त्यसैले, आरोह-अवरोहपूर्ण राजनीतिक इतिहासबाट शिक्षा तथा भविष्य र जनताबाट प्रेरणा लिएर भविष्यको मार्गचित्र तय गर्ने घडी हो यो।

अहिलेको संकटबाट पार्टीलाई पुनर्जीवन दिन कांग्रेस नेताले के गर्नुपर्थ्यो ?

कांग्रेसलाई पुनर्जीवन दिने हो भने अब केवल 'कस्मेटिक' सुधार, रूपान्तरण र पुनर्गठन मात्रै पनि पर्याप्त छैन। वास्तवमा अब कांग्रेसलाई विनिर्माण वा पुनर्निर्माण नै गर्नुपर्ने खाँचो छ। कांग्रेसलाई जनता र कार्यकर्ताको भावनाअनुसार अविलम्ब विनिर्माण वा पुनर्निर्माण गरिएन भने यसले पुनर्जीवन पाउने सम्भावना छैन र कांग्रेस क्रमिक रूपमा विघटनको दिशातर्फ उन्मुख हुनेछ। जसको स्पष्ट सन्देश जनताले यसपटकको निर्वाचनमार्फत दिइसकेका छन्। अब सैद्धान्तिक-वैचारिक दृष्टिले मौलिक रूपमा पुनर्व्याख्या तथा सांगठनिक दृष्टिले व्यापक पुनर्गठन गरी नयाँ कांग्रेसका रूपमा रूपान्तरण गर्न आवश्यक छ। यस्तो कांग्रेसको सोच, संस्कार र कार्यशैली पनि लोकतान्त्रिक र उत्तरदायी हुनुपर्छ।

प्रेरक प्रसंग

भौतिक सम्पत्तिको महत्त्व

एक धनी व्यापारी थिए। उनकी एउटी छोरी थिइन्, छोरा थिएनन्। पत्नीको पहिल्यै मृत्यु भइसकेको थियो। छोरीको पनि बिहे भइसकेको थियो। छोरीज्वाइँ व्यापारीसँगै उनकै घरमा बस्थे।

व्यापारी वृद्धावस्थामा पुगिसकेका थिए। त्यसैले, उनले आफ्नो बाँकी सम्पूर्ण सम्पत्ति छोरीको नाममा नामसारी गरिदिए। सम्पत्ति पाएपछि छोरी र ज्वाइँ मोजमस्तीमा डुब्न थाले। उनीहरू व्यापारीको सम्पत्ति मनखुसी उडाउन थाले। उनीहरूले वृद्ध व्यापारीको देखभाल गर्न छाडिदिए। उनले खाए या खाएनन्, उनलाई सन्चो या बिसन्चो के छ, यस्ता कुरामा चासोसम्म राख्न छाडे।



छोरीज्वाइँको यस्तो चाला देख्दा वृद्ध व्यापारी निकै दुःखी भए। उनले आफ्ना एक व्यापारी मित्रबाट एक लाख स्वर्णमुद्रा सापटी लिए। त्यसलाई फलामका बलिया दुई बाकसमा टम्म भरेर राखे। साथमा उस्तै आकारका थप आठ बाकससमेत बनाउन लगाए। एकदिन उनले आफ्ना छोरीज्वाइँलाई बोलाएर स्वर्णमुद्रा राखिएका दुई बाकस खोलेर देखाउँदै भने- मसँग अझै १० बाकस स्वर्णमुद्रा छन्। मेरो मृत्युपछि एक बाकस स्वर्णमुद्रा गरिबमा बाँडिदिनू र बाँकी तिमीहरू आफैंले राख्नू।

यस दिनदेखि छोरीज्वाइँले पुनः वृद्ध व्यापारीको खुब सेवा गर्न थाले। उनीहरूले उनका सुखदुःख र आवश्यकतालाई ध्यान दिए। व्यापारीले बाँकी जीवन निकै सुखसाथ बिताए। एकदिन व्यापारीको मृत्यु भयो। काजकिरियापछि छोरीज्वाइँले खुसी हुँदै स्वर्णमुद्रा राखिएका बाकस खोले। तर अचम्म ! ती बाकस त स्वर्णमुद्राको साटो ससाना ढुंगाले भरिएका थिए। व्यापारीले स्वर्णमुद्रा त पहिल्यै आफ्ना मित्रलाई फिर्ता गरिसकेका थिए। बाकसमा छोरीज्वाइँका नाममा एउटा चिठी थियो। जसमा लेखिएको थियो- प्यारी छोरी, यी ढुंगाले त्यस मूर्खको टाउको फुटाइदिनू, जसले आफू जिउँदो छँदै आफ्नो सारा सम्पत्ति सन्तानलाई दिन्छ। त्यसैले छोरी, जबसम्म आफ्नो शरीरमा सास रहन्छ, तबसम्म आफ्नो सम्पत्ति आफैंसँग राख्नू। सम्मान सम्पत्तिले पाइन्छ, स्नेहले होइन।

व्यापारीको चिठी पढेपछि छोरीज्वाइँका आँखा रसाए। उनीहरूले एक-अर्कालाई पुलुक्क हेरे र आँखा झुकाए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

परिषद्ले ठिक गऱ्यो

समाज कल्याण परिषद्ले भृकुटीमण्डपस्थित जग्गा र संरचनामा विभिन्न संघसंस्था र व्यक्तिले वर्षौंदेखि भाडा नतिरेको भन्दै २० स्टलमा ताला लगाएको समाचार पढ्दा खुसी लाग्यो। यसरी सरकारी स्वामित्वमा रहेको जग्गा भाडामा लिएर आफूले अकुत कमाउने, तर राज्यलाई तिर्नुपर्ने अत्यन्त न्यून भाडा पनि नतिर्ने यस्ता व्यक्ति र संघसंस्थामाथि राज्यको प्रचलित कानुनअनुसार कारबाही गरिनुपर्छ। अन्यथा, भविष्यमा पनि यसरी नै सरकारी स्वामित्वको जग्गा या संरचनाको दुरुपयोग भइरहनेछ। अहिलेसम्म बक्यौता देखिएको आठ करोड ११ लाखभन्दा बढी भाडा तत्काल असुलउपर गरी नयाँ सझौता गरेर समयानुकूल भाडावृद्धि पनि गरिनुपर्छ। अहिले तालाबन्दी गरेर परिषद्ले निकै ठिक काम गरेको छ।

● **गोविन्द शर्मा**, अनामनगर, काठमाडौं

०८२ जस्तो नहोस् ०८३

'०८२ सुरक्षाका दृष्टिले नाजुक वर्ष' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। हुन पनि हो, ०८२ मा सिंहदरबार, सर्वोच्च अदालतजस्ता देशका सर्यौं ऐतिहासिक धरोहर खरानीमा परिणत भए। व्यक्तिको सम्पत्ति खरानी पारियो। यसबाट देशको राजनीतिक कोर्स त परिवर्तन भयो। अत्यन्त अलोकप्रिय नेताहरूको शासन ढल्यो। पुराना दलको सत्ताको 'म्युजिकल चेयर' समाप्त भयो। तैपनि, नाजुक सुरक्षाका दृष्टिले ०८२ जस्तो नहोस् वर्ष ०८३।

● **शोभिता शाक्य**, पकनाजोल, काठमाडौं

अनेरास्ववियूले भाडा तिरोस्

एमालेनिकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियू)ले भृकुटीमण्डपस्थित समाज कल्याण परिषद्को स्टलमा विनासम्झौता विगतमा पाँच वर्षदेखि कब्जा जमाइहेको र उसले भाडासमेत नतिरेको समाचार पढियो। सरकारी स्वामित्वको जग्गा या भौतिक संरचना भाडामा लिइसकेपछि सरोकारवाला निकायलाई कानुनतः सम्झौताबमोजिमको भाडा तिर्नैपर्छ। अनेरास्ववियूले परिषद्लाई भाडा तिरोस् र सो स्टल खाली गरोस्।

● **भूमिश्वर प्रधान**, पुतलीसडक, काठमाडौं

सक्किने बाटोमा कांग्रेस

२१ फागुनमा सम्पन्न निर्वाचन परिणामले विशेषगरी कांग्रेस, एमाले, माओवादी र मधेशका क्षेत्रीय दललाई गम्भीर धक्का लागेको छ। यतिखेर देशमा मधेशवादी दलको त संघीय संसद्मा उपस्थिति शून्यमा झरेको छ। उनीहरू भविष्यमा कसरी बिउँतिने हुन्, यसै भन्न सकिने अवस्था छैन।

यहाँनेर चर्चा गर्न लागिएको संघीय संसद्मा दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसको हो। कुनै वेला दुईतिहाइ बहुमत ल्याएको, दुईपटक एकल बहुमत पाएको र पटक-पटक संसद्को सबैभन्दा ठुलो दल बनेको कांग्रेस यतिखेर किन इतिहासकै सबैभन्दा कमजोर भएर विनाशको डिलमा उभिन पुगेको छ ? के यसको कुनै लेखाजोखा गर्नुपर्दैन ? के अहिले देखिएका गगन गुट र देउवा गुटले एक-अर्कामाथि आरोप-प्रत्यारोप बर्साउँदैमा उसको हारको वास्तविक कारण पत्ता लाग्छ हो ? अनि, यो हारको वास्तविक कारण नखोतली के भविष्यमा कांग्रेस फेरि उठ्न सक्ला त ? किन दुवै पक्ष एक-अर्काविरुद्ध प्रतिशोध साधेरै सक्किने हो ?

संकटको समयमा सबैभन्दा बढी 'आफ्नै'को साथ जरुरी हुन्छ। कांग्रेस पनि यतिखेर संकट मात्र होइन, महासंकटमै छ। उसले अहिले गरिरहेकोजस्तो खेलाँची आगामी दिनमा पनि गरिरह्यो भने इतिहासमा मात्र सीमित हुनेछ उसको नाम। यो 'विनाशकाले विपरीत बुद्धिः' भएका नेतालाई कांग्रेसको भावी इतिहासले गद्दार र पार्टीघाती नेताका रूपमा अंकित गर्नेछ। त्यसैले, वेला छँदै सोच, समानान्तर गतिविधिले दुवै गुट सक्किनेछौ। यो सक्किने बाटो छाड र 'पार्टी मेलमिलाप'को नीति अँगाल।

● **विनय रम्तेल**, सानेपा, ललितपुर

देश/विदेश

जीवनरेखा मानिने ऊर्जालाई बन्धक नबनाइयोस्

इन्धन ढुवानीको भरपर्दो आधार हर्मुजको जलमार्ग अवरुद्ध गर्नुले अन्तर्राष्ट्रिय समुदायको साझा हितलाई पूरा गर्दैन

इरानी बन्दरगाहमा आवतजावत गर्ने समुद्री यातायातलाई लक्षित गर्दै अमेरिकाले नौसेना परिचालन गरेर नाकाबन्दीको घोषणा (इरानसँग जोडिएका सबै मार्ग बन्द गर्दै) गरेसँगै पहिले नै संकटग्रस्त यस क्षेत्रमा थप तनाव बढेको देखिन्छ। यद्यपि, अमेरिकी केन्द्रीय कमान्डले गैरइरानी बन्दरगाह मार्गको स्वतन्त्रता अक्षुण्ण रहन्छ भन्ने कुरामा जोड दिन्छ। तर, साँघुरो जलमार्गमा यस्ता भिन्नता चाँडै पतन हुन्छन्। अमेरिकी घोषणापछि सो जलमार्गको ढुवानी लगभग ठप्प भएको रिपोर्टले उल्लेख गरेका छन्। परिणाम एक विरोधाभास हो। विश्वका लागि पुनः खोल्ने वाचा गरेको हर्मुज जलमार्ग अब अमेरिका आफैंले अझ कडा रूपमा बन्द गरेको छ।

यो तनाव एक नाजुक क्षणमा आइपुगेको छ। इस्लामाबादमा वासिंटन र तेहरानबिच भएको पहिलो चरणको प्रत्यक्ष वार्ताले थोरै मात्र ठोस प्रगति हासिल गरेको देखिन्छ, यद्यपि दुवै पक्ष अनिश्चितकालीन द्वन्द्व चाहँदैनन् वा दुवै यसका थप क्षति सहन सक्षम छैनन्। त्यो साझा अनिच्छा नै हालको प्रक्रियालाई एकसाथ जोडिराख्ने आशाको पातलो त्यान्द्रो हो। यही कारणले गर्दा पछिल्लो अमेरिकी कदम भावी सहमतिप्रतिकूल छ। वासिङ्टनको दृष्टिकोणले कूटनीतिको लेनदेन (व्यापारिक) शैलीलाई प्रतिबिम्बित गर्छ। जसले भूराजनीतिक संकटलाई दबाब, अप्रत्याशितता र आर्थिक लाभमार्फत तीव्र पार्न उच्च जोखिमयुक्त वार्ताका रूपमा 'डिल' गर्छ। यस ढाँचामा, तनाव बढ्दै जानुलाई कूटनीतिक असफलताका रूपमा हेरिएको छैन, बरु यसको एक उपकरणका रूपमा हेरिएको छ। विश्वास यो हो- पर्याप्त दबाब दिनुहोस्, चाहे त्यो सैन्य, आर्थिक वा मनोवैज्ञानिक होस्, ताकि अर्को पक्षले अन्ततः हार मान्नेछ। यद्यपि, मध्यपूर्वका सवालमा भने यस तर्कको अनुमान गलत छ। यस तर्कले मान्छ कि अर्को पक्षले पनि उस्तै लागत गणना साझा गर्छ। तर, तेहरानले त्यसो गर्दैन। यदि केही छ भने इरानले पीडाका लागि बढी सहनशीलता र लामो समयको धैर्य प्रदर्शन गरेको छ।

हर्मुज नाकाबन्दीले अपेक्षितभन्दा विपरीत प्रभाव निम्त्याउने जोखिम छ। छिटो सम्झौता गर्न बाध्य पार्नुको सट्टा यसले स्थितिलाई थप कडा बनाउँछ र गलत हिसाबकिताबको सम्भावना बढाउँछ। सीमित पानीमा नौसेना युद्धाभ्यास, 'घातक हमला'को चेतावनी र नियन्त्रणबाहिर जान सक्ने घटनाको विद्यमान जोखिमले खतरनाक प्रतिक्रिया चक्रलाई औंल्याउँछ।

अनि यसको परिणाम लाभ होइन, पक्षाघात हुनेछ। विश्वव्यापी अर्थतन्त्र थप झट्काका लागि तयार हुनुपर्नेछ। चिनियाँ विदेशमन्त्री वाङ यीले बेइजिङमा चीनका लागि संयुक्त अरब इमिरेट्सका राष्ट्रपतिका विशेष दूतसँगको भेटमा भनेझैं इन्धन ढुवानीको भरपर्दो आधार हर्मुजको जलमार्ग अवरुद्ध गर्नुले अन्तर्राष्ट्रिय समुदायको साझा हितलाई पूरा गर्दैन। राजनीतिक र कूटनीतिक माध्यम नै विद्यमान समस्या समाधान गर्ने र दिगो युद्धविराम प्राप्त गर्ने आधारभूत तरिका हुन्।

तैपनि, अमेरिका-इरान गतिशीलतालाई अझ जटिल बनाउनुमा इजरायलको भूमिका छ। इजरायली सरकारले लेबननमा तनाव कम गर्न र वार्ताका लागि



थोरै उत्साह देखाएको छ। यसले पहिले नै जटिल वार्ता प्रक्रियामा थप जटिलता थपेको छ। वासिंटन र तेहरानले साझा आधार फेला पारे पनि लेबनान समस्या झन् जटिल बनेको छ। यसले गतिरोध सिर्जना गर्छ।

अमेरिका र इरान दुवैले एक-अर्काको प्रतिबद्धतालाई पूर्ण रूपमा विश्वास गर्न सक्दैनन्। आफ्नै एजेन्डा भएको तेस्रो पक्ष थप्दा गलत निर्णयको सम्भावना बढ्छ। खतरा यो होइन कि कूटनीति पूर्ण रूपमा असफल हुनेछ, तर यो बारम्बार जोखिममा पर्नेछ।

जब चरम सीमामा हस्तक्षेप हुन थाल्छ, तब ट्याक्कै त्यस्तै प्रकारको स्थिर, नियममा आधारित दृष्टिकोण आवश्यक हुन्छ। वास्तविकता यो हो कि वासिंटन र तेहरान दुवैले बल प्रयोग गरेर मात्र आफ्नो उद्देश्य छिटो प्राप्त गर्न सक्षम हुनेछैनन्। बरु, त्यसले सम्झौताको अन्तिम लागत अझ बढाउनेछ।

हर्मुजको जलमार्ग लक्षण र चेतावनी दुवै हो। जब विश्वव्यापी साझा सम्झौता मोलमोलाइको माध्यम बन्छ, अस्थायी अवरोध स्थायी अस्थिरतामा परिणत हुने जोखिम हुन्छ। युद्धरत पक्षले बुझ्नुपर्छ कि कूटनीति धेरै महत्त्वपूर्ण छ। बेइजिङले आग्रह गरेझैं सम्बन्धित सबै पक्षले शान्ति र संयम अपनाउनुपर्छ। तनाव कम गर्न चीन निरन्तर सकारात्मक र रचनात्मक भूमिका खेल्न तयार छ।

कूटनीतिले बिरलै तुरुन्तै परिणाम दिन्छ। यसका लागि धैर्य, विश्वसनीयता र अपूर्ण परिणाम पनि स्वीकार गर्ने तत्परता चाहिन्छ। इस्लामाबादमा भएको वार्ता विफल भए पनि सकारात्मक नतिजाको ढोका बन्द भइसक्यो भनेर निराश भइरहाल्नुपर्दैन।

चाइना डेलीको सम्पादकीयबाट

इरान युद्धले सिकाएको पाठ

युद्धमा विजय अब गति वा प्रारम्भिक प्रभुत्वबाट नभई सहनशीलता, अनुकूलनशीलता र जटिल वातावरणभित्र सञ्चालन गर्ने क्षमताले परिभाषित हुनेछ

शनिबार संयुक्त राज्य अमेरिका र इरानले एक दशकभन्दा बढी समयपछि पहिलोपटक प्रत्यक्ष वार्ता गरे। अमेरिका र इरान आआफ्ना अडानमा अडिग रहेकाले वार्ता विनासम्झौता समाप्त भयो। अब के हुन्छ भन्ने कुरा स्पष्ट नभए पनि विगत डेढ महिनाको लडाइँले यस द्वन्द्वबारे मात्र नभई आधुनिक युद्धको प्रकृतिबारे पनि सिक्नुपर्ने महत्त्वपूर्ण पाठ प्रकाश पारेको छ। यी कुरा वासिंटनका निर्णयकर्ताका लागि प्रमुख विचारमा परिणत हुन सक्छन्, किनकि उनीहरूले आगामी दिनमा अब के गर्ने भनेर निर्धारण गर्छन्।



● अब्दुल्ला बन्दर अल इतैबी

अल इतैबी कतार विश्वविद्यालयको कलेज अफ आर्टस् एन्ड साइन्सका सहायक प्राध्यापक हुन्।

■ मात्रा र भूगोलले राख्छ महत्त्व

इरानले त्यस्तो स्केलमा काम गर्छ, जसले कुनै पनि प्रत्यक्ष टकरावलाई तुरुन्तै जटिल बनाउँछ। लगभग १.६४ मिलियन वर्गकिलोमिटर (६ लाख ३३ हजार दुई सय वर्गमाइलभन्दा बढी) को भूभाग र नौ करोडभन्दा बढी जनसंख्या भएको यो देश हालसालै ठुला युद्ध भएका वातावरणको तुलनामा नगण्य छ। तुलनात्मक रूपमा २००३ मा अमेरिकी नेतृत्वको गठबन्धनद्वारा आक्रमण गरिएको इराकमा इरानको लगभग एकचौथाइ भूभाग र आधा जनसंख्या छ। अफगानिस्तान र युक्रेन आकारमा ठुला भए पनि क्षेत्रफल र जनसांख्यिकीय दुवैमा अझै पनि उल्लेखनीय रूपमा साना छन्।

यो कुरा महत्त्वपूर्ण छ, किनकि सैन्य कारबाही गैरेखीय रूपमा बढ्छन्। ठुलो क्षेत्रलाई केवल थप सेना र हतियार आवश्यक पर्दैन, बरु थप रसद, लामो आपूर्ति लाइन र विस्तारित गुप्तचर कभरेज आवश्यक पर्छ। स्केलले युद्धको योजनालाई जटिल बनाउँछ भने भूगोलले यसलाई अझ जटिल बनाउँछ।

इराकमा अमेरिकी आक्रमणले अनुकूल भूभागबाट फाइदा उठायो। गठबन्धन सेना अपेक्षाकृत समतल दक्षिणी मरुभूमि र नदी उपत्यका हुँदै द्रुत गतिमा अगाडि बढे, जसले गर्दा बग्दादतिर द्रुत गतिमा धकेल्न सम्भव भयो। अब यहाँ युक्रेनको पनि सन्दर्भ जोडौँ। रुसी सेनाले युक्रेनको तुलनात्मक रूपमा समतल भूदृश्यबाट पनि फाइदा उठाए। समतल भूभागको समस्या यो हो कि यसले सेनालाई शत्रुको आक्रमणमा पार्छ, किनकि तिनीहरूको चाल सजिलै पत्ता लगाउन सकिन्छ।



आन्तरिक विविधताले जोखिम निम्त्याउँछ भन्ने धारणालाई प्रायः बढाइचढाइ गरेको पाइन्छ। इरान जातीय रूपमा विविध छ। अजरबैजानी, कुर्द, अरब, बलुच र अन्य अल्पसंख्यकले यसको जनसंख्याको एक महत्त्वपूर्ण हिस्सा ओगटेका छन्। तैपनि, ऐतिहासिक अनुभवले सुझाव दिन्छ कि बाह्य खतराले राष्ट्रिय एकतालाई टुटाउनुको सट्टा बलियो बनाउँछ।

अफगानिस्तानले विपरीत चुनौती प्रस्तुत गऱ्यो- पहाडी भूभाग, जसले परम्परागत सञ्चालनलाई सीमित गऱ्यो र हवाई शक्ति, विशेष बल र स्थानीय सहयोगीमा निर्भरता हुन बाध्य पाऱ्यो। यद्यपि, इरानले दुवै वातावरणको सबैभन्दा खराब पक्षलाई धेरै ठुलो मात्रामा संयोजन गर्छ। जाग्रोस पर्वतहरू इरानको पश्चिमी सिमानामा फैलिएका छन्, जसले प्राकृतिक रूपमा रक्षात्मक बनाउँछ। उत्तरमा रहेको अल्बोर्ज पर्वतहरूले तेहरानसहित प्रमुख जनसंख्या केन्द्रलाई सुरक्षा दिन्छन्। केन्द्रीय पठारले विशाल मरुभूमि विस्तार प्रस्तुत गर्छ, जसले सैन्य चालबाजीलाई जटिल बनाउन सक्छ। यसैबिच, खाडी र ओमानको खाडीमा इरानको लामो तटरेखाले समुद्री जोखिम बढाउँछ।

इरानको पहाडी भूभागले स्थल आक्रमणलाई लगभग असम्भव मात्र बनाउँदैन, बरु मिसाइल प्रक्षेपणकर्ता, सैन्य उत्पादन सुविधा र हवाई प्रतिरक्षा लुकाउने प्रशस्त अवसर पनि प्रदान गर्छ। यसको अर्थ हवाई अभियानमा सीमित द्वन्द्व पनि धेरै महिनासम्म लम्बिन सक्छ, किनकि इरानले बदला लिने क्षमता राख्छ।

■ बलियो र एकताबद्ध रक्षा

आन्तरिक विविधताले जोखिम निम्त्याउछ भन्ने धारणालाई प्रायः बढाइचढाइ गरेको पाइन्छ। इरान जातीय रूपमा विविध छ। अजरबैजानी, कुर्द, अरब, बलुच र अन्य अल्पसंख्यकले यसको जनसंख्याको एक महत्त्वपूर्ण हिस्सा ओगटेका छन्। तैपनि, ऐतिहासिक अनुभवले सुझाव दिन्छ कि बाह्य खतराले राष्ट्रिय एकतालाई टुटाउनुको सट्टा बलियो बनाउँछ। युक्रेन यसको पछिल्लो उदाहरण हो। भाषिक र क्षेत्रीय भिन्नताका बाबजुद रुसी हमलाले युक्रेनी राष्ट्रिय पहिचान र प्रतिरोधलाई बलियो बनायो।

इरानले पनि यस्तै मार्ग पछ्यायो। बाह्य सैन्य दबाबले राज्यलाई विघटन गरेन, बरु झन् सुदृढ बनायो। नियमित सेना र इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) गरी आठ लाखभन्दा बढी सक्रिय कर्मचारीसहित इरानसँग परम्परागत र असममित युद्ध दुवैका लागि डिजाइन गरिएको तहयुक्त रक्षा प्रणाली छ। यसको सिद्धान्तले फैलावट, बाँच्न सक्ने क्षमता र दीर्घकालीन प्रतिरोधमा जोड दिन्छ।

२००३ मा इराकको अवस्था (जसको सेना प्रतिबन्ध र पहिलेको द्वन्द्वका कारण कमजोर भएको थियो) को विपरीत इरानले एक सक्रिय राज्य उपकरण, एकीकृत कमान्ड संरचना, व्यापक मिसाइल र ड्रोन क्षमता कायम राखेको छ। यहाँ, युक्रेनले अर्को महत्त्वपूर्ण पाठ प्रदान गर्छ, ठुलो, आधुनिक सेनाले पनि सानो तर दृढ र व्यवस्थित रक्षकविरुद्ध निर्णायक नतिजा निकाल्न असफल हुन सक्छ। रुसले द्रुत विजय र शासन परिवर्तनको आशामा ठुलो शक्तिका साथ युक्रेनमा प्रवेश गऱ्यो। तैपनि युद्ध चाँडै उच्च लागत र सीमित रणनीतिक लाभसहित लामो द्वन्द्वमा विकसित भयो।

■ परम्परागत हतियारका सीमा

परम्परागत हतियारको प्रभावकारिताबारे सिक्नुपर्ने पाठ पनि छन्। विगत डेढ महिनाको तथ्यांकले देखाएको छ कि आक्रमण अवशोषित गर्न र टिक्न अत्यधिक वायु श्रेष्ठता पनि निर्णायक बन्न सक्दैन। इरानको ब्यालिस्टिक मिसाइल र ड्रोन क्षमता यस गतिशीलताका केन्द्रबिन्दु हुन्। छिट्टै निष्क्रिय पार्न सकिने तीव्र, उच्च मूल्यवान सम्पत्तिमा भर पर्नुको सट्टा इरानले छरिएको र तहबद्ध प्रणाली विकास गरेको छ। मिसाइल प्रक्षेपणकर्ता, भण्डारण सुविधा र उत्पादन स्थल पहाडी भूभाग वा कडा भूमिगत पूर्वाधारमा जडान गरिएका छन्, जसले गर्दा तिनीहरूलाई पत्ता लगाउन र हटाउन गाह्रो छ। यसले फराकिलो बुँदालाई बलियो बनाउँछ, भूगोल द्वन्द्वको पृष्ठभूमि मात्र होइन, यो इरानको रक्षात्मक रणनीतिमा सक्रिय रूपमा एकीकृत छ।

साथै, ड्रोन र कम लागतको मिसाइल प्रणालीमा इरानको बढ्दो निर्भरताले फरक प्रकारको चुनौती दिन्छ। यी प्रणालीलाई सटिकता वा प्रभुत्व प्राप्त गर्न आवश्यक छैन, तिनीहरूलाई समयसँगै टिकाउन र शत्रुलाई दबाब कायम राख्न मात्र आवश्यक छ। यसो गर्दा तिनीहरूले सबैभन्दा उन्नत वायु रक्षा प्रणालीमा पनि निरन्तर सञ्चालन भार थोपर्छन्। यसले संरचनात्मक असन्तुलन सिर्जना गर्छ। अत्यधिक परिष्कृत र महँगो सैन्य प्लेटफर्म हतियारहरूको प्रतिरोध गर्न प्रयोग गरिन्छ, जुन उल्लेखनीय रूपमा सस्तो र पुनः उत्पादन गर्न सजिलो छ।

युद्धको रणनीतिक अर्थ

इरान २००१ को अफगानिस्तान होइन, न २००३ को इराक हो, न त २०२२ को युक्रेन नै। यी तीनवटैको मिश्रण हो- मात्रा, जटिलता र लचिलोपनको संयोजन। एकसाथ लिँदा यी कारकले यस द्वन्द्वको केन्द्रीय निष्कर्षलाई बलियो बनाउँछन्, इरान केवल एक कठिन लक्ष्य होइन, यसले युद्धको रणनीतिक गणनालाई मौलिक रूपमा परिवर्तन गर्छ। स्केल, भूगोल र लचिलोपनको संयोजनको अर्थ कुनै पनि द्वन्द्व लामो, महँगो र परिणाममा अनिश्चित हुने सम्भावना हुन्छ। यसले व्याख्या गर्न सक्छ कि निरन्तर सैन्य दबाबका बाबजुद युद्धले जमिनमा निर्णायक परिवर्तन ल्याएन। बरु, यो अस्थायी विरामतिर सऱ्यो। यसले भविष्यमा हुने द्वन्द्व असम्भव छ भन्ने संकेत गर्दैन।

बरु, यसले यस्तो द्वन्द्वको प्रकृति हामीले यस डेढ महिनामा देखेकोभन्दा फरक हुन सक्छ भन्ने संकेत गर्छ। द्रुत विजयको सम्भावना कम हुँदा र तनाव वृद्धिको लागत उच्च हुँदा प्रत्यक्ष, ठुलो स्तरको टकराव कम आकर्षक हुन्छ। अमेरिका र अन्य प्रमुख शक्तिका लागि यसको प्रभाव उत्तिकै महत्त्वपूर्ण छ। २००३ मा इराकमा देखिएको द्रुत, निर्णायक अभियानको अपेक्षा यस सन्दर्भमा धेरै कम लागू हुन्छ। सैन्य श्रेष्ठताले अझै पनि युद्धभूमिलाई आकार दिन सक्छ, तर यसले समयलाई सजिलै संकुचित गर्न वा परिणामको सुनिश्चित गर्न सक्दैन।

अन्ततः, द्वन्द्वले आधुनिक युद्धको प्रकृतिमा व्यापक परिवर्तनलाई औंल्याउँछ। विजय अब गति वा प्रारम्भिक प्रभुत्वद्वारा परिभाषित गरिएको छैन, बरु सहनशीलता, अनुकूलनशीलता र जटिल वातावरणभित्र प्रभावकारी रूपमा सञ्चालन गर्ने क्षमताद्वारा परिभाषित गरिएको छ। यो युद्ध पुनः सुरु गर्ने कि नगर्ने भन्नेबारे अमेरिका द्विविधामा परेको हुन सक्छ।

- अलजजिराबाट

इतिहासमा आज

अप्रिल १५



सन् १८६५ : अघिल्लो दिन नाटक हेर्ने क्रममा जोन विल्किस बुथले गोली हानेको ९ घण्टापछि अमेरिकी राष्ट्रपति अब्राहम लिंकनको निधन भयो।

● **सन् १२६०** : ग्रेट खान मोङ्केका मृत्युपछि उनका दुई भाइबिच उत्पन्न उत्तराधिकारीको विवादबिच 'कुरुलताई(मंगोल महासभा)' बोलाइयो। सभाले मोङ्केका भाइ कुब्लाई खानलाई नयाँ सम्राट (ग्रेट खान) नियुक्त गरेसँगै उनका पनि भाइ एरिक बोकेले विद्रोह गरे। चार वर्ष लामो गृहयुद्धपछि अन्ततः एरिक पराजित भएका थिए।

● **सन् १४५०** : 'फेर्मिङ्नीको युद्ध'मा फ्रान्सको निर्णायक जितसँगै बेलायत सयवर्षे युद्धमा हार्ने स्थितिमा पुग्यो।

● **सन् १५०२** : उत्तर अमेरिकामा स्पेनिस उपनिवेश 'हिस्पानियोला'मा क्रिस्टोफर कोलम्बसले खराब शासन गरिरहेको गुनासोबिच स्पेनका राजाद्वारा नयाँ गभर्नरका रूपमा पठाइएका 'निकोलस द ओभान्डो वाई कासेरेस' यसै दिन सो टापु आइपुगे।

● **सन् १६५८** : मुगल सम्राट् शाहजहाँको मृत्युपछि उनका दुई छोराबिच उत्तराधिकारीका लागि सुरु भएको संघर्षका क्रममा यो दिन 'दरमतको युद्ध' भयो। युद्धमा भाइ औरङ्जेबको फौजले दाइ दारा सिकोहको सेनाविरुद्ध निर्णायक जित हासिल गऱ्यो।

● **सन् १७८३** : अमेरिकी संसद्ले ब्रिटेनविरुद्ध चलिरहेको 'अमेरिकी स्वतन्त्र संग्राम' अन्त्य गर्नेसम्बन्धी एक सम्झौताको खाका पारित गऱ्यो। यही खाकाअनुसार सोही वर्ष सेप्टेम्बर ३ मा पेरिसमा औपचारिक सम्झौता भएको थियो।

● **सन् १९२३** : भर्खरै परीक्षण पूरा भएको मधुमेहको औषधि 'इन्सुलिन' आमरूपमा उपलब्ध हुन थाल्यो।

● **सन् १९४८** : भारतमा स्वतन्त्रताअघि ससाना ३० राज्य रहेको भागलाई जोडेर 'हिमाचल प्रदेश' गठन गरियो। सुरुमा प्रशासनिक निकाय मात्र रहेको यो भेग सन् १९५६ मा 'युनियन टेरिटोरी' र सन् १९७१ मा पूर्ण राज्य घोषित भयो।

● **सन् १९७०** : लिबियाली नेता मुअम्मर गद्दाफीले देशको सामाजिक स्थिति फेर्न 'सांस्कृतिक क्रान्ति' घोषणा गरे।

नीतीश कुमारको राजीनामा

भाजपाका सम्राट चौधरी मुख्यमन्त्री बन्दै

नयाँदिल्ली / भारतीय जनता पार्टी (भाजपा)को विहार शाखाका संसदीय दलका नेता निर्वाचित भएपछि एनडिए गठबन्धनबाट सम्राट चौधरी विहारका मुख्यमन्त्री बन्ने पक्का भएको छ। वरिष्ठ भाजपा नेता तथा बिहार पर्यवेक्षक शिवराज सिंह चौहानले मंगलबार सम्राट चौधरीलाई भाजपा व्यवस्थापिका दलको नेतामा निर्वाचित भएको घोषणा गरेका थिए। मंगलबार नै विहारका मुख्यमन्त्री पदबाट नीतीश कुमारले राजीनामा दिएपछि पटनामा भाजपा व्यवस्थापिका दलको बैठक बसेको थियो। सोही बैठकले भाजपाको संसदीय दलका नेतामा चौधरीलाई निर्वाचित गरेको थियो।



नीतीश कुमार



सम्राट चौधरी

नीतीश कुमार पहिलोपटक सन् २००० मा छोटो समयका लागि विहारको मुख्यमन्त्री बनेका थिए। त्यसपछि सन् २००५ देखि सन् २०१४ सम्म र बिचमा एक वर्षको अन्तरपछि सन् २०१५ देखि निरन्तर राज्यको मुख्यमन्त्री रहे। राज्यको इतिहासमा सबैभन्दा लामो समय मुख्यमन्त्रीको रेकर्ड बनाएका नीतिशले पूर्वाधार निर्माणमा उल्लेखनीय योगदान गरेको मानिन्छ। बिहार भारतका हिन्दीभाषीको बाहुल्य रहेको राज्यमध्ये हालसम्म भाजपाको कहिल्यै मुख्यमन्त्री नभएको राज्य रहँदै आएको थियो। यो अवस्था अब बुधबार अन्त्य हुने भएको छ। भाजपा नेता लखेन्द्र पासवानले सम्राट चौधरीले बुधबार बिहान स्थानीय समयअनुसार १०:३० बजे मुख्यमन्त्रीको शपथ लिने बताएका छन्।

उत्तर कोरियाको आणविक निःशस्त्रीकरण अब छैन सम्भव



उत्तर कोरियाको आणविक कार्यक्रमको मौन स्वीकृति अमेरिकाका लागि भविष्यमा हतियार नियन्त्रण वार्ता सुनिश्चित गर्ने एक मात्र तरिका हुन सक्छ



● जेम्स पार्क

पार्क 'क्विन्सी इन्स्टिच्युट'का पूर्वी एसिया कार्यक्रमका अनुसन्धान सहयोगी हुन्।

फेब्रुअरीको अन्त्यमा उत्तर कोरियाको सत्तारुढ वर्कस पार्टीको नवौं कंग्रेस आयोजना भएको थियो। त्यसमा पार्टी नेता किम जोङ उनले सम्बोधन गर्ने क्रममा देशको आणविक स्थितिबारे पुनः जोड दिए। उसो त सन् २०२३ मा उत्तर कोरियाले संविधान सशोधन गर्दै देशलाई 'आणविक अस्त्र सम्पन्न मुलुक' भनेको छ। साथै यस धारालाई 'पूर्णतः अपरिवर्तनीय' भनेको छ। किमले नवौं कंग्रेसको सम्बोधनमा आफूहरू संयुक्त राज्य अमेरिकासँग वार्ता गर्न तयार रहेको तर त्यसका लागि अमेरिकाले संविधानमा निर्दिष्ट हाम्रो राज्यको वर्तमान स्थितिलाई सम्मान गर्नुपर्ने बताए।

नवौं कंग्रेसमा किमको भाषण विगत एक वर्षको अवधिमा प्योङ्याङले वासिंटनलाई दिँदै आएको वार्ताका सर्तको पुनरावृत्ति रह्यो। किमको भाषणपछि प्रतिक्रिया दिँदै ह्वाइट हाउसले उत्तर कोरियासम्बन्धी अमेरिकी नीति परिवर्तन नभएको बताएको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कुनै पूर्वसर्तविना किम जोङ उनसँग कुरा गर्न खुला छन्।

यदि ट्रम्प प्रशासनलाई उत्तर कोरियासँग कूटनीति पुनः सुरु गर्ने कुनै इच्छा छ भने अब वार्ता सर्तविना हुनेछ भनेर दोहोऱ्याउनु मात्र अपर्याप्त हुने देखिएको छ। अर्थात्, वासिंटनले उत्तर कोरियाको आणविक निःशस्त्रीकरणलाई वार्ता टेबुलमै नल्याउने साहसी निर्णय गर्नुपर्ने अवस्था आएको छ।

■ उत्तर कोरियाको बढ्दो रणनीतिक लाभ

वासिंटनका लागि उत्तर कोरियाको आणविक निःशस्त्रीकरण, चाहे त्यो कूटनीतिक माध्यमबाट होस् या बल प्रयोगमार्फत, असम्भवजस्तै देखिन्छ। ट्रम्पको पहिलो कार्यकालको समयमा सन् २०१८ वा २०१९ मा किम जोङ उनलाई आणविक निःशस्त्रीकरणसम्बन्धी वार्तामा सहमति जनाउनुपर्ने व्यावहारिक कठिनाइ थिए। उल्लेखनीय प्रगति भइरहेको भए पनि त्यतिवेलासम्म उत्तर कोरियाले आणविक निरोध पूर्णतः हासिल गर्न सकिरहेको थिएन। त्यसबाहेक भूराजनीतिक अवस्था पनि प्योङ्याङ प्रतिकूल थियो। चीन र रुसले त्यस समय उत्तर कोरियासँग एक खालको दूरी कायम राखेका थिए। उत्तर कोरियाको दीर्घकालीन रणनीतिक दृष्टिकोणसमेत त्यति आशाजनक थिएन।

अहिले प्योङ्याङको रणनीतिक अवस्था धेरै राम्रो छ। रुससँगको पुनर्जीवित गठबन्धन र चीनसँगको सुधारिएको सम्बन्धका कारण अन्तर्राष्ट्रिय प्रतिबन्धको सामना गर्न उत्तर कोरिया बढी सक्षम भएको छ। सन् २०१९ मा ट्रम्प-किमबिच भएको अन्तिम शिखर सम्मेलनयता उत्तर कोरियाले आफ्नो आणविक क्षमतामा उल्लेखनीय प्रगति गरिसक्यो। अहिले उत्तर कोरिया छिमेकी दक्षिण कोरिया तथा जापानमा रहेका अमेरिकी आधार मात्र होइन, सम्भवतः अमेरिकी भूमिसम्म नै आणविक बम प्रहार गर्न सक्षम बनेको छ। यी सबै प्रवृत्तिलाई ध्यानमा राख्दा किमशासन 'पहिलेभन्दा बढी सुरक्षित' देखिन्छ।

■ अब औचित्यहीन आणविक निःशस्त्रीकरण

ट्रम्प प्रशासनको उत्तर कोरियासँग वार्ताको टेबलमा बस्ने कुनै मनसाय छ भने यसले आणविक निःशस्त्रीकरणभन्दा बाहिर जानुपर्ने अवस्था आएको छ। अमेरिकाले अब त्यसभन्दा अगाडिको चरणबारे गम्भीरतापूर्वक सोच्नुपर्ने वेला आएको छ। निश्चित रूपमा यो व्यवहारमा उतार्न कठिन कार्य हो।

वासिंटनका लागि अनिश्चितताको एउटा ठुलो स्रोत आणविक निःशस्त्रीकरण वार्ताको टेबलबाट हटाइएपछि उत्तर कोरियासँग के विषयमा छलफल गर्ने भन्ने अनिश्चितता पनि छ। त्यसअघि अमेरिकासामु दुई विकल्प छन्। प्योङ्याङलाई आणविक राज्यको रूपमा 'मौन मान्यता' दिने कि त्योभन्दा 'औपचारिक मान्यता' दिने ? हेर्दा उस्तै लाग्ने यी दुई कुरामा भिन्नता छ।

उत्तर कोरियालाई आणविक राज्यको रूपमा मौन मान्यता दिएपछि संयुक्त राज्य अमेरिकाले आफ्नो सार्वजनिक नीतिबाट मौन रूपमा आणविक निःशस्त्रीकरणको विषय हटाउनुपर्नेछ। तथापि, यस माध्यम अपनाइए उत्तर कोरियाको आणविक स्थितिलाई सार्वजनिक रूपमा मान्यता दिनबाट अमेरिका बच्नेछ। यस परिदृश्यमा अमेरिकी नीतिको ध्यान आणविक हतियारको थप विस्तार नियन्त्रण र स्थिरतामा सर्नेछ। मौन मान्यताका आफ्नै जोखिम हुन्छन्, तथापि यसका परिणाम वासिंटनले व्यवस्थापन गर्न सक्छ।

अर्कोतर्फ, उत्तर कोरियालाई औपचारिक रूपमा आणविक हतियार भएको देशको मान्यता दिने विकल्प रोजे संयुक्त राज्य अमेरिकासँगै अन्तर्राष्ट्रिय समुदायले उत्तर कोरियालाई वैध आणविक शक्ति राष्ट्र मान्नुपर्नेछ। त्यसपछि उत्तर कोरियालाई समावेश गर्न 'अप्रसार सन्धि (एनपिटी)'को संशोधन आवश्यक पर्नेछ।

खासमा उत्तर कोरियाका लागि निश्चित सर्त (लेनदेन)का आधारमा संयुक्त राज्य अमेरिकासँगको सम्बन्ध सुधार गर्नु नै उत्तम हुन्छ। यसले उसको दीर्घकालीन भूराजनीतिक लाभ वृद्धि गर्छ। अहिले सम्बन्ध राम्रो भए पनि मस्को र बेइजिङसँग प्योङ्याङको सम्बन्ध यस्तै स्थिर रहन्छ भन्न सकिँदैन। उत्तर कोरिया र ती दुई देशबिचको सम्बन्धमा इतिहासमा धेरै उतारचढाव देखिएको छ। यसैले वासिंटनसँगको सहज सम्बन्धले प्योङ्याङलाई दीर्घकालीन रणनीतिक लाभ हुनेछ।

उत्तर कोरियालाई आणविक अस्त्र सम्पन्न राष्ट्रको मान्यता दिने-नदिने, दिए मौन दिने कि सार्वजनिक भन्ने द्विविधाबाहेक वासिंटनले विचार गर्नुपर्ने अरू पनि कठिन प्रश्न छन्। यसमा मुख्यतः दक्षिण कोरियामा अमेरिकी सेनाको स्थिति र संख्याको विषय छ। हुन त लेनदेनमा प्योङ्याङ आफैंले पनि केही अमेरिकी सेनालाई कोरियाली प्रायद्वीपमा रहन दिन सहमत हुन सक्छ। तर, वासिंटन आफैंले पनि अझै दक्षिण कोरियामा झन्डै ३० हजार अमेरिकी सेना राखिरहनु आवश्यक छ कि छैन भनेर विचार गर्नुपर्छ।

दशकौंदेखि यथावत् रहेको यो संख्या विगतमा दक्षिण कोरिया कमजोर हुँदा ठिक थियो होला। तर, केही समययता दक्षिण कोरियाको परम्परागत सेना निकै बलियो बनिसकेको छ। परम्परागत सैन्य शक्तिमा दक्षिण कोरिया अहिले उत्तर कोरियालाई धेरै पछाडि छाडेर विश्वमै शीर्ष स्थानमा आएको छ। कोरियाली प्रायद्वीपमा निरोध कायम राख्न अमेरिकासँग अन्य विकल्प छैदै छन्। प्रमुखतः अमेरिकी आणविक छाता (सुरक्षा), अमेरिकी गुप्तचर, निगरानी र जासुसी क्षमता आदिको प्रयोग गर्दा अमेरिकी सैन्य उपस्थिति नै खासै चाहिँदैन। र, अमेरिकी सेनाको संख्यामा गरिने कटौती ट्रम्पले चुनावअघि विदेशमा अमेरिकी सैन्य संलग्नता घटाउने वाचाअनुरूप पनि हुनेछ।

वास्तवमा, आणविक निःशस्त्रीकरणपछि के होला भनेर सोच्दा धेरै कठिन र असहज प्रश्न उब्जन्छन्। त्यस्तो कठिनाइको सामना गर्नुभन्दा यथास्थितिकै निरन्तरता दिनु उत्तम भन्ने वासिंटनका नीति-निर्मातालाई लाग्न सक्छ। तर, 'आणविक निःशस्त्रीकरण'को पछि लाग्दा आणविक क्षमता भएको उत्तर कोरियालाई रोक्न सकिने सोचका साथ खतरनाक रूपमा शत्रुता वृद्धिमा जोड दिने सम्भावना हुन्छ। यसको मूल्य विश्वलाई नै चर्को पर्न सक्छ। उत्तर कोरियाको बढ्दो आणविक क्षमता हेर्दा आज नभए पनि ढिलोचाँडो वासिंटनले आणविक निःशस्त्रीकरणभन्दा बाहिर गएर उत्तर कोरियासँग वैकल्पिक सम्बन्ध खोजी गर्ने देखिन्छ।

- नेसनल इन्ट्रेस्टबाट

■ इन्धनको मूल्यवृद्धि र अभावको असर

पूर्वाधार निर्माण सुस्त, लागत वृद्धि

जेनजी आन्दोलन, असोजको बाढी, बजेट कटौती र चुनावले प्रभावित निर्माणकार्य अब भने द्रुत गतिमा अघि बढ्ने अपेक्षा थियो, तर इन्धन, बिटुमिन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धि र त्यसको अभावले परियोजनाको निर्माण प्रभावित

मिलन विश्वकर्मा/नयाँ पत्रिका

इन्धन र बिटुमिनजस्ता निर्माण सामग्रीको मूल्यमा भएको उच्च वृद्धि र त्यसको अभावले सडक, पुल, सिँचाइ तथा जलविद्युत् परियोजनाको निर्माण सुस्त भएको छ। पछिल्लो केही सातादेखि निर्माणकार्य प्रभावित भएको र कहिले साम्य हुन्छ भन्नेमा पनि अनिश्चितता रहेको विभिन्न परियोजनाका प्रमुखहरू बताउँछन्। त्यसले गर्दा निकट भविष्यमा ठेक्काको म्याद थप गर्नुपर्ने अवस्था आउन सक्ने सूर्यविनायक धुलिखेल सडक परियोजनाका प्रमुख विजयकुमार महतोले बताए। 'यो काबुबाहिरको परिस्थिति हो। तसर्थ, निर्माण व्यवसायीलाई आवश्यक सहयोग गर्न हामी तयार छौँ,' प्रमुख महतोले भने, 'आवश्यक परेको अवस्थामा म्याद थप गर्न पनि तयार हुन्छौँ।'

सुक्खा यामका कारण मंसिरदेखि जेठसम्मलाई निर्माणका लागि उपयुक्त समय मानिन्छ। तर, यही समयमा जेन-जी आन्दोलन, असोजको बाढी, बजेट कटौती र चुनावले प्रभावित निर्माणकार्य अब द्रुत गतिमा अघि बढ्ने अपेक्षा थियो। इन्धन, बिटुमिन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धि र त्यसको अभावले परियोजनाको निर्माण पुनः प्रभावित भएको छ।

फागुन १६ अर्थात् २८ फेब्रुअरीदेखि सुरु भएको अमेरिका-इरान युद्ध र त्यसपछिका तनावले विश्व बजारमा इन्धनको मूल्य उच्च दरमा बढेको छ। त्यसपछि नेपालमा पनि यसको मूल्य उच्च दरमा बढाइएको छ। त्यसको असरले स्वदेशमै उत्पादन हुने सिमेन्ट, डन्डीजस्ता निर्माण सामग्रीको पनि मूल्य बढेको छ। त्यसले स्वतः परियोजना निर्माणको लागत बढाउँदै गएको छ। अहिले निर्माण लागत औसतमा ३० प्रतिशतले बढेको निर्माण व्यवसायीहरू बताउँछन्।

इरान युद्धअघि डिजेलको मूल्य प्रतिलिटर १४० रुपैयाँ हाराहारी थियो। अहिले डिजेलको मूल्य प्रतिलिटर २०४.५ रुपैयाँ पुगेको छ। यसैगरी प्रतिकिलो बिटुमिनको मूल्य ९० रुपैयाँबाट बढेर एक सय ४२ रुपैयाँ पुगेको छ। डन्डीको मूल्य प्रतिकिलो ७३ बाट बढेर ९० रुपैयाँ पुगेको छ। पछिल्लो एक महिनामा सिमेन्टको मूल्य पनि बोरामा १०० रुपैयाँ हाराहारीले बढेको छ। कच्चा पदार्थको आयात प्रभावित हुँदा निर्माण सामग्रीको उत्पादन पनि घटेको छ। यसैगरी सडक कालोपत्रेमा प्रयोग गरिने बिटुमिनको आयात हुन सकेको छैन। पछिल्लो समय निर्माण व्यवसायीले डिजेलसमेत मागअनुसार पाउन नसकेका कारण सिजनमै निर्माणकार्य सुस्त भएको छ। जति काम भएको छ, त्यसको लागत पनि उच्च छ।



■ नागढुंगा-मुग्लिन सडकमा कालोपत्रे ठप्प

बिटुमिन अभाव भएसँगै संघीय राजधानीलाई जोड्ने सबैभन्दा ठुलो सडक नागढुंगा-मुग्लिन सडकको स्तरोन्नतिमा कालोपत्रे ठप्पजस्तै भएको छ। अहिले परियोजनामा अत्यावश्यक काम मात्रै भएका छन्। पर्खाल निर्माण, पुल निर्माणका काम अघि बढे पनि एकदमै धिमा गतिमा भएको छ।

परियोजनाको पूर्वी खण्डका प्रमुख केशवप्रसाद ओझाले दुई सातादेखि निर्माणका गतिविधि सुस्त भएको बताए। 'निर्माण व्यवसायीले इन्धन, बिटुमिनलगायतका सामग्रीको अभाव भएको जानकारी दिएको छ। झन्डै दुई सातादेखि निर्माण गतिविधि ठप्पजस्तै भएको छ। अत्यावश्यक मात्रै काम भएको छ,' उनले भने, 'यो परियोजनामा दैनिक २० हजार लिटर डिजेल चाहिन्छ। तर, निर्माण व्यवसायीले तीन हजार लिटर मात्रै डिजेल पाएको देखिन्छ। बिटुमिन अभाव हुँदा कालोपत्रेको काम ठप्प छ।

■ सूर्यविनायक-धुलिखेलमा रोकियो कालोपत्रे

पूर्वी नेपाललाई काठमाडौंसँग जोड्ने सूर्यविनायक-धुलिखेल सडकमा पनि कालोपत्रे ठप्प भएको छ। हाल उक्त सडक स्तरोन्नतिकै क्रममा छ। तर, बिटुमिन अभावको कारण देखाउँदै निर्माण व्यवसायीले कालोपत्रेको काम ठप्प पारेको छ। परियोजना प्रमुख विजयकुमार महतोले दुई सातादेखि कालोपत्रेको काम ठप्प भएको बताए। ठेकेदारले इन्धन र निर्माण सामग्रीको अभाव देखाएर काम अगाडि बढाउन समस्या भएको लिखित जानकारी गराएको पनि उनको भनाइ छ।

■ कमला-ढल्केबर-पथलैया पनि प्रभावित

यसैगरी, मधेश प्रदेशस्थित कमला-ढल्केबर-पथलैया सडकको निर्माण पनि प्रभावित भएको छ। परियोजना प्रमुख राजेशकुमार दासले पनि पछिल्लो परिस्थितिका कारण निर्माणकार्य प्रभावित भएको बताए।

'एकातिर मूल्यवृद्धि भएको छ। अर्कोतिर आपूर्ति पनि प्रभावित भएको छ। हामीलाई दैनिक ६ हजार लिटरभन्दा धेरै डिजेल चाहिन्छ। तर, अहिले दैनिक तनि हजार लिटर मात्रै पाइन्छ। अन्य निर्माण सामग्रीको पनि मूल्यवृद्धिसँगै अभाव पनि देखिन्छ। डन्डीहरू भनेजति पाइएको छैन,' उनले भने, 'यसले समग्र निर्माण प्रभावित बनाएको छ।'

■ सिँचाइ परियोजनाको निर्माण पनि प्रभावित

सिँचाइ विभागका महानिर्देशक मित्र बरालले अधिकांश सिँचाइ आयोजनाको निर्माण प्रभावित भएको बताए। 'इन्धन र निर्माण सामग्रीको अभावले सिँचाइ आयोजनाको निर्माण पनि प्रभावित भएको छ,' उनले भने, 'अधिकांश आयोजनाको निर्माणमा शिथिलता आइसकेको छ।'



मूल्यवृद्धि समायोजनको स्पष्ट खाका आउनुपर्छ

● **निकोलस पाण्डे,** अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ

प्रचलित व्यवस्थाले वर्तमान मूल्यवृद्धिलाई समायोजन गर्न चुनौती हुन्छ। सरकारले यसका लागि २०६५ मा जसरी छुट्टै मूल्य समायोजनको मार्गनिर्देशिका तत्काल जारी गर्नुपर्छ। अन्यथा एक सातापछि निर्माणकार्य रोक्नुपर्ने बाध्यता आउन सक्छ।

■ जलविद्युत्को आरसिओडी गुज्रिने चिन्ता

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्षले जलविद्युत् परियोजनाको निर्माण पनि प्रभावित भएको बताए। 'जलविद्युत् परियोजनाको निर्माणमा पनि इन्धनको खपत उच्च हुन्छ। तर, त्यसको अभावले करिब सबै निर्माणाधीन आयोजना प्रभावित भएका छन्,' उनले भने, 'यसले परियोजनाको लागत बढाउने भयो। साथै, व्यावसायिक विद्युत् उत्पादन मिति (आरसिओडी)मै परियोजना सञ्चालनमा आउनेमा चुनौती भएको छ। किनकि, यो युद्ध तत्काल साम्य भए पनि परिस्थिति तत्काल साम्य हुने देखिँदैन।' परियोजनाको निर्माण लम्बिँदा ब्याज दायित्वसमेत बढ्ने उनको भनाइ छ।

■ मूल्य समायोजन हुनेमा चिन्ता

इन्धन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले परियोजना निर्माणको लागत स्वतः बढ्दै छ, जसको सुरुमा प्रत्यक्ष भार निर्माण व्यवसायीलाई पर्छ। तर, ठेक्का सम्झौतामै मूल्यवृद्धि समायोजन गर्ने व्यवस्था हुन्छ। त्यसले गर्दा मूल्यवृद्धिको असर अन्ततः सरकारी ढुकुटीमै पर्छ।

एक वर्षीय ठेक्कामा मूल्यवृद्धि समायोजन गर्ने सुविधा हुँदैन। बहुबर्षीय ठेक्कामा वार्षिक १५ प्रतिशतसम्मको मूल्यवृद्धि निर्माण व्यवसायीले नै व्यहोर्नुपर्छ। त्यसभन्दा बढीको मूल्यवृद्धि भएमा सरकारले समायोजन गर्नुपर्छ। तर, त्यसमा २५ प्रतिशतसम्मको सीमा छ। पछिल्लो परिस्थितिका कारण भने निर्माणकार्यको लागत औसतमा ३० प्रतिशतले बढेको नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष निकोलस पाण्डे बताउँछन्। सरकारले राष्ट्र बैंकले तयार गर्ने मुद्रास्फीतिका सूचकका आधारमा मूल्यवृद्धि समायोजन गर्ने व्यवस्था छ।

संक्षेप


पोखरा विमानस्थलबाट सटल बस सेवा सुरु



कास्की/ सञ्चालनमा आएको ४० महिनापछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थमा सटल बस सेवा सुरु भएको छ। महानगर यातायात प्रालि काठमाडौं, कृषि विकास बैंक र कामना सेवा विकास बैंकसँगको सहकार्यमा पोखरा महानगरपालिकाले बस सेवा मंगलबारदेखि सञ्चालनमा ल्याएको हो। विद्युतीय दुई बसबाट सुरु गरिएको सेवा विमानस्थलदेखि अमरसिंह चोकसम्म दुईतर्फी सञ्चालन हुनेछ।

सुरु सेवाको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले शुभारम्भ गरेका हुन्। विमानस्थलमा झरेका यात्रीलाई बाहिर जान ट्याक्सीले धेरै शुल्क लिएको गुनासो आएपछि त्यो गुनासोको अन्त्य गर्ने र सर्वसुलभ सेवा प्रदान गर्ने उद्देश्यले बस सेवा सञ्चालनमा ल्याइएको उनले बताए। सञ्चालनमा आएका बसहरू आउँदो १ साउनसम्म निःशुल्क सञ्चालन गर्ने आचार्यले बताए। आउँदो असार मसान्तसम्मको प्रभावकारिता हेरेर त्यसपछि परिष्कृत रूपमा बस सञ्चालन गरिने तयारी छ। साउनदेखि पूर्वमा वेगनासताल र पश्चिममा फेवातालसम्म बस सञ्चालन गरिने उनले बताए। दुई सिफ्टमा सञ्चालन गरिने बस बिहान ६ बजेदेखि राति विमानस्थलमा जति समयसम्म उडान हुन्छ, सोही समयसम्म सञ्चालन हुने मेयर आचार्यले बताए।

सुनचाँदीको भाउ बढ्यो



काठमाडौं/ नयाँ वर्ष ०८३ को पहिलो दिन मंगलबार स्थानीय बजारमा सुनचाँदीको मूल्यवृद्धि भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार आज सुनको मूल्य प्रतितोला तीन हजार एक सय रुपैयाँले बढेको हो। यससँगै सुनको मूल्य प्रतितोला दुई लाख ९९ हजार आठ सय रुपैयाँ कायम भएको छ। सोमबार भने सुन प्रतितोला दुई लाख ९६ हजार सात सय रुपैयाँमा कारोबार भएको थियो।

त्यस्तै, चाँदीको मूल्य पनि एक सय ६५ रुपैयाँले बढेर प्रतितोला पाँच हजार ६५ रुपैयाँ पुगेको छ। यसअघि चाँदी प्रतितोला चार हजार नौ सय रुपैयाँमा कारोबार भएको थियो।

किसानलाई क्रेडिट कार्ड दिइने

काठमाडौं/ सरकारले मंगलबार १८ बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गर्दै कृषि पेसालाई सम्मानजनक र सुरक्षित बनाउने घोषणा गरेको छ। मंगलबार राष्ट्रिय प्रतिबद्धतापत्रको मस्यौदा सार्वजनिक गर्दै सरकारले कृषि नै प्रमुख पेसा र कर्म हो भन्ने मनोविज्ञानको विकास गरी यसलाई सम्मानजनक र सुरक्षित बनाउन किसान क्रेडिट कार्ड, बिमा र सहुलियत ऋण उपलब्ध गराउने जनाइएको छ।

त्यस्तै, भूउपयोग योजनाको पुनरावलोकन गरी बाँझो कृषि जग्गाको उपयोगसहित चक्लाबन्दी तथा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्ने सरकारको तयारी छ। नेपालभित्रै उत्पादन सम्भव भएका कृषि उपजको उत्पादन वृद्धि गरी आत्मनिर्भर हुन नीतिगत कानुनी र भन्सारसुधारलगायतका कार्य गर्ने जनाइएको छ। यसले आयात प्रतिस्थापनलाई टेवा पुग्ने सरकारको आकलन छ। हरेक स्थानीय तहमा सामुदायिक बिउ बैंक स्थापना गरी स्वदेशी र रैथाने बिउ संरक्षण र प्रवर्द्धन गर्ने जनाइएको छ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८३।०१।०२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः

१. ऋणीको नामः श्री माँ लक्ष्मी इन्टरप्राईजेज **कर्जा शिर्षकः** क्यास क्रेडिट, चालुपूंजी कर्जा र डिमाण्ड कर्जा
(नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरमा दर्ता रहेको), दर्ता नं.: २५५९/३६/०६८/०६९, दर्ता मितिः २०६८/०४/१०, स्थायी लेखा नं.: ३०४९६३५४२, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ७, हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
लक्ष्मी महासेठः ना.प्र.प.नं (जारी मिति/स्थान):३९६९१०२५४(२०४५/०१/१२/धनुषा), बाजेको नामः राम लखन महासेठ, बाबुको नामः महेश महासेठ, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।

व्यक्तिगत जमानतकर्ताहरूः
क. अनिल कुमार महतोः ना.प्र.प.नं (जारी मिति/स्थान): १७११०२/८९२४(२०७०/०४/२७/धनुषा), बाजेको नामः महेश महासेठ, बाबुको नामः लक्ष्मी महासेठ, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।
ख. निर्मला देवीः ना.प्र.प.नं (जारी मिति/स्थान): ३९६९४२८०(२०५३/०८/०६/धनुषा), बाबुको नामः मोहन पंजियार, ससुराको नामः महेश महासेठ, पतिको नामः लक्ष्मी महासेठ, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।
ग. सुनिल कुमार महतोः ना.प्र.प.नं (जारी मिति/स्थान): १७११०२/५४१३(२०६८/०५/०१/धनुषा), बाजेको नामः महेश महासेठ, बाबुको नामः लक्ष्मी महासेठ, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।

धितो लेखिदिएको सम्पत्तिको विवरणः
मोहन पंजियारको छोरी, महेश महासेठको बुहारी, लक्ष्मी महासेठको पत्नी, धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., ७ बस्ने **निर्मला देवी**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरूः
क. धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा., वडा नं. १, नक्सा सीट नं. १क स्थित कि.न. ११२८ को क्षेत्रफल २८७.८६ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।
ख. धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ८, नक्सा सीट नं. १३५४१३ स्थित कि.न. १८६ को क्षेत्रफल ८६.७८ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नामः सागर एण्ड राजेश ट्रेडर्स **कर्जा शिर्षकः** चालुपूंजी कर्जा, क्यास केडिट, डिमाण्ड कर्जा, अपरिवर्त्य प्रतितत्र र ट्रष्ट रिसिप्ट कर्जा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बीरगंज, पर्सामा दर्ता रहेको), दर्ता नं.: ३४२२९/०७३/७४, दर्ता मितिः २०७३/०४/१४, स्थायी लेखा नं.: ६०४८८८८२२, ठेगानाः पर्सा जिल्ला, बीरगंज म.न.पा., वडा नं. ८।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
प्रेम शंकर सा तेलीः ना.प्र.प.नं (जारी मिति/स्थान): ९०२/१६३७(२०३४/०३/०५/बारा, कलैया), बाजेको नामः नरसिंह सा तेली, बाबुको नामः हरिहर सा तेली, ठेगानाः बारा जिल्ला, नकटुवा गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा., वडा नं. ८।

व्यक्तिगत जमानतकर्ताहरुः
क. माया देवी तेलीनः ना.प्र.प.नं (जारी मिति/स्थान): २८२३(२०४६/०३/२१/गृह मन्त्रालय), बाबुको नामः हरि साह तेली, ससुराको नामः हरिहर सा तेली, पतिको नामः प्रेम शंकर सा तेली, ठेगानाः बारा जिल्ला, नकटुवा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा., वडा नं. ८।
ख. रोशन कुमार साहः ना.प्र.प.नं (जारी मिति/स्थान): ३३१०७४/१५०९३(२०६६/०५/२३/बारा), बाजेको नामः हरिहर सा तेली, बाबुको नामः प्रेम शंकर सा तेली, ठेगानाः बारा जिल्ला, इटियाही गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा., वडा नं. ८।
ग. राजेश कुमार साहः ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३०७४/९४६(२०६३/११/१०/बारा), बाजेको नामः हरिहर सा तेली, बाबुको नामः प्रेम शंकर सा तेली, ठेगानाः बारा जिल्ला, इटियाही गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा., वडा नं. ८।
घ. रुखमिनी देवीः ना.प्र.प.नं (जारी मिति/स्थान): ३३-०१-७७-१००१६(२०७७/११/१६/बारा), बाबुको नामः रामगोविन्द सा तेली, ससुराको नामः प्रेम शंकर सा तेली, पतिको नामः राजेश कुमार साह, ठेगानाः बारा जिल्ला, विश्रामपुर गा.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा., वडा नं. ८।

धितो लेखिदिएको सम्पत्तिको विवरणः
हरि साह तेलीको छोरी, हरिहर सा तेलीको बुहारी, प्रेम शंकर सा तेलीको पत्नी, बारा जिल्ला, नकटुवा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बीरगंज म.न.पा., वडा नं. ८ बस्ने **माया देवी तेलीन**को नाममा मालपोत कार्यालय बीरगंज, पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, बीरगंज उ.म.न.पा., वडा नं. २, नक्सा सीट नं. ११३०३९०२४ स्थित कि.न. ४३ र ४४ को क्षेत्रफल क्रमशः १६९.३० र १६९.३० व.मि.को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

३. ऋणीको नामः सागर लामिछाने **कर्जा शिर्षकः** सवारी साधन कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ४३२/१५६२(२०५५/१०/१९/दाङ), बाजेको नामः सुकलाल लामिछाने, बाबुको नामः चन्द्रलाल लामिछाने, ठेगानाः दाङ जिल्ला, टरिगाउ गा.वि.स. वडा नं. ०६ भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १०।

व्यक्तिगत जमानतकर्ताः
सुनिता लामिछानेः ना.प्र.प.नं (जारी मिति/स्थान): ५२२०३०/८८०(२०६४/०२/२२/दाङ), बाबुको नामः पदम प्रसाद आचार्य, ससुराको नामः चन्द्रलाल लामिछाने, पतिको नामः सागर लामिछाने, ठेगानाः दाङ जिल्ला, टरिगाउँ गा.वि.स. वडा नं. ०६ भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १०।

धितो लेखिदिएको सम्पत्तिको विवरणः
धनी एनएमबि बैंक लि. ऋणी सागर लामिछानेको नाममा बागमति प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

सवारीसाधनको विवरणः
कम्पनीः मारुती सुजुकी इ.ली., किसिमः प्रा. कार, मोडलः V. Brezza ZXI+, बनेको सालः २०२१, सवारी दर्ता नंः बाग्मति प्रदेश-०१ ०२५ च-६७२४, च्यासिस नंः MA3NYFJ1SME783289, इन्जिन नंः K15BN1202132

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

पिउने पानीको बोतल र जारको लेबलिङमा नयाँ मापदण्ड

काठमाडौं/ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले पिउने पानीको बोतल र जारको लेबलिङमा नयाँ व्यवस्था गरेको छ। सरोकारवालासँग छलफल गरेर विभागले कार्यान्वयनका लागि ६० दिनको समय तोकेर नयाँ मापदण्ड लगाएको हो। बजारमा उपलब्ध पिउने पानी (बोतल तथा जार)को गुणस्तर सुनिश्चित गर्न र वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने उद्देश्यले विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, वातावरण विभाग तथा नेपाल बोटल वाटर उद्योग महासंघ र नेपाल पानी उद्योग महासंघको बैठकको निर्णयअनुसार बोतल र जारमा उत्पादकको पहिचान खुल्ने गरी एम्बुसिङ, स्क्रिन प्रिन्ट वा लेजर प्रिन्ट अनिवार्य रूपमा गर्नुपर्नेलगायत मापदण्ड लागू गरिने भएको हो।

अब पानीको बोतलको बिर्को (क्याप) सिल गरिसकेपछि त्यसको माथि थप प्लास्टिकको 'नेक-सिल' वा बाह्य प्लास्टिक लेयरको प्रयोगलाई पूर्णत निषेध गर्ने, सोको सट्टामा बोतलको बिर्कोमा उत्पादकको पहिचानका लागि एम्बुसिङ, स्क्रिन प्रिन्ट वा लेजर प्रिन्ट अनिवार्य रूपमा राख्नुपर्ने व्यवस्था गरिएको छ। बोतलको बिर्कोमा एम्बुसिङ, स्क्रिन प्रिन्ट वा लेजर प्रिन्टको व्यवस्था पूर्ण रूपमा लागू गर्न उद्योगीहरूलाई सूचना जारी भएको मितिले ३५ दिनको समयावधि तोकिएको विभागले जनाएको छ।

नौ महिनामा लक्ष्यको ८४.११ प्रतिशत राजस्व संकलन

पुँजीगत खर्च भने निराशाजनक, अन्तिम त्रैमासमा खर्च बढाउनुपर्ने दबाब

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को नौ महिनामा लक्ष्यको ८४.११ प्रतिशत राजस्व संकलन भएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार चालू आवमा एक खर्ब ४८ अर्ब राजस्व उठाउने लक्ष्य लिएको थियो।

सरकारले चैत मसान्तसम्म १० खर्ब ६० अर्ब तीन करोड ३० लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएको थियो। त्यसमा चैत मसान्तसम्म आठ खर्ब ९१ अर्ब ५६ करोड २९ लाख रुपैयाँ राजस्व उठेको छ, जुन वार्षिक लक्ष्यको ६०.२४ प्रतिशत र चैत मसान्तसम्मको लक्ष्यको ८४.११ प्रतिशत हो। यो कर राजस्व संकलन गत आवको यसै अवधिको तुलनामा ६ प्रतिशतले बढी हो। गत आवको यसै अवधिमा आठ खर्ब ४१ अर्ब १३ करोड ३३ लाख रुपैयाँ कर राजस्व उठेको थियो।

तथ्यांकअनुसार चैत महिनामा मात्रै एक खर्ब ३९ अर्ब ७० करोड ६४ लाख रुपैयाँ राजस्व उठेको छ। यो मासिक लक्ष्यको तुलनामा ९३.२४ प्रतिशत हो। सरकारले चैतमा एक खर्ब ४९ अर्ब ८२ करोड ९७ लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएको थियो।

■ कुल शीर्षकमा कति राजस्व ?

समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर (भ्याट) बाट सबैभन्दा धेरै दुई खर्ब ६१ अर्ब ४१ करोड ६२ लाख राजस्व उठेको छ। दोस्रो स्थानमा भने आयकर रहेको छ। आयकरमार्फत दुई खर्ब १५ अर्ब ९० करोड ७४ लाख रुपैयाँ राजस्व उठेको छ।

यसैगरी, भन्सार महसुलबापत एक खर्ब ७८ अर्ब ५७ करोड १० लाख रुपैयाँ, अन्तःशुल्कबाट एक खर्ब ३८ अर्ब २० करोड ७६ लाख रुपैयाँ, शिक्षा सेवा शुल्कबाट चार अर्ब ६६ करोड ९६ लाख रुपैयाँ, गैरकरबाट ८७ अर्ब ५१ करोड १७ लाख रुपैयाँ र विविध प्राप्तिबाट पाँच अर्ब २७ करोड ९४ लाख रुपैयाँ राजस्व आम्दानी भएको छ। समीक्षा अवधिमा भन्सार विभागबाट तीन खर्ब ६८ अर्ब ७४ करोड ४५ लाख रुपैयाँ र आन्तरिक राजस्व विभागले चार खर्ब ३० अर्ब दुई करोड ७३ लाख रुपैयाँ राजस्व उठाएका छन्।

■ लक्ष्यको २९.२१ प्रतिशत अनुदान

समीक्षा अवधिमा सरकारले लक्ष्यको २९.२१ प्रतिशत मात्रै अनुदान प्राप्ति गरेको छ। यो वर्ष सरकारले ५३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ अनुदान प्राप्ति गर्ने लक्ष्य राखेको छ। त्यसमा चैत मसान्तसम्म १५ अर्ब ६१ करोड ४१ लाख रुपैयाँ अनुदान प्राप्ति भएको छ।



■ पुँजीगत खर्च २३.५८ प्रतिशत

चालू आवको चैत मसान्तसम्म सरकारको पुँजीगत खर्च २३.५८ प्रतिशत मात्रै देखिएको छ। यो वर्ष पुँजीगत खर्चका लागि चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। त्यसमा चैत मसान्तसम्म ९६ अर्ब १९ करोड ५१ लाख रुपैयाँ पुँजीगत खर्च भएको छ।

यो गत आवको यसै अवधिको तुलनामा पनि कम हो। गत आवमा तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ पुँजीगत खर्च गर्ने लक्ष्य हुँदा नौ महिनामा एक खर्ब दुई अर्ब ९० करोड आठ लाख खर्च भएको थियो, जुन लक्ष्यको २९.२ प्रतिशत हो। योअनुसार लक्ष्य प्राप्तिको अनुपात र रकमकै आधारमा पुँजीगत खर्च घटेको देखिन्छ। सरकारले बजेटको अर्धवार्षिक समीक्षा गर्दै यो वर्ष दुई खर्ब ४३ अर्ब ३० करोड ३४ लाख रुपैयाँ पुँजीगत खर्च हुने अनुमान गरेको छ, जुन लक्ष्यको ५९.६५ प्रतिशत हो। पछिल्लो समय कायम इरान युद्धले इन्धन तथा निर्माण सामग्रीको मूल्य बढ्ने र अभावसमेत हुँदा निर्माण गतिविधि थप प्रभावित भएका छन्। यसले पुँजीगत खर्च थप प्रभावित बनाउने देखिन्छ।

■ चालू खर्च ६३.३ प्रतिशत

समीक्षा अवधिमा सरकारको चालू खर्च भने ६३.३ प्रतिशत पुगेको छ। यो वर्ष सरकारले चालूतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। त्यसमा हालसम्म सात खर्ब ४७ अर्ब ५२ करोड ४४ लाख रुपैयाँ खर्च भएको छ। यो वर्ष ११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख रुपैयाँ चालू खर्च हुने संशोधित अनुमान छ।

■ वित्तीय व्यवस्था खर्च ५७.६३ प्रतिशत

समीक्षा अवधिमा वित्तीय व्यवस्थातर्फ ५७.६३ प्रतिशत बजेट खर्च भएको छ। चालू आवमा तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख रुपैयाँ वित्तीय व्यवस्थामा खर्च गर्ने लक्ष्य छ। त्यसमा हालसम्म दुई खर्ब १६ अर्ब २३ करोड ७७ लाख रुपैयाँ खर्च भएको छ। यो वर्ष वित्तीय व्यवस्थातर्फ तीन खर्ब १९ अर्ब चार करोड ३९ लाख रुपैयाँ खर्च हुने संशोधित अनुमान छ।

■ कुल खर्च १० खर्ब ५९ अर्ब

समीक्षा अवधिमा सरकारको कुल खर्च १० खर्ब ५९ अर्ब ९५ करोड ७२ लाख रुपैयाँ देखिएको छ। यो वर्ष १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ खर्च गर्ने लक्ष्य थियो। लक्ष्यको तुलनामा ५३.९७ प्रतिशत बजेट खर्च भएको देखिन्छ।

चितवनमा ५६ करोड लगानीमा एसवाई युपिभिसी उद्योग खुल्दै



काठमाडौं/ कोरियन कम्पनी एसवाई लिमिटेडको सहायक संस्था एसवाई प्यानल नेपालले चितवनको रत्ननगर नगरपालिका- १४, पिठुवामा नयाँ 'एसवाई युपिभिसी' उद्योग खोल्ने भएको छ। सोमबार एक कार्यक्रमबिच रत्ननगर नगरपालिकाका मेयर प्रह्लाद सापकोटा र कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) होङ सङ-बुले संयुक्त रूपमा उद्योगको शिलान्यास गरेका हुन्।

मेयर सापकोटाले आफ्नो नगरपालिका क्षेत्रभित्र नयाँ उद्योग खोल्दा स्थानीय तहको तर्फबाट आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरे। उद्योग सञ्चालनमा आएपछि स्थानीयस्तरमा रोजगारी सिर्जना हुनुका साथै निर्माण सामग्री उत्पादनले आत्मनिर्भरता बढ्ने सापकोटाको भनाइ छ।

'नगरपालिका क्षेत्रभित्र उद्योग स्थापनामा गर्न चाहने लगानीकर्तालाई के-के सहयोग आवश्यक पर्छ, त्यसमा सहजीकरण स्थानीय तहले गर्छ। तर, रोजगारीमा पहिलो प्राथमिकता स्थानीयलाई हुनुपर्छ, प्रत्यक्ष विदेशी लगानी रहेको एसवाईले एक चरणको सफलता पार गरिसकेको छ, आगामी दिनमा अझ सशक्त भएर ठुलो मात्रामा रोजगारी सिर्जना गर्ने विश्वास छ,' उनले भने।

युपिभिसी उद्योग स्थापना भएपछि चितवनसहित आसपासका जिल्लामा औद्योगिक विकासले थप गति लिने अपेक्षा मेयर सापकोटाले गरे। यस्तै, उक्त उद्योग सञ्चालनमा आइसकेपछि नेपालमै अत्याधुनिक प्रविधिबाट गुणस्तरीय युपिभिसी ढोका, झ्यालका प्रोफाइल तथा अन्य निर्माण सामग्री उत्पादन हुने बताइएको छ। कम्पनीका सिइओ होङ सङ-बुले चितवनमा स्थापना हुने युपिभिसी प्रोफाइल कारखाना कोरियाको अत्याधुनिक प्रविधि र नेपालको गतिशील जनशक्तिको संगमबाट जन्मिएको आशाको केन्द्र हुने बताए।

शिलान्यास समारोहले कोरिया र नेपालबिचको आर्थिक सहयोगलाई अझ मजबुत बनाउने र चितवन क्षेत्रको विकासका लागि उत्प्रेरकको काम गर्ने पनि सिइओ सङ-बुको भनाइ छ। 'नेपालमा राजनीतिको स्थिरता हुँदै छ र आर्थिक विकासका ढोका खुल्दै छन्, यस अवसरको लहरमा एसवाईले नेपाल सरकारसँग सहकार्य गर्दै रोजगारी सिर्जना गर्न र उन्नत प्रविधि हस्तान्तरण गर्न नेतृत्वदायी भूमिका खेल्नेछ,' उनले भने। कम्पनीका अनुसार उद्योगको अनुमानित लागत ५६ करोड रुपैयाँ रहेको छ। प्रत्यक्ष कोरियन लगानी रहेको एसवाई प्यानल नेपालले रत्ननगरमै प्यानलका प्रडक्ट पनि उत्पादन गर्दै आएको छ।

कामना सेवा विकास बैंकको वित्तीय साक्षरता कथासंग्रह सार्वजनिक

काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले वित्तीय साक्षरता कथासंग्रह सार्वजनिक गरेको छ। वित्तीय साक्षरता अभिवृद्धि गर्ने प्रयासस्वरूप नयाँ वर्ष ०८३ सालको अवसरमा कथासंग्रह तथा सम्बन्धित भिडियो सामग्री सार्वजनिक गरेको हो।

उक्त कथासंग्रह बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दिनेश थकालीले सार्वजनिक गरे। बैंकले वित्तीय साक्षरता केवल सूचना नभई, व्यवहार परिवर्तन गर्ने प्रक्रियासमेत भएकाले कथा तथा भिडियो सामग्रीले त्यसलाई अझ प्रभावकारी रूपमा जनमानससम्म पुऱ्याउने विश्वास व्यक्त गरेको छ।

कथासंग्रहमा दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित वित्तीय निर्णय, बचतको महत्त्व, जिम्मेवार खर्च, बैंकिङ सेवा प्रयोग तथा आर्थिक योजनाजस्ता विषयलाई सरल, रोचक र सन्देशमूलक कथाका माध्यमबाट प्रस्तुत गरिएको बैंकले जनाएको छ।



बैंकका अनुसार यो कथासंग्रह देशभरका विभिन्न विद्यालयमा वितरण गरिनेछ। यसले विद्यार्थीमा सुरुवातदेखि नै वित्तीय अनुशासन, बचत गर्ने बानी र जिम्मेवार खर्च गर्ने व्यवहार विकास गर्न सहयोग पुऱ्याउनेछ।

साथै, बैंकले 'अल्फा ग्रो सेभिंग्स अकाउन्ट' खोल्ने ग्राहकलाई प्रोत्साहनस्वरूप खुव्रुकेसँगै उक्त कथासंग्रहसमेत प्रदान गर्ने व्यवस्था मिलाएको जनाएको छ। यो कदमले बचत व्यवस्थापनलाई व्यावहारिक रूपमा प्रोत्साहन गर्ने अपेक्षा गरिएको बैंकको भनाइ छ।

कथासंग्रहलाई भिडियो उत्पादनमार्फत डिजिटल रूपान्तरण गरिएको छ। यी भिडियोमा कथाका पात्रलाई दृश्यात्मक रूपमा जीवन्त बनाउँदै वित्तीय सन्देशलाई अझ प्रभावकारी ढंगले प्रस्तुत गरिएको बताइएको छ।

बैंकका अनुसार भिडियो सामग्रीले विशेषगरी बालबालिका, युवा तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई आकर्षित गर्नेछ। साथसाथै, वित्तीय साक्षरतालाई मनोरञ्जनात्मक र सजिलै बुझ्न सकिने माध्यममा रूपान्तरण गर्ने पनि अपेक्षा गरिएको छ। कथासंग्रहसँग सम्बन्धित भिडियो सामग्री प्रत्येक हप्तामा दुई दिन बैंकको आधिकारिक सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिनेछ।

सानिमा बैंकको 'बससेवा क्यासब्याक' अभियान



काठमाडौं/ सानिमा बैंकले बससेवा क्यासब्याक अभियान पुनः सञ्चालन गरेको छ। बैंकले डिजिटल कारोबार प्रवर्द्धनमा ग्राहकबाट प्राप्त सकारात्मक प्रतिक्रियास्वरूप यो अभियान सञ्चालनमा ल्याएको हो। अभियानअन्तर्गत बैंकका डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी बससेवामार्फत बस टिकट खरिद गर्ने ग्राहकले आकर्षक क्यासब्याक प्राप्त गर्न सक्नेछन्।

नेपालभित्र यात्रा गर्दा १५ प्रतिशत वा अधिकतम दुई सयसम्म तथा भारत यात्रा गर्दा १५ प्रतिशत वा अधिकतम चार सयसम्मको क्यासब्याक प्राप्त गर्न सकिने बताइएको छ। यो योजना ०८३ वैशाख १ गतेदेखि असोज ३१ गतेसम्म लागू हुनेछ। यस पहलमार्फत बैंकले डिजिटल भुक्तानी प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्दै ग्राहकलाई सुविधा प्रदान गर्ने आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्याएको जनाएको छ। बैंकले नगदरहित अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउन विभिन्न क्यासब्याक योजना तथा छुट उपलब्ध गराउँदै आएको छ।

आइएमई लाइफका ग्राहकलाई नेपाल क्यान्सर हस्पिटलमा छुट



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र नेपाल क्यान्सर हस्पिटलबिच छुटसम्बन्धी सम्झौता भएको छ। द्विपक्षीय सम्झौताअनुसार इन्स्योरेन्सका बिमित, अभिकर्ता तथा कर्मचारीले नेपाल क्यान्सर हस्पिटलमा उपचार सेवा लिँदा १० प्रतिशत छुट प्राप्त गर्नेछन्। साथै, स्वास्थ्य सेवा प्याकेजमा विशेष सहुलियत दिइने पनि बताइएको छ।

कम्पनीका बिमितले कम्पनीको मोबाइल एपमा रहेको प्रिभिलेज कार्ड देखाई छुट सुविधा लिन सक्नेछन्। साथै, अभिकर्ता तथा कर्मचारीले कम्पनीले जारी गरेको आधिकारिक परिचयपत्र पेस गरी छुट सुविधाको लाभ लिन सक्ने बताइएको छ।

जैविक विविधता तथा रेडपान्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन



खोटाङ/ 'जैविक विविधता तथा रेडपान्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन- २०८३' को तयारी अन्तिम चरणमा पुगेको छ। सम्मेलन दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको आयोजनामा ४ देखि ६ वैशाखसम्म सञ्चालन हुनेछ। सम्मेलनमा नेपाल, भारत, भुटान, बंगलादेश, अमेरिका, अस्ट्रेलिया र जर्मनीले सहभागिता जनाउने भएका छन्।

जलवायु परिवर्तनको असर न्यूनीकरण तथा वन्यजन्तु संरक्षण गर्ने उद्देश्यले 'यो सम्मेलन आयोजना गर्न लागिएको नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिएका छन्। 'विश्वमा जलवायु परिवर्तनमा आएको परिवर्तनका कारण वन्यजन्तु र जैविक विविधता संकटमा पर्दै गएको छ,' उनले भने, 'यो अवस्थामा दिक्तेलमा हुने सम्मेलनले आवश्यक राष्ट्रिय नीति निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ।' उनका अनुसार सम्मेलनको तयारी अन्तिम चरणमा पुगेको छ। सम्मेलनले स्थानीय स्वरोजगार, स्थानीय सिप र रैथाने सामग्रीको प्रवर्द्धनमा समेत ठुलो टेवा पुग्ने अपेक्षा गरिएको छ।

सम्मेलनमा सहभागी विभिन्न मुलुकका प्रतिनिधिले दशवटा विषयगत कार्यपत्र प्रस्तुत गर्ने कार्यसूची राखिएको नगरपालिकाले जनाएको छ। जैविक विविधता संरक्षण र दीर्घकालीन योजना निर्माण, लोपोन्मुख वन्यजन्तु संरक्षित क्षेत्र र प्राथमिकतामा राख्नुपर्ने विषयहरूको पहिचान, जैविक विविधता संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग सम्बन्धित कार्यपत्र प्रस्तुत हुने नगरप्रमुख भट्टराईले बताए।

सम्मेलनका लागि नगरप्रमुख भट्टराईको संयोजकत्वमा मूल आयोजक समिति र वडा नम्बर १० पाथेकाका वडाध्यक्ष मुगाधन राईको संयोजकत्वमा स्थानीय समिति गठन गरिएको छ। सम्मेलनमा विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीद्वारा विज्ञान तथा गणित प्रदर्शनी, साहित्यिक तथा सांस्कृतिक कार्यक्रम, रैथाने सिप र प्राकृतिक सामग्रीको प्रदर्शनीसमेत गरिने आयोजकले जनाएको छ। साथै, विभिन्न प्रदेशका विश्वविद्यालय, वैज्ञानिक, विषयविज्ञ तथा शैक्षिक संस्थाले पनि आ-आफ्नो क्षेत्रबाट प्रदर्शनीमा सहभागिता जनाउनेछन्।

रेडपान्डा संरक्षणका लागि दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- १०, पाथेका र केपिलासगढी गाउँपालिका- १, फेदीमा 'समुदायमा आधारित रेडपान्डा संरक्षण कार्यक्रम' सञ्चालन गरिएको छ। विश्वको लोपोन्मुख वन्यजन्तुमा पर्ने खोटाङमा रहेको पुष्टि भएपछि 'समुदायमा आधारित रेडपान्डा संरक्षण कार्यक्रम' सुरु गरिएको हो।

उपकार लघुवित्त वित्तीय संस्था लि.
Upakar Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

फोन नं. : ०८१-५४२०५३
इमेल : upakar.banke1@gmail.com
recovery.upakar@gmail.com

ऋण कर्जा भुक्तान/चुक्ता गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१२/३० गते

यस उपकार लघुवित्त वित्तीय सस्था लि. को विभिन्न शाखाहरुबाट तपसिल बमोजिममा उल्लेखित ऋणीहरुले सामुहिक जमानी वा धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा कर्जा लिने समयमा यस वित्तीय संस्थासँग गरेको कबुलियतनामा बमोजिम कर्जाको सावाँ, ब्याज लगायतको रकम तिरी बुझाउनु पर्नेमा सो रकम नतिरी शर्त बन्देज उल्लङ्घन गरी कर्जाको भाखा नाघेकोले पटक–पटक मौखिक तथा लिखित एवम् फोन मार्फत अनुरोध गरी तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्न व्यवास्ता गर्नु भएकाले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिन भित्र आफ्नो कर्जा कारोबार गरेको शाखा कार्यालयमा सर्म्पक राखी यस वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको तिर्न बाँकी सम्पुर्ण सावाँ र ब्याज भुक्तानी गर्नुहोला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, तथा अन्य ऐन कानुन र यस संस्थासंग गरेको लिखत बमोजिम ऋण तथा जमानत कर्जा समेतलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सूचिकृत गरिने ब्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ। साथै धितोमा रहेका वा नरहेका चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै ब्यवस्था गरी यस वित्तीय संस्थाको लेना रकम असुल उपर गरिने हुँदा यथाशीघ्र कर्जा चुक्ता गर्न गराउनहुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण							जमानीको विवरण			
क्र.सं.	ऋणी सदस्यको नाम	हालको ठेगाना	स्थायी ठेगाना :	ना.नं.	पति/बुवाको नाम	ससुरा/बाजेको नाम	जमानीको नाम	स्थायी ठेगाना :	ना.नं.	पति/बुवा :
कुसम्बा शाखा										
१	शैलजा थापा	गुलरिया २ बर्दिया	बारबर्दिया ४,	६५-०१-७७-०५६६०	उमङ्ग थापा	दल बहादुर थापा	उमङ्ग थापा	पदनाह ६ बर्दिया	६५१००५/७४३	दल बहादुर थापा
२	कृष्ण वती याबद	गुलरिया १ सगाहपुर बर्दिया	खेरापुर ३ सगाहपुर	२५४	कृष्ण कुमार यादब	मुन्नम लाल यादब	कृष्ण कुमार याब	गुलरिया ३ सगाहपुर बर्दिया	७०५९	मुन्ना लाल यादब
३	इन्द्रा कार्की	मधुबन ८ शिब दुर्गा	सानोश्री ४ बर्दिया	६५३००२/१०३१	धन बहादुर कार्की	कालो कार्की	गंगा कार्की	मधुबन ८ बर्दिया	६५-०१-७४-०४६११	सुनिल कार्की
४	हरिकला दमाई	मधुबन ८ टि सि यन बस्ती	सानोश्री २ बर्दिया	६५८२-५५३२	गोपाल परियार	बल बहादुर दमाई	गोपाल परियार	सानोश्री २ बर्दिया	६५३००२-६२२	बल बहादुर दमाई
५	फुलन्ता गोडिया	गुलरिया ३ बर्दिया	गुलरिया ६ बर्दिया	६५१००१/२३२९	मनोज रैदास	तिरथराम चमार	मनोज रैदास	गुलरिया ३ बर्दिया	६५-०१-७०-००६८६	तिरथराम चमार
६	अमृता शाही	मधुबन ६ बर्दिया	सानोश्री ७ बर्दिया	६५-०१-७०-०११९३	रेशम शाही	टेक बहादुर शाही	रेशम शाही	सानोश्री ७ बर्दिया	६३२०४२/२८८	टेक बहादुर शाही
७	प्रतिमा ठकुरी	गुलरिया २ बर्दिया	गुलरिया २ बर्दिया	६५-०१-७७-०४६२८	पाण्डब ठकुरी	होम बहादुर ठकुरी	तुल्सी ठकुरी	गुलरिया ९ बर्दिया	६६३०४२/५५५	इन्द्रराज ठकुरी
८	मान्सी थारु	पदनाह ४बर्दिया	बानियाभार ७ बर्दिया	६५-०१-७३-०५०६२	रमेश थारु	रामकिसुन थारु	रमेश थारु	बानियाभार ७ बर्दिया	६५१००६/१४९	रामकिसुन थारु
९	मालती गुरुङ	मधुबन ५ बर्दिया	सानोश्री ७ बर्दिया	८८६९	कपिल गुरुङ	लछुमन गुरुङ	कपिल गुरुङ	सानोश्री ७ बर्दिया	७६६१/५७१२	लछुमन गुरुङ
१०	पबित्रा बि क	मधुबन ४ बर्दिया	गुलरिया १ सगाहपुर बर्दिया	३७१५६	बिर बहादुर बि क	शैधर बि क	बिर बहादुर बि क	गुलरिया १ बर्दिया	१५७७२	शैधर बि क
११	बिष्णुमाया सुनार	मधुबन ७ बर्दिया	जमुनी १ बर्दिया	६५३०११/८०९	बुद्दिराम बि क	भिमे बि क	बुद्दिराम बि क	तारातल ६ बर्दिया	२९६५३	भिमे बि क
१२	टिका सार्की	मधुबन ५ बर्दिया	सानोश्री ८ बर्दिया	६५३००२/४८२	लोक बहादुर सार्की	गोरे सार्की	लोक बहादुर सार्की	सानोश्री ८ बर्दिया	२७२११-६६९४	गोरे सार्की
१३	रमा ठकुरि	मधुबन ५ बर्दिया	सानोश्री ८ बर्दिया	६५३००२/५५६	जङ्गग बहादुर मल्ल	मुन्नम लाल यादब	डिलु मल्ल	मधुबन ५ बर्दिया	६५-०१-७८-०७०८४	जङ्गग बहादुर मल्ल
१४	नन्दा गुरुङ	मधुबन ८ टि सि यन बस्ती	सानोश्री तारातल ६ बर्दिया	६५-०१-७३-०४१४५	गंग बहादुर गुरुङ	जय बहादुर गुरुङ	गंग बहादुर गुरुङ	मधुबन ८ बर्दिया	६५१००२/१३५०	जय बहादुर गुरुङ
१५	रति सुनार	मधुबन ८ टि सि यन बस्ती	सानोश्री ५ बर्दिया	२६७१७	गगन बहादुर सुनार	गोरे सुनार	गीता सुनार	सानोश्री ५ बर्दिया	६५-०१-७८-०४२७८	गगन बहादुर सुनार
१६	सुस्मीता थारु	बारबर्दिया ४ बर्दिया	बारबर्दिया ४ बर्दिया	६५-०१-७७-०१९५१	बिसाल थारु	प्रदेशी थारु	प्रदेशी थारु	पदनाह ८ बर्दिया	२०९४	बिश्राम थारु
१७	तारा देबि जैसी	मधुबन ६ बर्दिया	श्रीपुर ५ कन्चनपुर	७५३०१८/१०६२	लक्ष्मी प्रसाद जैसी	मनीराम जैसी	हिक्मत प्रसाद जैसी	मधुबन ६ बर्दिया	६५-०१-७४-०१९४१	लक्ष्मी प्रसाद जैसी
१८	लिला परियार	मधुबन ८ बर्दिया	बनकटवा ४ बाके	०६६३०४४/१०९	अमर नेपाली	भगीराम दमाई	मिना सुनार	सानोश्री ३ बर्दिया	६५३००२/५४३	कृष्ण बहादुर नेपाली
१९	बिजया बि क	मधुबन ६ बर्दिया	सानोश्री ५ बर्दिया	६५१००२-२३३३	खडक बहादुर बि क	गोप बहादुर कामी	खडक बहादुर बि क	मधुबन ६ बर्दिया	२७१०४	गोप बहादुर कामी
२०	सिता गुरुङ	मधुबन ६दूई नम्बर बर्दिया	सानोश्री ९ बर्दिया	३१५०४	खडग बहादुर गुरुङ	भक्त बहादुर गुरुङ	खडग बहादुर गुरुङ	मधुबन ६ बर्दिया	७२८९	भक्त बहादुर गुरुङ
जगार्ह शाखा										
२१	तारा गुरुङ	सुनवल-६ विशाषय	सुनवल-६ नवलपरासी (ब.सु.प.)	३६३०३९/९८	राजु गुरुङ	तेज बहादुर गुरुङ	पुष्पा गुरुङ	सुनवल ६ विसासय नवलपरासी	३६-०१-७५-०२४३८	राजु गुरुङ
२२	सन्तोषी देवी केवट	सरावल-५ धनगढवा	सरावल-५ धनगढवा,नवलपरासी (ब.सु.प.)	३६३०६३/३३९	गनेश केवट	राम अबध केवट	रविन्दर केवट	सरावल-५ धनगढवा,नवलपरासी (ब.सु.प.)	३६-०१-७५-०२५६२	गनेश केवट
२३	ज्योति कहार	सरावल-५ धनगढवा	बडहरा दुबोलिया -९ नवलपरासी	३६३०६३/३५२	दुरविजय कुमार कहार	गुलाब कहार	दुरविजय कुमार कहार	सरावल-५ धनगढवा,नवलपरासी (ब.सु.प.)	३६३०६३/२७३	गुलाब कहार
२४	विष्णु चापागाई	सुनवल-१२ हरकट्टा	रामनगर -१ नवलपरासी	३६३०३८/९२५	कोष प्रसाद चापागाई	लक्ष्मीपति चापागाई	एकनारायण चापागाई	सुनवल १२ भुमहि	१२४४३	लक्ष्मीपति चापागाई
२५	चम्पा चापागाई	सुनवल-१२ हरकट्टा	रामनगर -५ नवलपरासी	१००८	एकनारायण चापागाई	लक्ष्मीपति चापागाई	एकनारायण चापागाई	सुनवल १२ भुमहि	१२४४३	लक्ष्मीपति चापागाई
२६	दान कुमारी घर्ति मगर	सुनवल १० बाढीखोला	गोठादी ३ पाल्पा	३९-०१-७२-०११६६	मोहन बहादुर घर्ति मगर	विर बहादुर घर्ति मगर	दान बहादुर घर्ति	सुनवल ११ जर्गाह	३६-०१-७७-०५२५६	वोम वहादुर घर्ति मगर
२७	प्रतिमा श्रेष्ठ	सुनवल १० भुमहि	पिपलडाडा ५ पाल्पा	३९३०६५/५६०	दिप श्रेष्ठ	श्याम पसाद श्रेष्ठ	मेनु श्रेष्ठ	चौतारा ५ सिन्धुपाल्चोक	२४-०-७१-०२१७८	अम्वर बहादुर श्रेष्ठ
२८	समिता क्षेत्री	सुनवल १० भुमहि	रामनगर -१ नवलपरासी	३६-०१-६९-०१४५६	मन वहादुर क्षेत्री	केश वहादुर क्षेत्री	मिना रोक्का क्षेत्री	सुनवल १२ भुमहि	३६३०६९/०५७	बल बहादुर रोक्का क्षेत्री
२९	सावित्री खवास	रामग्राम ३ घोडपाली	करहिया - ५ रुपन्देही	३७-०१-७०-०३७९०	दिपेन्दर प्रसाद चौधरी	कन्हे चौधरी	दिपेन्दर प्रसाद चौधरी	रमपूरवा २ नवलपरासी	८९०२०	कन्हे चौधरी
सुर्पाल शाखा										
३०	सिता कुमारी पुन	रुन्टीगढी २ जौलीपोखरी, रोल्पा	जौलीपोखरी २ रोल्पा	५४३०१९/६३८	तीलकराम पुनमगर	मतिराम पुनमगर	तीलकराम पुनमगर	रुन्टीगढी २ जौलिपोखरी, रोल्पा	४१८४५	वुद्धि बोहरा
हिरापुर शाखा										
३१	देब कुमारी थरुनी	तिलोत्तमा १७ जमुहानी	गंगोलिया ५	३७३०१५/३०६	भिम नारायण थारु	नाथु थारु	नमुना थारु	तिलोत्तमा १७ जमुहानी	३७-०१-७७-०३०११	भिम नारायण थारु
३२	हिमा कुवर	शुद्धोधन २ गोपालपुर	ख बनगाइ २ गोपालपुर	३७-०२-७०-०८४०८	योगेन्द्र कुमार कुँवर	वीर बहादुर कुँवर	मनु कुवर	सेनामैना ८ बासगढीं	३७-०२-७८-०९०८२	जित बहादुर कुँवर
३३	नुमकला राना	बुटवल १७ रानीगन्ज	बुटवल ६	३७-०२-७९-०९९८९	सुरेश राना	राजु राना	सुवास राना	बुटवल ६ रानीगन्ज	३७-०२-७९-०९००१	राजु राना
३४	धमेन्द्र कुमारी थारु	तिलोत्तमा १७ जमुहानी	गंगोलिया ५	३७१०४३/२८३७२	राम औतार थारु	पल्टन थारु	तिलरानी थारु	प अमुवा ९	३७-०१-७२-०४२३९	दयाराम थारु
३५	पदमा मगर	बुटवल १९ मनहरापुर	वन्दिपोखरा ३	३९३०३९/५६	इन्द्र बहादुर मगर	मान बहादुर मगर	स्मृति गाहा मगर	तानसेन ११	३९-०१-७४-०३६५६	टोप बहादुर गाहा मगर
३६	आशा थारु	बुटवल १९ मनहरापुर	बुटवल २१	३७-०२-७२-०६६५०	सुनिल थारु	रामेश्वर थारु	बिर बहादुर कुमाल	बुटवल १९ मनहरापुर	३/१/८१८६	दल बहादुर कुमाल
३७	सिता राना	बुटवल १९ मनहरापुर	बुटवल २१ मनहरापुर	१४४२२	बिर बहादुर राना	कुल बहादुर राना	सन्तोष थारु	सैनामैना १	३७-०२-७१-१२०९७	सिताराम थारु
३८	गगां चौधरी	तिलोत्तमा १७ जमुहानी	तिलोत्तमा १७ मणिग्राम	३७-०१-७६-१२०४४	मनोज थारु	भिम नारायण थारु	तिलरानी थारु	प अमुवा ९	३७-०१-७२-०४२३९	दयाराम थारु
३९	तारा देबि खड्का	शुद्धोधन २ हिरापुर	ख बनगाइ २ हिरापुर	३७३०२८/३२४	राजेन्द्र खड्का	टेक बहादुर खड्का क्षेत्री	राजेन्द्र खड्का	ख बनगाइ १	३७२०२८/५२०१३	टेक बहादुर खड्का क्षेत्री
४०	नर्मदा कपाली	बुटवल १७ रानीगन्ज	बुटवल १९	३७-०२-७३-०५९३९	सुनिल प्रसाद कपाली	नक्कल प्रसाद कपाली	बसन्त खड्का	बुटवल ४	३७२०२४/४४६४०	बल बहादुर खड्का
४१	नारायणी सुनार	बुटवल १८ सियारी	बुटवल १८ सियारी	३७-०२-७६-०१९८४	रमेश बि.क.	धन बहादुर बि.क.	रमेश बि.क.	मोतिपुर ८ सियारी	३७३०२६/६९१	धन बहादुर बि.क.
४२	चिन्की देवी थरुनी	तिलोत्तमा १७ जमुहानी	गंगोलिया ५ जमुहानी	८/१/६०५५	हेम प्रसाद थारु	परशु राम थारु	घनश्याम थारु	गंगोलिया ५ जमुहानी	३७-०१-७०-०७४९७	हेम प्रसाद थारु
४३	कल्पना सुनार	बुटवल ११ कालिकानगर	रम्भा ५ पाल्पा	३९१०२६/६०५	असोक सुनार	मन बहादुर सुनार	असोक सुनार	रम्भा ५ पाल्पा	३९-०१-७४-०६६४२	मन बहादुर सुनार
४४	चन्द्रा थारु	ओमसतिया १ खुम्सा	सालझण्डी ५	३७२०३५/६५०६६	प्रेम थारु	तुल्सी प्रसाद थारु	प्रेम थारु	सालझण्डी ५	३७२०३५/७४८०३	तुल्सी प्रसाद थारु
पत्थरकोट										
४५	कमला बि.क.	शितगंगा नगरपालिका ११ ढुङगेसेरा	सिद्धारा ५ अर्घाखाँची	४०-०१-७१-००४३०	बम बहादुर बि.क.	सेस बहादुर कामी	बम बहादुर बि.क.	शितगंगा नगरपालिका ११ ढुङगेसेरा	४०-०१-७१-००४२४	सेस बहादुर कामी
४६	सुनिता बि.क.	शितगंगा नगरपालिका ११ ढुङगेसेरा	शितगंगा ११ अर्घाखाँची	४०-०१-७३-०५६५४	सेर बहादुर कामी	धन बहादुर कामी	सेर बहादुर कामी	शितगंगा नगरपालिका ११ ढुङगेसेरा	८६३६/५७८४	धन बहादुर कामी
४७	लक्ष्मी कशौधन	बुद्धभुमी नगरपालिका १ पत्थरकोट	बुद्धबाटिका नगरपालिका १६ कपिलवस्तु	३८-०१-७२-०४७०२	अनिल कुमार गुप्त	बिनोद कुमार गुप्त	अनिल कुमार गुप्त	बुद्धभुमी नगरपालिका १ पत्थरकोट	३८१०५२/५१	बिनोद कुमार गुप्त
बुद्धनगर										
४८	कल्पना शर्मा	सेनामैना,५, दर्खाशी, रुपन्देही	हरेवा ५ गुल्मी	०४१३०३७/२२९	अनन्त उपाध्याय	गिरी प्रसाद उपाध्याय	अनन्त उपाध्याय	पर्रोहा ४ रुपन्देही	२१५०८	गिरी प्रसाद उपाध्याय
४९	विपना सुनार	बाणगंगा,८, कपिलवस्तु	बाणगंगा १४ कपिलबस्तु	३८-०१-७२-०४७२५	राम बहादुर वि क	कृष्ण बहादुर वि क	राम बहादुर वि क	मोतिपुर ६ कपिलबस्तु	३८३०२०/२८१	कृष्ण बहादुर वि क
५०	लक्ष्मी बुढाथोकी	सैनामैना,४, मुर्गिया, रुपन्देही	जुनियाँ ८ गुल्मी	४१-०१-७०-०२६३८	श्रीप्रसाद बुढाथोकी	गिरी प्रसाद बुढाथोकी	सुमन दगोरिया	पर्रोहा ५ रुपन्देही	३७२०२७/६४३४६	चिनक दगोरिया थारु
५१	अनिता नेपाली	सैनामैना,११, जर्लैया, रुपन्हेदी	सालझण्डी ५ रुपन्देही	३७-०२-७१-१४५१०	श्याम नेपाली	कृष्णे सार्की	कृष्णे सार्की	सैनामैना ११ रुपन्देही	४१७-०४४	चप्पे सार्की
५२	मिठु सार्की	सैनामैना,११, जर्लैया, रुपन्हेदी	सालझण्डी ५ रुपन्देही	३७-०२-७०-०४४३३	कुमार सार्की	कृष्णे सार्की	कुमार सार्की	सैनामैना ११ रुपन्देही	१९९५०	कृष्णे सार्की
५३	समिक्षा वि.क	बुटवल,११, बुद्धनगर, रुपन्देही	स्याड.जा २ गल्याड.	४२-०२-७४-०४५२०	सागर वि.क	टिका बहादुर वि.क	कोपिला कामी	बुटवल ११ बुद्धनगर	४२३०२८/४४४	दण्डपानी सुनार
५४	पुजा कुमाल	कन्चन,१ सुन्दरनगर, रुपन्देही	रुपन्देही १ गजेडी	३७२०३८/७११५८	लक्ष्मण कुमाल	चमे कुमाल	जिवन बहादुर थापा	कच्चन १ सुन्दरनगर	४।१५४९	नर बहादुर थापा

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

नयाँ पत्रिका

बागमतीले गुमायो जय ट्रफीको मौका

चालू प्रधानमन्त्री एकदिवसीय क्रिकेट प्रतियोगितामा बागमती आफ्नो अन्तिम खेलमा लुम्बिनीसँग ३४ रनले पराजित हुँदा शीर्ष ६ स्थानमा रहन असफल, बागमती आठ अंकका साथ आठौँ स्थानमा सीमित



नयाँ पत्रिका

सन्दीप लामिछानेको कप्तानीमा रहेको बागमती प्रदेशले नयाँ सिजनको जय ट्रफी क्रिकेट प्रतियोगितामा स्थान सुरक्षित गर्न सकेन । चालू प्रधानमन्त्री एकदिवसीय क्रिकेट प्रतियोगितामा मंगलबार बागमती आफ्नो अन्तिम खेलमा पराजित हुँदा शीर्ष ६ स्थानमा रहन असफल भएको हो । जनकपुरको मैदानमा लुम्बिनी प्रदेशसँग ३४ रनले बागमती पराजित भयो । प्रधानमन्त्री कपका शीर्ष ६ टोलीबिच मात्र जय ट्रफी हुनेछ ।

क्यानले यसपटक ६ टोलीबिच जय ट्रफी हुने घोषणा गरेको थियो । अघिल्लो संस्करणमा चार टोलीले भाग लिएका थिए । बागमतीले नौ खेलमा चार जित र पाँच हारको सामना गरी आठ अंक जोडेको छ । बागमतीसँगै कर्णाली र कोशीका सम्भावना समाप्त भएका छन् । चालू प्रधानमन्त्री कपमा कोशीले एक खेल पनि जित्न सकेन । कर्णालीले नौ खेलमा एक जित र सात हार नतिजा निकाली तीन अंक बनाउँदा कोशीले एक अंक मात्र जोडेको छ ।

जय ट्रफीका लागि त्रिभुवन आर्मी, सुदूरपश्चिम र नेपाल एपिएफ क्लब छनोट भइसकेका छन् । प्रतियोगितामा एक मात्र अपराजित टोली आर्मी हो । अहिले नेपाल पुलिस, लुम्बिनी र गण्डकीपनि जय ट्रफीका लागि छनोट नजिक छन् । नेपाल पुलिस, लुम्बिनी र गण्डकीले समान नौ अंक बनाएका छन् । गण्डकीले पूरै नौ खेल सकाएको छ । लुम्बनी, मधेश, पुलिस र आर्मीका समान एक खेल बाँकी छन् । बागमतीमाथिको जितले लुम्बिनीले जय ट्रफी खेल्ने सम्भावना जीवितै राखेको हो ।

आर्मी र सुदूरपश्चिमबिच उपाधि भिडन्त

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधिका लागि त्रिभुवन आर्मी क्लब र सुदूरपश्चिम प्रदेशबिच खेल हुनेछ । यी दुई टोलीबिच शुक्रबार फाइनल खेल हुनेछ । आर्मीले सोमबार कोशीलाई हराएर शीर्ष स्थान पक्का गरेको हो । मधेश प्रदेश पराजित भएपछि सुदूरपश्चिम दोस्रो स्थानमा रहने भएको हो । आर्मीले एपिएफसँग समान एक अंक बाँडेको थियो । यो खेल वर्षाका कारण रद्द भयो । उपाधि भिडन्तका प्रतिद्वन्द्वी सुदूरपश्चिमलाई आर्मीले सात विकेटले हराएको थियो । आर्मीले खेल १७८ बलअघि नै जितेको थियो । सुदूरपश्चिमले तेस्रोदेखि छैटौँ खेलसम्म लगातार जित निकाली शीर्ष दुई स्थानको आशा बलियो बनाएको थियो ।

अन्तिम खेलमा सुदूरपश्चिमले पुलिसमाथि ५६ रनको जित निकालेको थियो । यसअघि आर्मी र नेपाल एपिएफसँग पराजित हुँदा सुदूरपश्चिमको शीर्ष दुई स्थान धरमराएको थियो । लिग चरणमा सुदूरपश्चिम अप्रत्याशित रूपमा मधेश प्रदेशसँग पाँच विकेटले पराजित भएको थियो ।

निर्मलको कसिलो बलिङ

जनकपुरको मैदानमा लुम्बिनीले पहिलो ब्याटिङ गऱ्यो । तर, लुम्बिनीको ब्याटिङ राम्रो भएन । विवेक मगर, सन्दीप र रिजन ढकालले कसिलो बलिङ गर्दा लुम्बिनी ४५.२ ओभरमा २३३ रनको मध्य योगफलमा समेटियो । सहज लक्ष्य पछ्याएको बागमती ४४ ओभरमा १९९ रनमा समेटिँदा जय ट्रफी खेल्ने सपना तुहियो । बागमतीलाई धराशायी बनाउने क्रममा लुम्बिनीका फास्ट बलर निर्मल गुरुङले कसिलो बलिङ गरेका थिए । उनले १० ओभरमा चार मेडन राखी २७ रन खर्चेर सर्वाधिक पाँच विकेट लिए । यसैगरी, विप्रासन केसीले आठ ओभरमा दुई मेडन राख्दै १७ रन खर्चँदै दुई विकेट लिए । दिनेश बोहोराले तीन ओभरमा आठ रन दिएर दुई विकेट लिएका थिए । सो इनिङ्समा लुम्बिनीका बलरले समग्रमा आठ मेडन ओभर गरेका थिए ।

चलेन बागमतीको ब्याटिङ

बागमतीले इनिङ्सको कुनै पनि समयमा गतिलो ब्याटिङ प्रदर्शन गर्न सकेन । बागमतीले ११.६ ओभरमा पाँच विकेट गुमाउँदा स्कोर बोर्डमा ६८ रन जोडेको थियो । ओपनर आशुतोष घिरैयाले १७ बलमा १५ रन जोडे । शुभ कंशाकारले १० बलमा १२ रन बनाए । मध्यक्रमका रिन्जिन लामाले २१ बलमा १६ रन, इशान पाण्डेले १२ बलमा १७ रन तथा विवेक मगरले सर्वाधिक ४९ रनको योगदान दिए । उनले चार छक्का र तीन चौका प्रहार गरेका थिए ।

पुछारका उत्तम मगर र कप्तान सन्दीपले जितको आशा दिलाए । तर, अन्य ब्याट्सम्यानले गतिलो साथ दिन नसक्दा बागमती खेल सकिनु २४ बलअघि नै अलआउट भयो । सन्दीपले ३६ बलमा दुई चौका र एक छक्का प्रहार गरी ३२ रन बनाए । उत्तमले ६१ बल खेलेर २३ रन बनाए ।

मध्यक्रमले सम्हालेको लुम्बिनी

लुम्बिनीको सुरुवात गतिलो भएन । तर, उसका मध्यक्रमका ब्याट्सम्यानले गतिलो साझेदारी गर्दै लुम्बिनीलाई मध्यम योगफलसम्म पुऱ्याए । प्रज्वल थापा र कप्तान देव खनालले दोस्रो विकेटका लागि ६५ रनको साझेदारी गरे । देवले ५६ बलमा पाँच चौकाको सहयोगमा ३७ रन बनाए । आकाश त्रिपाठी र प्रज्वलबिच तेस्रो विकेटका लागि ५४ रनको साझेदारी भएको थियो । दुवैले टोलीलाई २५.५ ओभरमा १२३-३ को स्थितिमा राखे । प्रज्वलले ६२ बलमा सात चौकाको सहयोगमा ४६ रन जोडे । सो इनिङ्समा आकाशले ७२ बलमा नौ चौका र एक छक्का प्रहार गरी सर्वाधिक ७२ रन जोडे । त्यसपछि सन्तोष यादवले २७ बलमा २५ रन बटुले ।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
आर्मी	८	७	०	१५	२.३८
सुदूरपश्चिम	९	६	३	१२	०.६२
एपिएफ	९	५	३	११	०.४२
पुलिस	८	४	३	९	०.६४
लुम्बिनी	८	४	३	९	०.४९
मधेश	८	४	३	९	०.०९
गण्डकी	९	४	४	९	-०.१
बागमती	९	४	५	८	०.३३
कर्णाली	९	१	७	३	-१.९
कोशी	९	०	८	१	-२.१



कर्णालीबाट नखेल्ने बलर अनुजको घोषणा

अनुज चनारालेे अवसर नदिएको भन्दै कर्णाली प्रदेशबाट नखेल्ने घोषणा गरेका छन् । चालू प्रधानमन्त्री कपअन्तर्गत अन्तिम खेलमा गण्डकीसँगको खेलमा पनि अवसर नपाएपछि अनुजले आगामी दिनमा कर्णालीबाट नखेल्ने सामाजिक सञ्जालबाटै घोषणा गरेका हुन् । प्रतिस्पर्धामा गण्डकीले कर्णालीमाथि नौ विकेटको जित निकालेको थियो । 'मैले लगातार दुई खेलमा २-३ ओभर मात्र अवसर पाएँ । यद्यपि, ती खेलमा विकेट लिन सकिनँ । त्यसपछि लगातार तीन खेलमा टोली बाहिर बसे,' उनले लेखेका छन्, 'पुलिस क्लबविरुद्ध फेरि मौका पाउँदा ६ ओभरमा ३५ रन दिएर दुई विकेट लिएको थिएँ, तर त्यसपछि फेरि गण्डकीसँग को खेलमा बाहिर राखियो ।' गण्डकीविरुद्धको प्रतिस्पर्धामा आफूलाई अवसर दिन आग्रह गरेको उनले बताए । 'मैले कप्तानसँग सोध्दा माथिबाट जे आदेश आउँछ, त्यहीँ गर्छु भन्ने जवाफ पाएँ । सबै परिस्थितिलाई मध्यनजर गर्दै, म आजदेखि कर्णाली प्रदेशबाट नखेल्ने निर्णयमा पुगेको छु,' उनले भने ।

■ विराट गोल्डकप

बिर्सामुन्डालाई पन्छाउँदै सम्राट सेमिफाइनलमा



विराटनगरमा गणेश लम्साल

घरेलु टोली सम्राट स्पोर्टिङ क्लब ३८औँ संस्करणको विराट गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । सहिद मैदानमा मंगलबार भएको अन्तिम क्वार्टरफाइनलमा भारतको झारखन्डस्थित बिर्सामुन्डा स्पोर्टस् एकेडेमीलाई ३-१ गोल अन्तरले पराजित गर्दै सम्राटले अन्तिम चारको यात्रा तय गरेको हो । एक गोलले पछि परेको स्थिति उल्ट्याउँदै सम्राटले बाजी मारेको हो । अब फाइनल प्रवेशका लागि ३ वैशाखमा सम्राटले चर्च ब्वाइज युनाइटेडसँग प्रतिस्पर्धा गर्नेछ ।

खेलको सुरुदेखि आक्रामक रणनीति अपनाएको बिर्सामुन्डाले पहिलो हाफको अन्त्यतिर अग्रता लिएको थियो । खेलको ४४औँ मिनेटमा शंकर किस्कुले बिर्सामुन्डालाई १-० को अग्रता दिलाए । पहिलो हाफमा पछि परेको घरेलु टोली दोस्रो हाफमा थप आक्रामक रूपमा मैदान उत्रियो । खेलको ५०औँ मिनेटमा सम्राटले बराबरी गोल फर्कायो । मौसम लिम्बूले डिबक्सभित्रबाट सटिक गोल गर्दा सम्राट १-१ को बराबरीमा आएको हो । मौसमले सौरभ तामाङको उत्कृष्ट क्रसपासमा गोल गरेका हुन् । खेलको ८६औँ मिनेटमा प्रताप तामाङले सम्राटलाई २-१ को अग्रता दिलाए । त्यसपछि थप गरिएको इन्जुरी समयमा प्रतापले नै व्यक्तिगत दोस्रो गोल गर्दै घरेलु टोली ३-१ ले विजयी भयो ।

पाहुना टोलीमाथि सम्राटको दबाब

तुलनात्मक रूपमा घरेलु टोली सम्राटले पाहुना टोली बिर्सामुन्डाविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गरेको थियो । पहिलो हाफमा सानो गल्तीका कारण सम्राट गोलले पछाडि परेको थियो । योबाहेक अन्य समयमा सम्राटले विपक्षीमाथि दबाब राखेको थियो । सम्राटले करिब आधा दर्जनभन्दा बढी सुन्दर अवसर चुकाएको थियो । खेलको ५०औँ मिनेटमा सौरभको कडा प्रहार क्रसबारमाथि गएको थियो । खेलको ६७औँ मिनेटमा कप्तान अशोक खवासले डिबक्सभित्रबाट गरेको कडा प्रहारले सही दिशा लिन सकेन । खेलको ७० औँ मिनेटमा कोमल खवासको प्रहारलाई भारतीय गोलरक्षक मनोज मन्डाईले उत्कृष्ट बचाउ गरेका थिए । प्रतियोगिता अन्तर्गत बुधबार पहिलो सेमिफाइनल खेल हुनेछ । दुईपटकका विजेता नेपाल पुलिस क्लबले झापा ११ को सामना गर्ने आयोजक जनाएको छ ।

क्वार्टरफाइनलमै सीमित मच्छिन्द्र

उपाधि दाबेदार मच्छिन्द्र फुटबल क्लब क्वार्टरफाइनलमै सीमित भएको छ । नेपाल पुलिसले मच्छिन्द्रलाई तेस्रो क्वार्टरफाइनलमा सडन डेथमा हरायो । जितसँगै पुलिसले अन्तिम चारको स्थान पक्का गरेको हो । निर्धारित ९० मिनेट र थप गरिएको ३० मिनेटको अतिरिक्त समयमा दुवै टोलीले १-१ गोल गरेका थिए । त्यसपछि खेलको छिनोफानो सडनडेथबाट भयो । टाइब्रेकरमा दुवै टोलीबाट ५-५ गोलको बराबरी भएपछि खेल सडनडेथमा धकेलिएको हो ।

खेल संक्षेप

भारत, पाकिस्तान र श्रीलंका विजयी

काठमाडौं/ भारत, पाकिस्तान र श्रीलंकाले आइटिएफ एसिया-१२ दक्षिण एसियाली क्षेत्रीय छनोटमा मंगलबार जितहात पारेका छन् । भारतको पुरुष र महिला टोलीले जित निकाले । भारतको यो पहिलो खेल हो । सातदोबाटोस्थित टेनिस कोर्टमा भएको पुरुषतर्फ समूह 'ए' को खेलमा भारतले भुटानलाई ३-० ले पराजित गऱ्यो । समूह 'ए' कै महिलाको प्रतिस्पर्धामा भारतले माल्दिभ्सलाई ३-० ले हरायो । भुटान र माल्दिभ्सको लगातार दोस्रो हारको सामना गरेका छन् । प्रतियोगिताको पहिलो दिन सोमबार श्रीलंकाको पुरुष र महिला टोलीले भुटान र माल्दिभ्सलाई हराएको थियो । नेपाल टेनिस संघको आयोजनामा भइरहेको प्रतियोगिताअन्तर्गत पुरुषको समूह 'बी'को लिग खेलमा पाकिस्तानले माल्दिभ्सलाई ३-० ले पाखा लगायो । पहिलो दिन नेपाललले माल्दिभ्सलाई पराजित गरेको थियो । महिलाको समूह 'ए'को खेलमा श्रीलंकाले पाकिस्तानलाई ३-० ले पन्छायो । दुई खेलमा श्रीलंकाको लगातार जित हो । पाकिस्तानले लगातार हारको सामना गरेको छ । पहिलो दिन पाकिस्तानमाथि नेपाललले जित रचेको थियो ।



टी-२० को उपाधि विराटनगरलाई

विराटनगर/ पाँचौँ इक्युवालिटी टी-२० क्रिकेट प्रतियोगिताको उपाधि विराटनगर हबले जितेको छ । प्रतियोगिताको फाइनलमा राजविराज हबलाई ११ रनले पराजित गर्दै विराटनगरले उपाधि हात पारेको हो । पहिलो ब्याटिङ गरेको विराटनगर १८.५ ओभरमा ९७ रनमा समेटियो । विराटनगरकी टीका साहले ३० रन बनाइन् । शुभेक्षा लिम्बूले १७ रन जोडिन् । राजविराजकी दीपा राम र बन्धना रजकले समान दुई विकेट लिए । सहज लक्ष्य पछ्याएको राजविराजले २० ओभरमा ६ विकेट गुमाउँदै ८६ रन बनायो । राजविराजकी कप्तान साक्षी यादवले अविजित ४८ रन बनाउँदा साक्षी देवले १३ रनको योगदान गरिन् । विराटनगरकी प्लेयर अफ फाइनल समीक्षा राईले तीन विकेट लिइन् । प्रतियोगिताको प्लेयर अफ दी सिरिज र उत्कृष्ट ब्याट्सम्यान राजविराजकी साक्षी यादव घोषित भइन् । उत्कृष्ट बलर विराटनगरकी शुभेक्षा लिम्बू घोषित भइन् ।

रोल्पामा खुला भलिबल हुने

रोल्पा/ पश्चिम-उत्तर रोल्पाको परिवर्तन गाउँपालिकामा सर्वाधिक धनराशिको खुला पुरुष भलिबल प्रतियोगिता हुने भएको छ । प्रतियोगिताको विजेताले एक लाख एक हजार रुपैयाँ प्राप्त गर्नेछन् । लालीगुराँस युवा क्लबको २८औँ वार्षिक उत्सवको ५ देखि १२ वैशाखसम्म खुला भलिबल प्रतियोगिता आयोजना हुन लागेको हो । क्लबका अध्यक्ष हिरालाल खड्काका अनुसार उपविजेताले ५१ हजार १ सय रुपैयाँ पाउनेछ । सेमिफाइनलिस्टले २५ हजार एक सय रुपैयाँ हात पार्नेछन् । यसैगरी, महिलातर्फको विजेताले ३५ हजार पाँच सय र उपविजेताले २० हजार पाँच सय रुपैयाँ जित्नेछन् । ५५ रुपियाँसहितको मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सेमिफाइनलिस्ट दुई टिमले १० हजार पाँच सय ५५ रुपैयाँ प्राप्त गर्नेछन् आयोजकले जानकारी गराएको छ । पश्चिम रोल्पामा ठुलो धनराशिको प्रतियोगिता हुनलागेको यो पहिलोपटक हो ।

सूर्य नेपाल एनपिजिए आजदेखि

काठमाडौं/ सूर्य नेपाल गल्फ टुरअन्तर्गतको छैटौँ प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्ले बुधबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरु हुँदै छ । तीन दिनसम्म चल्ने यस प्रतियोगिता १५ देखि १७ अप्रिलसम्म हुनेछ । सिजन २०२४-२५ को अर्डर अफ मेरिटका शीर्ष १६ खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन् । पहिलो चरणमा शीर्ष वरीयताका नीरज तामाङले सूर्यप्रसाद शर्मासँग प्रतिस्पर्धा गर्नेछन् । दोस्रो वरीयताका भुवन नगरकोटीले कृष्णमान राजबहाकसँग खेल्नेछन् । तेस्रो वरीयताका दिनेश प्रजापतिले बलभद्र राईसँग प्रतिस्पर्धा गर्नेछन् । चौथो वरीयताका सञ्जय लामाले रमेश अधिकारीसँग खेल्नेछन् । पाँचौँ वरीयताका जयराम श्रेष्ठले प्रदीपकुमार लामाको सामना गर्नेछन् ।

सिलिचोङ ट्रेल रेसको उपाधि राईलाई

संखुवासभामा नवीन गुरुङ

चिचिलाका नारद राईले सिलिचोङ गाउँपालिकाले आयोजना गरेको सिलिचोङ ट्रेल रेसको उपाधि जितेका छन् । संखुवासभाको सदरमुकाम खाँदबारीस्थित टुँडिखेलदेखि सिलिचोङ गाउँपालिकाको केन्द्र ताम्कुसम्म ४२.२ किमि दूरीको सिलिचोङ ट्रेल रेसको उपाधि राईले हात पार्ने क्रममा ६ घण्टा २६ मिनेट समय लगाएका थिए । सिलिचोङ गाउँपालिका प्रसान राई ६ घण्टा २७ मिनेटका साथ दोस्रो भएका छन् । रेसमा सहभागीहरू खाँदबारीदेखि बुधबारे ताम्कुसम्म दौडिएका थिए । सो ट्रेल रेसमा सिन्धुली, खोटाङ, उदयपुर, भोजपुर र संखुवासभाबाट ४७ जना धावकले भाग लिएको आयोजकले जनाएको छ ।

विजेता राईले २५ हजार रुपैयाँ पाए । जिसस प्रमुख सुमन शाक्यले ट्रेल रेस प्रतियोगिताले स्थानीय युवामा खेलकुदप्रति आकर्षण बढाउने बताए । उनले प्राकृतिक सौन्दर्यले भरिपूर्ण सिलिचोङ क्षेत्रलाई खेलकुदमार्फत चिनाउन सकिने बताए ।



सुमित्रा र पहल वर्षका उत्कृष्ट खेलाडी

काठमाडौं/ न्यु डायमन्ड स्पोर्टस् युथ क्लबकी सुमित्रा रेग्मी र नेपाल पुलिस क्लबका पहल गहतराज र छैटौँ एनभिए अवार्ड २०८२ को उत्कृष्ट खेलाडी बनेका छन् । नेपाल भलिबल संघद्वारा आयोजित अवार्डमा पुरुषतर्फ पहल र महिलामा सुमित्रा उत्कृष्ट भलिबल खेलाडी बन्दै ५० हजार रुपैयाँ प्राप्त गरेका छन् । यसैगरी, पुलिसको पुरुष टोली र महिलातर्फ न्यु डायमन्ड महिला वर्ष २०८२ को वर्षको उत्कृष्ट टिम बनेका छन् । पुलिस र न्यु डायमन्डले समान दुई लाख रुपैयाँ जितेका छन् । न्यु डायमन्डका कुमार राईले वर्षको उत्कृष्ट महिला प्रशिक्षकको अवार्ड जितेका छन् । राईको नेतृत्वमा नेपालले यू-१९ महिला काभा च्याम्पियनसिपमा रजत हात पारेको थियो । यसैगरी, राष्ट्रिय युवा टोलीलाई पनि सम्मान गरियो ।

नेपाल भलिबल संघले उदीयमान पुरुष खेलाडीका रूपमा त्रिभुवन आर्मी क्लबका विवश थापा र महिलातर्फ एभरेस्ट भलिबल क्लबकी मीना सुनारले छनोट गरेको छ । दुवैले ५० हजार रुपैयाँ पाएका छन् । अवार्डमा मधेश प्रदेश खेलकुद परिषद्का निर्देशक भरत यादव, खेल पत्रकार श्री विक्रम भण्डारी, मुख्य भलिबल प्रशिक्षक तथा राखेपका तालिम तथा प्रशिक्षण विभागका उपप्रमुख जगदीशप्रसाद भट्ट सम्मानित भए ।

पिएसएल छाडेर आइपिएल खेलेका ब्लेसिङलाई दुई वर्षको प्रतिबन्ध



नयाँ पत्रिका

पाकिस्तानी सुपर लिग (पिएसएल) छाडेर १९औँ इन्डियन प्रिमियर लिग (आइपिएल) खेल्न पुगेका जिम्बाबेली फास्ट बलर ब्लेसिङ मुजराबानी दुई वर्ष प्रतिबन्धमा परेका छन् । पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले ब्लेसिङलाई दुई वर्षसम्म पिएसएल लिग खेल्न नपाउने गरी प्रतिबन्ध लगाएको अन्तर्राष्ट्रिय मिडियाले जनाएको छ । उनले आइपिएल खेल्नकै लागि पिएसएलसँगको सम्झौता तोडेको पिसिबीको दाबी छ ।

पिसिबीले ब्लेसिङलाई अनुशासनहीन कार्यका रूपमा कारबाही गरिएको जनाएको छ । 'आइपिएल खेल्नकै लागि हामीसँगको सम्झौता तोड्नु गैरजिम्मेवारी कार्य हो,' पिसिबीले भनेको छ, 'विदेशी खेलाडी पनि अनुशासनको पाठ सिकाउन पनि यस्तो कारबाही गरिएको हो । यो घटनामा अन्य खेलाडीमाथि पनि कारबाही हुन सक्छ ।'

ब्लेसिङ अहिले कोलकाता नाइट राइडर्सबाट प्रतिस्पर्धा गरिरहेका छन् । उनले सनराइजर्स हैदराबादविरुद्ध चार विकेट लिएका थिए । रमाइलो पक्ष के थियो भने पिएसएल र आइपिएलको अक्सनमा ब्लेसिङ अनसोल्ड खेलाडीका रूपमा थिए । इस्लामाबाद युनाइटेडले फास्ट बलरका रूपमा अनसोल्ड खेलाडी ब्लेसिङलाई भित्र्याएको थियो । यसैबिच, कोलकाताले पनि बंगलादेश खेलाडी बाहिरिएपछि ब्लेसिङलाई खेल्न प्रस्ताव पठायो ।

ब्लेसिङले कोलकाताबाट खेल्ने अवसर पाउँदा तत्कालै आइपिएलमा सम्झौता गर्न जारी भए । 'पहिले गरिएको सम्झौता हुँदाहुँदै अर्को लिगमा जानु पेसागत नियमको उल्लंघन हो,' पिसिबीले भनेको छ, 'राम्रो प्रस्ताव आउँदा अन्य खेलाडी पनि जान सक्छन् । यस्तो अवस्था आउँदा दिनमा आउन नदिन हामीले ब्लेसिङमाथि कडाइपूर्वक कारबाही गरिएको हो ।' इस्लामाबादले पनि स्वदेशी तथा अन्तर्राष्ट्रिय खेलाडीहरूले व्यावसायिकता धर्म निर्वाह गर्नुपर्ने जनाएको छ । 'खेलाडीहरूले करिअरमा पारदर्शिता तथा प्रोफेसनलिजम अपनाउनुपर्छ,' इस्लामाबादले भनेको छ, 'यो कदम चाल्न नसक्नेहरूलाई कारबाही गरिनुपर्छ ।'

बंगलादेशी बलरको स्थानमा ब्लेसिङ

गत महिना भारत र श्रीलंकाले संयुक्त रूपमा आइसिसी टी-२० विश्वकप आयोजना गरेका थिए । विश्वकप सुरु हुनुअघि नै बंगलादेश र विश्वकपका आयोजक भारतसँग विवाद उत्पन्न भयो । आइपिएलको फ्रेन्चाइज टोली कोलकाताले बंगलादेशका बलर रहमानलाई रिलिज गरेको थियो । कोलकाताले रहमानलाई अक्सनमा नौ करोड रुपैयाँमाथि बोली लगाएर भित्र्याएको थियो । तर, भारतीय क्रिकेट बोर्डको दबाबमा कोलकाताले रहमानलाई रिलिज गर्दा बंगलादेश क्रिकेट बोर्डले निर्णय फिर्ता लिनुपर्ने चेतावनी दिएको थियो ।

रहमानलाई आइपिएलमा समावेश नगर्दा आफूहरूले भारतमा आएर विश्वकपमा नखेल्ने बंगलादेशले धम्की दियो । आइसिसीले बंगलादेशको प्रस्ताव स्वीकार्य नभएको जनाउँदा उल्टै निर्णय फिर्ता लिन आग्रह गरेको थियो । बंगलादेश आफ्नो अडानमा यथावत् रह्यो ।

आइसिसीले बंगलादेशको स्थाननमा स्कटल्यान्डलाई विश्वकप खेल्न अवसर दियो । यस घटनापछि कोलकाताले फास्ट बलरका रूपमा ब्लेसिङलाई प्रस्ताव गरेको थियो । उनले पनि कोलकाताको आकर्षक प्रस्ताव सहजै स्वीकार गरे । यसअघि ब्लेसिङले विश्वकपमा जिम्बावेका लागि उत्कृष्ट बलिङ गरिएको थियो ।

आइपिएलमा कोलकाताबाट दुई खेलमा चार विकेट लिएका जिम्बावेका फास्ट बलर ब्लेसिङ अनुभवी अन्तर्राष्ट्रिय खेलाडी हुन् । उनले जिम्बावेबाट अहिलेसम्म ८९ टी-२० आईमा १०६ विकेट लिएका छन् । उनले टी-२० आईमा ७.२४ को इकोनोमीमा बलिङ गरेका छन् । यस फर्म्याटमा ब्लेसिङको १७ रन दिएर चार विकेट लिएका थिए ।

पिएसएल नखेलेका मेन्डिस र ओवेन

जिम्बावेका बलर ब्लेसिङले मात्र सम्झौता तोड्ने खेलाडी होइनन् । पाकिस्तानी सुपरलिगमा अन्य दुई खेलाडीले पनि बिचमै सम्झौता तोडेका थिए । श्रीलंकाका कुशल मेन्डिस र अस्ट्रेलियाका मिचेल ओवेनले लिगबाट बाहिरिएका थिए । यी दुवै खेलाडी पेसाबरमा आबद्ध थिए । उनीहरूले पनि आइपिएलमा आबद्ध हुनकै लागि पिएसएल छाडेका थिए । ब्लेसिङले भने टी-२० विश्वकपमा १३ विकेट लिएका थिए । उनकै उत्कृष्ट बलिङ प्रदर्शनमा जिम्बावेले सुपर आठको स्थान पक्का गरेको थियो ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com